सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




● वर्ष १६ ● अंक १४ ● काठमाडौं, शुक्रबार, भदौ ४, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Aug 20, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-



# भयो रमितै रमिता

● **सुब्रत आचार्य**

काठमाडौं– साउन ३० गते, आइतबार बिहानका अखबारहरूमा प्रकाशित एउटा खबरले नेपालको मोडलिङ क्षेत्रमा सनसनी मच्चायो । यसैपनि बेइज्जतिको भुमरीमा घुमिरहेको मोडलिङ क्षेत्रलाई त्यो खबरले बदनामीकै खाडलमा जाक्न खोजेको पाइयो । खबर पढेर मोडलिङसँग आबद्ध कतिपयलाई चिनेजानेकाहरूले लोप्पा ख्वाउन मात्र बाँकी राखे । वास्तवमै त्यो खबर मोडलिङ पेसामा आबद्ध सम्पूर्ण संघ, संस्था तथा व्यक्तिहरूलाई झकझकाउने किसिमकै थियो । मोडल रूपमा केही चर्चा बटुलेकी रमिता भण्डारी तथा उनकी साथी मोडललाई विदेशमा केटी बेचेको आरोपमा प्रहरीले पक्राउ गरेको समाचारले मोडलिङ पेशामा आबद्ध एजेन्सी तथा व्यक्तिहरू चकित भए ।

शनिबार ललितपुरको इमाडोलबाट ती दुई युवतीलाई प्रहरीले पक्राउ गरेको थियो । उनीहरूमाथि एउटी अर्की महिलाले झुक्याएर विदेशमा लगेर नांगो नाच नचाइने रेस्टुराँमा पुर्‍याइएको आरोप लगाएकी छिन् । ती महिला हुन्, काठमाडौंकी अनिता नकर्मी । जनसेवा प्रहरीका प्रहरी निरिक्षक अवदेश विष्टका अनुसार कुटपिट र असुलीको आरोपमा अनिताले प्रहरीमा लिखित जाहेरी दिएपछि रमिता तथा अर्की मोडललाई सोधपुछका लागि बोलाइएपछि उनीहरूको बयान तथा अनिता र रमिताबीचको विवादले मुद्दाको स्वरूप फेरियो । त्यसपछि अनुसन्धानका लागि अवदेशले उक्त मुद्दालाई जिल्ला प्रहरी कार्यालय, हनुमानढोका पठाइदिएको बताए । रमिताकी साथी तथा अर्की मोडल भने उक्त घटनामा निर्दोष देखिएकीले उनलाई छाडिएको छ भने सिंगापुर बस्दै आएका रमिताको साथी रबल श्रेष्ठलाई भने अनुसन्धानकै लागि प्रहरी नियन्त्रणमा राखिएको छ ।

### घटनाक्रम

रमिताका दाई रमेशमणी भण्डारी निकै वर्षदेखि सिंगापुर बस्दै आएका छन् । पारिवारिक सूत्रका अनुसार उनी सिंगापुरका बिजनेस कार्डवाहक हुन् । रमिताका प्रेमी रबल श्रेष्ठ (प्रहरी बयानमा जसलाई उनले आफ्नो श्रीमान् बताएकी छिन्) पनि सिंगापुरमै बस्छन् । त्यसैले पनि रमिता २००६ देखि सिंगापुर आउने-जाने भैरहेकै थियो । गत फेब्रुअरीमा रमितासंग अनिता रमिताकी मोडल साथी तथा अर्की एक डान्सर युवतीसँगै सिंगापुर उडेका थिए । रमिताका अनुसार उनीहरू २३ दिन सँगै बसेर रमाइलो गरे । यताबाट उड्ने अघिल्लो दिन रमिता अनिताकै घरमा बसेकी थिइन् र उनीहरू अनिताकै घरबाट साइतको टीका लगाएर बिदा भएको उनको भनाइ छ । उनको भनाइ स्वीकार गर्ने हो भने रमिता र अनिताबीच

**पृष्ठ २२ मा जारी**

# गाईजात्रे कार्यक्रमको रमझम



गाईजात्रामा निकालिएका क्यासेटहरूको जानकारीसहित हास्यकलाकारहरू मनोज गजुरेल, सीताराम-केदार, नारद खतिवडा, कमल गाउँले आदिको विशेष व्यंग्य समावेश छ।

साप्ताहिकको यो अंकमा राजधानीमा आयोजित हुने गाईजात्रे कार्यक्रमहरूको विस्तृत विवरण,

**हरिवंश आचार्यको विशेष अन्तर्वार्ता**

पृष्ठ ५ मा




मध्यपृष्ठमा

## झरना बज्राचार्य

## क्यासेट

### मेरो आइडल




गायक धर्वेन्द्र सेवानका एकल गीतहरूको संग्रह 'मेरो आइडल' बजारमा आएको छ। रियाज म्युजिकको यो संग्रहमा आधुनिक तथा पपशैलीका गीत सुन्न सकिन्छ। संग्रहका सबै गीतमा गायक सेवानकै शब्द तथा संगीत छ।

### श्रोता




गायक दीपक लिम्बुको एकल गीतिसंग्रह 'श्रोता' बजारमा आएको छ। म्युजिक डटकमको यो संग्रहमा आधुनिक शैलीका दसवटा गीत समावेश छन्। संग्रहका सबै गीतलाई महेश खड्काले संगीतबद्ध गरेका छन् भने शब्द रचना गजेन्द्र लिम्बूको छ।

### स्पन्दन




गीतकार शिव प्रकाशका आधुनिक गीतहरुको संग्रह स्पन्दन बजारमा आएको छ। संग्रहमा रामकृष्ण ढकाल, अन्जु पन्त, स्वरूपराज आचार्य, शिशिर योगी, अन्जना गुरुङ, रामभक्त जोजिजु, डिजराज पौड्याल तथा नेपाली मूलकी भारतीय गायिका चन्दादेवीको स्वर सुन्न सकिन्छ। बी. बी. अनुरागीद्वारा संगीतबद्ध यो संग्रहलाई म्युजिक डटकमले बजारमा ल्याएको हो।

## रंगमञ्च

### कृष्णका नाटक



बुधबार ललितपुरको लिटिल एञ्जल्स स्कुलको थियटरमा सरुभक्तको 'मलामी', गनुसिंह गुरुङको 'मसिनेको शंका', गोपी सापकोटाको 'लाश घर' तथा किशन थापा अधिरको 'संवेदनाहिन पीडा' मञ्चन भयो। एलए थिएटर क्लबको आयोजनामा कृष्ण शाह यात्रीले ती नाटकको निर्देशन गरेका थिए। नाटक उत्सवका रूपमा साउन ३१ गते पनि चारवटा नाटक मञ्चन गरिएको थियो। बालबालिकामा नाटकप्रति रुचि जगाउन नाटक उत्सव गरिएको निर्देशक यात्रीले बताएका छन्।

## ग्यालरी

### रागिनीको गाईजात्रा



महिला कलाकार समूह, नेपालकी अध्यक्ष तथा चर्चित कलाकार रागिनी उपाध्याय ग्रेलाको एकल प्रदर्शनी भोलि शनिबारबाट काठमाडौंको बबरमहल रिभिजिटेड परिसरस्थित सिद्धार्थ आर्ट ग्यालरीमा आरम्भ हुँदैछ। भोलि साँझ साढे पाँच बजे हास्यकलाकार जोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले उद्घाटन गरेपछि प्रारम्भ हुने उक्त चित्रकला प्रदर्शनीको शीर्षक 'गाईजात्रा' राखिएको छ। काठमाडौं उपत्यकाका नेवार समुदायले मनाउने पर्व गाईजात्राको पूर्वसन्ध्यामा रागिनीले यो पर्वको सांस्कृतिक महत्त्वलाई क्यानभासमा उतारेकी छिन्। प्रदर्शनी असोज ४ गतेसम्म चल्नेछ।

### ३६ कलाकारको योगदान

गत शुक्रबार ३५ जना चित्रकार एकै स्थानमा जम्मा भै चित्र तथा मूर्तिको सिर्जना गरे। काठमाडौंको ठमेलस्थित सगरमाथा बजारको मण्डला स्ट्रिटमा सम्पन्न एकदिने चित्र तथा मूर्तिकला कार्यशालापछि भोलिपल्ट शनिबार ती चित्रको प्रदर्शनी काठमाडौंको फ्युजन स्टुडियोमा सुरु भयो। प्रदर्शनी एक सातासम्म चलेको थियो। 'योगदान' शीर्षकको उक्त कार्यशाला तथा प्रदर्शनीमा ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति किरण मानन्धर तथा अग्रज कलाकार शशी विक्रम शाहका साथ विभा श्रेष्ठ, विधाता केसी, कपिलमणि दीक्षित, सुदर्शन राणा, पृथ्वी श्रेष्ठ, समुन्द्रमान श्रेष्ठ, प्रमिला बज्राचार्य, गजेन्द्रमान श्रेष्ठ, म्याक्स खत्री, सुनिता राणा एवं अमेरिका, स्विजरल्यान्ड र फ्रान्सका चित्रकारहरूसहित ३६ जना कलाकारले आ-आफ्ना सिर्जना प्रदर्शन गरेका थिए। सभासद् सपना मल्ल प्रधान तथा तबलाबादक सरीता डंगोल पनि कलाकारकै रूपमा कार्यशालामा सहभागी थिए। प्रदर्शनीबाट उठेको रकम जेलमा रहेका बालबालिकाको सहयोगार्थ प्रदान गरिनेछ।

### रुट पेरिस्कोप

कुपण्डोल स्थितको सत्तभ आर्ट ग्यालरीमा 'रुट पेरिस्कोप' शीर्षकमा सामूहिक चित्रकला प्रदर्शनी भैरहेको छ। आगामी भदौं ८ गतेसम्म चल्ने प्रदर्शनीमा अर्जुन खालिङ, जस्मिन राजभण्डारी, जुपिटर प्रधान, सरोज बज्राचार्य, सौरंग दर्शनधारी आदि कलाकारका चित्र प्रदर्शन गरिएका छन्।

### रुचिकाको म्यान इन गोल्ड

कलाकार रुचिका केसी अहमदको एकल चित्रकला प्रदर्शनी आरम्भ हुँदैछ। आज शुक्रबार आरम्भ हुने प्रदर्शनी एक सातासम्म चल्नेछ। 'म्यान इन गोल्ड' शीर्षकको उक्त प्रदर्शनी ललितपुरको झम्सीखेलस्थित काठमाडौं कन्टेम्परोरी आर्ट सेन्टरमा सञ्चालन हुनेछ।

## लाइभ

### नर्वे र जर्मनीमा नेपाली कन्सर्ट

सांगीतिक समूह अशेष एन्ड नेख्भमले नर्वेमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने भएको छ। यो समूहले नर्वेका विभिन्न तीन सहरमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्न लागेको हो। आज शुक्रबारदेखि पर्सि आइतबारसम्म नर्वेस्थित हेल्गेल्यान्डमा यो समूहले 'ब्लुज एन्ड ब्यालेन्स' शीर्षकको सांगीतिक कार्यक्रम प्रस्तुत गर्दैछ भने भदौ ११ गतेदेखि १४ गतेसम्म नर्वेकै सान्डेफ्जोर्डमा आयोजना हुने 'हिमालय फर लाइफ कल्चरल फेस्टिबल' मा गीत संगीत प्रस्तुत गर्नेछ। भदौ १८ गतेदेखि २० गतेसम्म हेम्सेडलमा आयोजना हुने फुस्को फोक फेस्टिबलमा पनि यो समूहले गीत-संगीत प्रस्तुत गर्दैछ।

### भोलि सानो परी-बाबु

भोलि शनिबार पोखरामा स-साना बालबालिकाहरूको सौन्दर्य तथा प्रतिभा प्रदर्शन गरिने प्रतियोगिता सानो बाबु सानी परी पोखरा-२०१० आयोजना गरिदैछ। पोखरास्थित पोखरा सभागृहमा आयोजना हुने यो प्रतियोगितामा ३४ बालिका तथा १० बालकले प्रतिस्पर्धा गर्दैछन्। रेखा पुरी, कमला पुन तथा सुशील दाहालले संयुक्त रूपमा कोरियोग्राफी गरिरहेको यो प्रतियोगिताको आयोजना जित हाम्रो प्रालिले गरेको हो।

### ईपीएसमा खेलकुद

मिस्टर एन्ड मिस काठमाडौं-२०१० का प्रतिस्पर्धी युवा-युवतीहरू आज शुक्रबार मीनभवनस्थित ईपीएस स्कुलको प्रांगणमा आयोजना हुने खेलकुद प्रतिस्पर्धामा सहभागी हुँदैछन्। ३ दर्जन प्रतिस्पर्धीबीचको खेलकुद प्रतिस्पर्धाबाट मिस्टर एन्ड मिस स्पोर्ट्सको छनौट गरिने आयोजक एक्सपोज नेपालले जनाएको छ।

### स्प्लास ग्राइन्ड

आगामी भदौ ८ गते मंगलबार सातदोबाटोस्थित ईन्टरनेशनल स्विमिङ कम्प्लेक्समा स्प्लास ग्राइन्ड आयोजना हुँदैछ। दिउँसो २ बजेदेखि प्रारम्भ हुने डान्स पार्टिमा डिजे शक्स, डिजे डिभिन्स, डिजे विनोद तथा डिजे वाले गीत-संगीत बजाउनेछन्। ग्राइन्डमा महिलाहरूका लागि निःशुल्क प्रवेशको व्यवस्था छ।

## पुस्तक

### युरोप भ्रमणको डायरी


श्रीमती नर्वदा शर्माद्वारा प्रकाशित युरोप भ्रमणको डायरी यात्रावृत्तान्तको सँगालो हो। लेखक पुष्पनाथ शर्माले युरोप यात्राका क्रममा देखे-भोगेका सन्दर्भ र प्रसंगहरूलाई सरल भाषामा प्रस्तुत गरिएको यो पुस्तक यात्रा साहित्यका पारखीहरूका लागि राम्रो खुराक हुनसक्छ। पुस्तकको मूल्य १ सय ७५ रुपैयाँ छ।

### छिनको हाँसो

गजलकार आँचल श्रीका ५१ वटा गजलको संग्रह 'छिनको हाँसो' गजलकार स्वयंले प्रकाशित गरेका छन्। गजल साहित्यमा रुचि राख्नेहरूका लागि यो पुस्तक पठनीय छ। पुस्तकको मूल्य साधारण ५० रुपैयाँ तथा संस्थागत १ सय १ रुपैयाँ छ।

### नेपाली निबन्धको इतिहास

प्रमोद प्रधानद्वारा रचना गरिएको अनुसन्धानमूलक कृति नेपाली निबन्धको इतिहास रत्न पुस्तक भण्डारले प्रकाशित गरेको हो। शीर्षकमा निबन्धको इतिहास भनिए पनि वस्तुतः यो कृति नेपाली गद्यसाहित्यको इतिहास हो। गहिरो अध्ययन र छलफलपछि रचना गरिएकाले यो कृतिमा नेपाली साहित्यको एउटा युग नै अटाएको छ। इ.सं. १४४३ मा रचना गरिएको गगनीराजको यात्रा नामक कृतिलाई नेपाली भाषामा लेखिएको पहिलो कृति मान्दै लेखकले आफ्नो पुस्तकलाई अघि बढाएका छन्। इतिहासमा रुचि राख्ने पाठकहरूका लागिसमेत यो कृति एउटा गतिलो खुराक हुन सक्छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

भदौ ४ गते : एकादशी, ५ गते : शनिप्रदोष व्रत, ७ गते : विश्व दासत्वमोचन दिवस, ८ गते : ऋषितर्पणी, जनैपूर्णिमा, रक्षाबन्धन, गोसाइँकुण्ड मेला, ललितपुर कुम्भेश्वर मेला, ९ गते : गाईजात्रा, १० गते : रोपाइँजात्रा

**मेष**

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। घरेलु समस्यामा सुधार आउनेछ। धेरै मित्रले सहयोग गर्नेछन्। धन आर्जन पनि हुनेछ। अरूलाई विश्वास दिलाउन सकिनेछ। कुरा काट्नेहरू सक्रिय छन्। व्यवसाय एवं वैदेशिक कार्यमा समस्याको सामना गर्नुपर्ला।

**मिथुन**

कुरा काट्नेहरू प्रशंसा गर्ने थाल्नेछन्। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। धन अर्जन गर्ने अवसर जुट्नेछ। भाग्यले पनि साथ दिनेछ। आइतबार र सोमबार स्वास्थ्य गडबड हुनुका साथै काममा अवरोध आउन सक्छ। मनमा चिन्ताले डेरा जमाउनेछ।

**सिंह**

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। धन आर्जन हुनेछ। अध्ययन एवं व्यवसायमा सुधारका लक्षण देखिन्छन्। यात्रा गर्ने अवसर जुट्नेछ। आइतबार र सोमबार स्वास्थ्य गडबड हुनुका साथै काममा अवरोध आउने योग छ। कुरा काट्नेहरू भने सक्रिय हुनेछन्।

**तुला**

खर्च बढ्ने क्रम यथावत् रहे पनि आम्दानीमा सुधार आउनेछ। पराक्रमको गति बढ्नेछ। रोकिएका कामहरू पूरा हुँदै जानेछन्। शत्रु बढ्ने क्रम यथावत् भएकाले विवादबाट टाढै रहनुहोला। अरूको काम धेरै गर्नुपर्नेछ। मित्रहरूको काममा समय बिताउँदा आफ्नो काममा अवरोध आउन सक्छ।

**धनु**

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। तपाईंको लगनशीलता एवं इमान्दारिताको प्रशंसा गर्नेहरू धेरै हुनेछन्। यात्रा रमाइलोहुनेछ। अध्ययनमा सफलता हासिल गर्न सकिनेछ। भाग्यले पनि साथ दिनेछ। धन आर्जन हुने योग छ। रिसको वेग बढ्ने भएकाले काम गर्दा धैर्यता अपनाउनुहोला।

**कुम्भ**

आर्थिक कारोबारमा समस्या उत्पन्न हुनसक्छ। काममा तगारो लगाउनेहरू सक्रिय छन्। आफैले काम गरे आम्दानी बढ्ने तथा व्यवसायमा सुधार आउनेछ। वैदेशिक कार्यमा रुचि बढ्नेछ। बोलीको प्रभावमा केही काम पूरा हुनेछन्। अध्ययनमा गरेका प्रयास फलदायी रहनेछन्।

**वृष**

घरेलु समस्याले सताउनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। लेनदेनमा विवाद बढ्नेछ। आइतबारदेखि समयले साथ दिनेछ। सोच्ने शक्ति प्रबल हुनेछ भने अध्ययनमा सुधार आउनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पारिवारिक समस्या पनि सुल्झनेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन्। महत्त्वपूर्ण काम हात पर्न सक्छ।

**कर्कट**

समयमा निर्णय नहुँदा पूरा हुन लागेको कामसमेत रोकिन सक्छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। शरीरमा चोटपटक लाग्न सक्छ। सोमबारदेखि समय राम्रो हुँदै जानेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग पाइनेछ।

**कन्या**

बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग मिल्नेछ। नयाँ मित्रको आगमनले मनोबल बढ्नेछ। अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। घरजग्गाको बन्दोबस्त पनि हुनसक्छ।

**वृश्चिक**

अधुरा काम पूरा हुनेछन्। पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ। व्यवसायमा गरेका प्रयास सन्तोषप्रद रहनेछन्। भेटघाटमा मन रमाउनेछ। भाग्य बलियो छ। धर्ममा रुचि बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सामाजिक क्षेत्रमा मान-सम्मान पाउनुहोला। समय बलबान् छ। धेरै कुरामा सफलता मिल्नेछ।

**मकर**

खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउनेछ। कुरा काट्नेहरू सक्रिय छन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। निर्णयको अभावमा महत्त्वपूर्ण काम रोकिन सक्छ। आइतबारदेखि समयमा सुधार आउनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ भने धन आर्जन गर्ने अवसर पनि जुट्नेछ।

**मीन**

मान-सम्मान मिल्नुका साथै काममा सुधार आउनेछ। पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। यात्रा तथा प्रेम गर्ने अवसर जुट्नेछ। धन आर्जन पनि हुन सक्छ। मंगलबारदेखि समय प्रतिकूल हुनेछ। खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने योग छ। विश्वास गरेकाहरूबाट धोका हुनसक्छ।

# गाईजात्रे कार्यक्रमको रमझम

• कृष्ण भट्टराई

काठमाडौं– हास्यकलाकार सीताराम कट्टेल 'धुर्मुस' यसपटक नेताहरूको सराद्धे गर्दैछन्। उनलाई केदार घिमिरे 'माग्नेबूढा' तथा कुञ्जना घिमिरे 'सुन्तली' ले पनि सहयोग गर्नेछन्। नेताहरूलाई यी तीन कलाकारले साँढेसँग तुलना गरेका छन्। 'साँढेको सराद्धे' शीर्षकको प्रहसनमा यी लोकप्रिय कलाकारले कसरी नेताहरूको सराद्ध गर्नेहुन्, हेर्न बाँकी नै छ।

हास्यकलाकार दमन रूपाखेतीलाई भने ६ सय १ जना सभासद्ले राखेको कीर्तिमानले अचम्ममा पारेको छ। दमनलाई मात्र होइन, कलाकार शेखर खनाल तथा नन्दा बस्याललाई पनि नेताहरूको कीर्तिमानप्रति गर्व छ। समयमा संविधान दिन नसक्ने यी नेताहरू स्वर्ग जान लायक छन् कि नर्क ? यी तीन जना कलाकारको प्रहसन 'विश्व कीर्तिमान' मार्फत यो कुराको छिनोफानो हुनेछ।

मधेशी मूलको चरित्र निर्वाह गरेर चर्चामा आएका कलाकार शिवशंकर रिजाल तथा सुरेन्द्र केसी 'मुला साग' लाई भने गौतम बुद्धको जन्म नेपालमा भएको होइन भन्ने प्रचारले साह्रै चिन्तित बनाएको छ। उनीहरूको यो चिन्ता 'मेरो देश' शीर्षकको प्रहसनमा हेर्न पाइनेछ।

मोटा कलाकारद्वय निर्मल शर्मा 'गैंडा' तथा आरपी भट्टराईलाई नेताहरूले जनतालाई गोरुभैंं जोतिरहेको मन परेको छैन। उनीहरूलाई मात्र होइन, कमल मैनाली तथा कमल गाउँलेलाई पनि नेताले जनतालाई मूर्ख बनाइरहेकोमा आपत्ति छ। सधैं जनतालाई जोतिरहने नेताहरूविरुद्ध यी चार जना कलाकारले पनि एउटा प्रसहन बनाएका छन्। यो प्रहसनमा कमल गाउँले पृथ्वीनारायण शाह तथा जंगबहादुर राणाको भूमिकामा एकसाथ प्रस्तुत हुँदैछन्।

राजधानीका दुई व्यस्त रंगमञ्च आगामी दुई साताका लागि हास्य-व्यंग्यमय हुँदैछन्। देशव्यापी रूपमा आगामी बुधबार गाईजात्रा मनाइूदैछ। नेपालका लोकप्रिय हास्यकलाकारहरू भने आगामी मंगलबारदेखि नै प्रदर्शनीमार्गस्थित राष्ट्रिय सभागृह तथा कमलादीस्थित



प्रज्ञाभवनमा दर्शकलाई पेट मिचिमिची हँसाउने तयारी गरिरहेका छन्। रमाइलो कुरा के छ भने दुई भिन्न प्रेक्षालयमा कलाकारहरूको अलग-अलग समूहले गाईजात्रे कार्यक्रम प्रस्तुत गरे पनि दुवै कार्यक्रमको आयोजक भने एउटै छ। दुवै कार्यक्रमको आयोजना युनिभर्सल इभेन्ट म्यानेजमेन्टले गर्दैछ। सभागृहको कार्यक्रम 'झ्याइूकुटी भुइूचालो गाईजात्रे कार्यक्रम' का रूपमा सञ्चालन हुँदैछ भने प्रज्ञाभवनको कार्यक्रम 'जीरे खुर्सानी, मेरी बास्सै साथमा तीतो सत्य' शीर्षकमा सञ्चालन हुँदैछ। दुवै कार्यक्रम आगामी भदौ ८ गते मंगलबारदेखि १९ गते शनिबारसम्म सञ्चालन हुनेछन्।

सभागृहको गाईजात्रे कार्यक्रममा दसवटा प्रस्तुति समावेश हुने कलाकार दमन रूपाखेती बताउँछन्। 'यसअघिका कार्यक्रममा अश्लीलता बढी भएको गुनासो सुनिएकाले यसपटक अधिकांश प्रहसन व्यंग्यमा मात्र केन्द्रित छन्,' रूपाखेती थप्छन्– 'व्यंग्यमार्फत वर्तमान अवस्थालाई चित्रण गर्दै दर्शकलाई मनोरञ्जन प्रदान गर्नु हाम्रो कार्यक्रमको मुख्य उद्देश्य हो।'

प्रज्ञाभवनको कार्यक्रममा सातवटा प्रस्तुति समावेश गरिंदैछ। 'समसामयिक विषयवस्तुमा व्यंग्य गर्ने कार्यक्रम बढी छन्,' हास्यकलाकार किरण केसी भन्छन्– 'कति नेताहरूलाई मात्र गाली गर्नु, त्यसैले हामीले यसपटक सामाजिक व्यंग्य तयार पारेका छौं।' किरण केसीले शिवहरि पौडेल, मनोज आचार्य तथा गोपाल नेपाल फिस्टेसँग मिलेर 'सावर डान्स' शीर्षकको प्रहसन प्रस्तुत गर्दैछन्। सामाजिक व्यंग्य समावेश गरिएको यो प्रसहनमा सावर डान्समा प्रतिबन्ध लगाएर मात्र देशमा शान्ति-सुरक्षा कायम नहुने, शान्ति सुरक्षा कायम गर्न गुण्डागर्दी, लुटपाट, अपहरणजस्ता अपराधिक क्रियाकपालमा प्रतिबन्ध लगाउनुपर्छ भन्ने सन्देश प्रस्तुत गरिएको छ।

हास्यकलाकार खेम शर्मा महादेवको भूमिकामा प्रस्तुत भएको प्रहसन साढे पाँचले सभागृहका दर्शकलाई मनोरञ्जन गराउनेछ। यो प्रहसनमा अञ्जु थापा महादेवकी श्रीमती पार्वतीको भूमिकामा प्रस्तुत हुँदैछिन् भने सामना सिटौलाले महिला नेत्रको भूमिका निर्वाह गर्दैछिन्। सुरेश पोखरेल गणेशको भूमिकामा प्रस्तुत हुने यो प्रहसनमा शिशिर राणाले सोझो जनताको भूमिका निर्वाह गरेका छन्। यो प्रहसनमा जारी प्रधानमन्त्रीको निर्वाचनप्रति तीखो व्यंग्य प्रहार गरिंदैछ।

बेइमानको उपनामले चर्चित रवि डंगोल 'दिल्ली दरबार गेट' शीर्षकको प्रहसनमार्फत सभागृहकै प्रेक्षालयमा प्रस्तुत हुँदैछन्। काठमाडौंको सिंहदरबारबाट नेपालको सरकार सञ्चालन हुनुपर्नेमा दिल्ली दरबारबाट सञ्चालन भैरहेको भन्दै डंगोलसहित पूर्ण थापा तथा जानुका केसीले प्रहसन प्रस्तुत गर्नेछन्।

उक्त कार्यक्रममा संगीतकार सुरेश अधिकारीले गीत सुनाउनेछन्। उनले आफ्नै संगीतमा तयार पारिएको एउटा प्यारोडी गीत प्रस्तुत गर्नेछन्। दिनेश डिसीले सञ्चालन गर्ने कार्यक्रममा लक्ष्मण गाम्नाङेले व्यंग्यात्मक कविता वाचन गरेर दर्शकलाई हँसाउने जिम्मा लिएका छन्। नृत्यांगना सम्झना बुढाथोकीको आइटम डान्स सभागृहको गाईजात्रे कार्यक्रमको अर्को विशेषता हो। रेशम फिरिरी तथा अंशु थापाको नृत्यले पनि यो कार्यक्रमको शोभा बढाउनेछ। दमन रुपाखेती, संगम राई 'लभ्ली' तथा सूरवीर पण्डितको गीतिनाटक 'नेपाल आमा विक्षिप्त छिन्...' ले भने दर्शकलाई भावुक बनाउनेछ।

प्रज्ञाभवनको कार्यक्रममा राजाराम पौडेल, जितु नेपाल, शिवहरि वैरागी तथा गोपाल नेपाल फिस्टेको समूहले 'एटीएम' शीर्षकको प्रहसन प्रस्तुत गर्दैछ। यो प्रहसनमा एटीएम मेसिनले पनि मान्छे चिनेर मात्र पैसा दिन्छ भन्ने रोचक प्रसंगलाई चित्रण गरिंदैछ।

सहिद गणराज्यमा सहिद भएकाहरूले पनि आफ्नो छुट्टै गणराज्य स्थापना हुनुपर्छ भन्ने माग राख्नेछन्। लडेर सहिद भएकाहरूले लडवाङ राज्य, झुन्डिएर सहिद भएकाहरूले झुन्डिवान गणराज्यको माग गरेका रोचक प्रसंग यो प्रहसनमा समेटिनेछ। कलाकार उत्तम कोदेका अनुसार यो प्रहसनमा उनले झाँक्री बनेर सबैको सातो बोलाउने काम गर्दैछन्।

भर्खरै अमेरिकाबाट फर्किएका व्यंग्यकार मनोज गजुरेलले प्रज्ञाभवनको कार्यक्रम सञ्चालन गर्दैछन्। गजुरेलले उद्घोषणकै क्रममा आफ्ना केही रमाइला व्यंग्यसमेत प्रस्तुत गर्नेछन्। शैलेन्द्र सिम्खडाको व्यंग्यात्मक कविताबाट प्रारम्भ हुने उक्त कार्यक्रममा संगीतकार टीका भण्डारीले प्यारोडी गीत प्रस्तुत गर्नेछन्। लक्ष्मी केसी तथा राजेश केसीको आइटम नृत्य समेत समावेश हुने यो कार्यक्रम करिव तीन घण्टा लामो हुनेछ। सभागृह तथा प्रज्ञा भवनका कार्यक्रम साँझ पाँच बजेदेखि प्रारम्भ हुनेछन् भने सार्वजनिक वीदाको दिन दुई शो सञ्चालन गरिनेछ।

## बजारमा गाईजात्रे गीतिसंग्रह

गाईजात्राको अवसरमा यसपटक चारवटा गीति तथा भिसिडी संग्रह सार्वजनिक भएका छन्। हास्यकलाकार शिवशंकर रिजालको 'रिमोट कन्ट्रोल', गोपाल नेपाल फिस्टेको 'गाईजात्रे संविधान सभा एवार्ड-२०६७', कमल गाउँलेको 'तीन पाते' तथा तरेली संगीत कुञ्जको 'पोथी बास्यो' गाईजात्राको पूर्वसन्ध्यामा बजारमा आएका छन्। शिवशंकरले अडियो तथा भिसिडी संग्रहमा 'रिमोट कन्ट्रोल' तयार पारेका छन्। अडियो संग्रहमा प्यारोडी गीतहरू समावेश छन् भने भिसिडीमा एक दर्जन हास्यकलाकारले अभिनय गरेका हास्य-व्यंग्यात्मक प्रहसन समावेश छन्।

गोपाल नेपाल फिस्टेको 'गाईजात्रे संविधान सभा एवार्ड-२०६७' भिसिडी संग्रह हो। पछिल्लो एक वर्षमा नेपालमा सर्वोत्कृष्ट नराम्रा काम गर्ने नेताहरूलाई एवार्ड प्रदान गरिएको प्रसंग उक्त भिसिडीमा समावेश गरिएको छ। यी रमाइला प्रहसनमा फिस्टेका अतिरिक्त उत्तम कोदे, शिवहरि बैरागी, नीरज नेपाल, पुरन क्षेत्री, कमल मैनाली, लक्ष्मी केसी आदिले अभिनय गरेका छन्। संग्रहमा क्या दामी भो, कहाँ भेटिएला तथा तिर्खा लाग्यो पानी खाए...गीतका प्यारोडी संस्करणमा गरिएको नृत्यलाई पनि समावेश गरिएको छ। हिजो बिहीबार बजारमा आएको यो संग्रहको प्रचार-प्रसारका लागि फिस्टेलगायत आधा दर्जन हास्यकलाकार आज शुक्रबार पोखरा, बुटवल, पाल्पा आदि स्थानमा कार्यक्रम प्रस्तुत गर्न निस्कूदैछन्।

कलाकार कमल गाउँलेको 'तीन पाते' दसौं गाईजात्रे संग्रह हो। गाउँलेले विगत दस वर्षदेखि हरेक वर्ष एक-एकवटा गाईजात्रे संग्रह सार्वजनिक गरिरहेका छन्। 'तीन पाते' मा उनले १२ वर्ष कुकुरको पुच्छर...तथा कस्ता नेता जन्मे दैव...भाकाका दुई प्यारोडी गीत समावेश गरेका छन्। यो संग्रह दुई साताअघि नै बजारमा आएको हो। रेशम सापकोटाको 'पोथी बास्यो' पनि भरखरै बजारमा आएको गाइजात्रे गीतिसंग्रह हो।






● सम्पादकीय ●

# जलवायु परिवर्तनको कुरा

वातावरणविज्ञहरूले पछिल्लो एक दशकदेखि उठाउँदै आएको मौसम परिवर्तनका कुराले दिन–प्रतिदिन आफ्नो प्रभाव देखाउँदै गएको छ । अघिल्लो वर्षको तुलनामा यो वर्ष अतिवृष्टि र अनावृष्टिको प्रभाव आममानिसले प्रत्यक्ष अनुभव गर्ने गरी देखियो । विगत केही वर्षदेखि पृथ्वीको तापक्रम वृद्धि र मनसुनको अनियमितता अब वैज्ञानिक चासोको विषय भएको छ र यसमा प्राय: सबै मुलुकका सरकार तथा नीति–निर्माताहरू गम्भीर हुन थालेका छन् । यसैक्रममा जलवायु परिवर्तनले नेपालमा पारेको असर र त्यसबाट अनुकूलित हुने उपाय समेटिएको राष्ट्रिय अनुकुलन कार्यक्रमसम्बन्धी प्रतिवेदन (मापा) तयार भएको छ ।

उक्त प्रतिवेदन नेपालमा रहेका ४५ वटा मौसम स्टेसनमा सन् १९९६ देखि २००५ सम्मको अवधिमा रेकर्ड गरिएको तापक्रमको उतार–चढाव र जलवायु परिवर्तनसम्बन्धी तथ्यांकहरूका आधारमा तयार गरिएको हो । प्रतिवेदन भन्छ– विगत एक दशकमा नेपालको तापक्रम ० दशमलव ०४ डिग्री सेल्सियस प्रतिवर्षका दरले बढिरहेको छ, जसको प्रत्यक्ष प्रभावका कारण नेपालको हिमाली क्षेत्रको हिउँ र हिउँ तालहरू लगातार पग्लिरहेका छन् । १५ महिना खर्च गरेर तयार गरिएको यो प्रतिवेदन संयुक्त राष्ट्रसंघीय महासन्धिमा प्रस्तुत गरिएपछि नेपालले अतिकम विकसित मुलुकका लागि क्रियाशील राष्ट्रसंघीय विकास कोषसम्म आफ्नो पहुँच बनाउनेछ । कोषले राष्ट्रिय अनुकूलन कार्यक्रमले तोकेको क्षेत्रमा लगानी गर्न नेपाललाई बर्सेनि ४४ करोड ५० लाख रुपैयाँ उपलब्ध गराउने वाचा गरिसकेको छ ।

संयुक्त राष्ट्रसंघलाई बुझाइएको उक्त प्रतिवेदनमा उल्लेख गरिएका विषयहरूका सन्दर्भमा नेपाल सरकार आफैंले प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । यस्ता कार्यक्रमहरू जलस्रोत र ऊर्जा, प्रकोप नियन्त्रण र सहरीकरण व्यवस्थापन, पूर्वाधार निर्माण, जनस्वास्थ्य, कृषि र खाद्य सुरक्षा, वन र जैविक विविधताजस्ता विषयमा केन्द्रित हुनुपर्ने संयुक्त राष्ट्र संघको सर्त छ । यसबाहेक उक्त प्रतिवेदनले नेपालका सन्दर्भमा कृषिका लागि सिंचाइ, बाढी व्यवस्थापन, पानी शुद्धीकरण र मुहान संरक्षण तथा व्यवस्थापन, माटो र जल संरक्षणजस्ता विषयहरूलाई समेत प्राथमिकताको विषय बनाएको छ । विगत एक दशकयता नेपालमा देखिएको मौसमको प्रतिकूलताका कारण देखिएका परिवर्तनहरू यतिबेला आममानिसले समेत प्रत्यक्ष अनुभव गर्न थालेको सन्दर्भमा प्रतिवेदनले सुझाएका कुरा नेपालको सन्दर्भमा लाभदायक हुन सक्छन् । यसका लागि पहिलो र महत्त्वपूर्ण सर्त भनेकै तोकिएका सुझावहरूको इमान्दारीका साथ गरिने कार्यान्वयन हो । त्यस्तो कार्यान्वयनका लागि हाम्रो राजनैतिक एवं प्रशासनिक संयन्त्र कति सक्षम छ ? अहिलेका लागि मुख्य प्रश्न नै यही भएको छ ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

● चिठीपत्र ●

## दलहरूलाई अनुदान

चन्दा आतंक र धम्कीकै कारण रौतहट, बारा, पर्सा, अर्घाखाँची, बाग्लुङ, स्याङ्जा, नवलपरासी, डूडेलधुरा आदि जिल्लाका गाविस सचिवहरूले सामूहिक राजीनामा दिए । केही भूमिगत, अर्धभूमिगत वा खुला राजनीतिक दलका संगठनहरूले चन्दा मागेकै कारणले राजीनामा दिए भने केहीले ज्यान लिनेसम्मका धम्की पाएकाले राजीनामा दिन बाध्य भए । यो चन्दाको धन्दा अहिले खुला राजनीतिमा आएका ठूला दलहरूले नै सिकाएका हुन् । फरक यति हो, ठूला र खुला दलले खुलै रूपमा ठूलै व्यक्ति र संस्थाहरूसँग चन्दा माग्छन् भने साना र भूमिगत संगठनले सानै स्तरका व्यक्तिसँग धम्कीपूर्ण तरिकाले चन्दा असुली गर्छन् । अर्कातिर राष्ट्रिय राजनीतिमा रहेका नेताहरूले चन्दा आतंकको कुरा उठाइरहेका छन् । माओवादीलाई त चन्दा र कब्जाको मतिहार भएकोमा अनागरिक पार्टीसमेत भन्ने गरिएको छ, तर जो जसलाई जसरी भन्छन्, त्यो र त्यसको दल वा संगठनले पनि त्यसरी नै चन्दा उठाइरहका छन् । फरक यति हो- जो बिकाउ हुँदैन, त्यसले आतंकसहित चन्दा उठाउँछ, जो बिकाउ हुन्छ, त्यसले सजिलै चन्दा पाउँछ ।

राज्यले मकैपीडित, कोदोपीडितदेखि जोईपोई मिलन केन्द्रसम्मलाई करोडौं अनुदान दिने गरेको छ । त्यसमाथि पनि पहुँचवाला संस्था वा व्यक्तिहरूले विभिन्न निकायमार्फत राज्यको ढुकुटीबाट रकम लिने एवं कार्यक्रमको नाममा मोजमस्ती नगरेका होइनन् । राज्यको स्रोतबाट करोडौंका गाडी किनेर हनिमुन मनाउने नेता एवं कर्मचारीहरूको कमी छैन । विदेशी अनुदानमा रासलीला मचाउनेहरूको भीड पनि ठूलै छ । तिनका टाङमुनि छिरेर राजनैतिक कार्यकर्ता एवं नेता लम्पसार पर्ने गरेका प्रमाण यथेष्ट छन् । दलहरू भनेका सामाजिक, आर्थिक एवं सांस्कृतिक विकासका मूलपाटा हुन्, यिनले रूपान्तरणको निर्णय गर्ने वा आर्थिक विकासको राजनैतिक व्यवस्थापन गर्ने जिम्मा पाएका हुन्छन् । लोकतान्त्रिक पद्धतिमा त्यस्ता दलहरू आमूल परिवर्तनका लागि खडा हुन्छन्, तर दक्षिण एसियाली मुलुकमा यस्ता दलले राज्य वा विदेशबाट कुनै औपचारिक अनुदान पाउँदैनन् ।

राजनैतिक कार्यकर्ताहरू सधैं अभावमा गुज्रिरहेका छन्, अभावका बीचमा उनीहरू विभिन्न सिद्धान्त र दर्शन बेच्न व्यस्त छन् । त्यही दर्शन र सिद्धान्तका आधारमा आफूलाई सही र अरूलाई गलत देख्छन् । सही र गलतको बीचमा अन्तर्द्वन्द्व सिर्जना हुन्छ र उनीहरू स्वत: पूर्वाग्रही हुन पुग्छन्, तर ऊसँग क्षमता छ र त्यसलाई प्रदर्शन गर्न ऊ आर्थिक रूपमा पनि सक्षम भयो भने उसले शत्रु-मित्र सबैको आवश्यकताको महसुस गर्छ । त्यसबेला उसले पूर्वाग्रहलाई स्वीकार गर्दैन । त्यसैगरी जब ऊ विभिन्न कार्यक्रममा अपनत्व महसुस गर्न पाउँछ, त्यसबेला गलत देखेका व्यक्तिसँग पनि ऊ छलफल गर्न तयार हुन्छ । त्यतिबेला सहकार्यको आवश्यकता महसुस हुन्छ र सहकार्यबाट सिर्जना हुन्छ । सिर्जनाले पुर्वाग्रह र वैमनश्यतालाई कम गर्दै लान्छ ।

नर्वे, डेनमार्क, फिनल्यान्ड, स्वीट्जरल्याड आदिमा राजनैतिक दलहरूमा यस्तो सहकार्यलाई सर्वोपरि मानिन्छ भने त्यहाँ चुनावी मान्यता पाइसकेपछि दलहरूले राज्यबाट अनुदान प्राप्त गर्छन् । त्यहाँ चन्दा लिनुलाई सामाजिक रूपमै अपराध मानिन्छ । त्यसैले ती देशहरू भ्रष्टाचारमुक्त भएका हुन् । त्यहाँ राजनैतिक अस्थिरता र द्वन्द्व छैन । ती मुलुकले छलाङ मार्नुको मुख्य आधार नै दलहरू आफैं आर्थिक रूपमा सबल हुनु, जनतालाई आर्थिक रूपमा कष्ट नपुऱ्याउनु र एकअर्काको सहअस्तित्वलाई स्वीकार गर्नु हो, तर नेपालमा भने गैरसरकारी संस्थालाई अनुदान दिइन्छ तर सरकारी मान्यता पाइसकेका, मुलुकको बागडोर हाँक्ने राजनैतिक दलहरूलाई अनुदानबाट सधैं वञ्चित गरिँदै आएको छ । दलहरू आर्थिक अभावकै कारणले कमजोर छन् । मुलुक हाँक्ने दलका कार्यकर्ताहरू आर्थिक अभावकै कारण जनताको सुखदु:ख हेर्न जनताको घरसम्म जान सक्दैनन् ।

यता राजनैतिक दलहरू कजजोर हुँदा, जनताका समस्या उठान हुँदैन र लोकतन्त्र पनि कमजोर हुन्छ । लोकतन्त्र कमजोर भैरहे राजनैतिक अस्थिरता छाइरहन्छ । यसका विपरीत गैरराजनैतिक संगठनहरू बलिया हुँदा पनि यस्तै परिणाम आउँछ- जनता गरिब हुन्छन् । सामन्तवादले प्रश्रय पाइरहँदा मुलुकमा राजनैतिक संगठनका नाममा अनेकन् आतंक मच्चिरहन्छन्, जुन अहिले भैरहेको छ । यस्तो परिणाम देख्दादेख्दै गैरसरकारी संस्थालाई अर्बौं अनुदान जुट्नु, राष्ट्रिय राजनीतिका दलहरूलाई अनुदानबाट वञ्चित गरिनु कति वाञ्छनीय छ ? छ, यदि राजनैतिक दलहरू सधैं चन्दाको धन्दामा हराइरहून् अर्थात् मुलुकमा राजनैतिक अस्थिरता छाई यथास्थितिवादीहरू सुरक्षित रहून् भन्ने हो भने । लोकतन्त्रलाई परिमाणमा सुदृढ गर्ने हो भने वा राजनैतिक दलहरूलाई बलियो बनाउने हो भने जनताले अनुमोदन गरेका दलहरूलाई राज्यले अनुदान दिनुपर्छ र यिनीहरूमार्फत जनताको आर्थिक एवं सामाजिक, सांस्कृतिक रूपान्तरण गराउन स्रोतको परिचालन गर्नु-गराउनुपर्छ ।

निर्वाचनबाट अनुमोदन भएका दलहरूले आ-आफ्नो हैसियतअनुसार अनुदान पाउने हुनाले अनुदान नपाउने दलहरू या कमजोर भएर जान्छन् या त अर्को बलियो दलसँग समायोजन हुन बाध्य हुन्छन् । परिणामत: मुलुक हाँक्न सक्ने सीमित दलहरू मात्र देखिनेछन् । यसले गर्दा थोरै दलबीच राजनैतिक सहमति गर्न पनि सजिलो हुनेछ र एकले अर्काको अस्तित्वलाई समेत स्वीकार गर्ने पद्धतिको विकास हुनेछ ।

**–सरोजदिलु विश्वकर्मा**

● तीतो सत्य ●

● आफ्नो आँखाले देखिने मात्र संसार होइन ।

**विनोद दाहाल**

● पिउनुको मज्जा क्षण भरका लागि मात्र हो त्यसले अलिकता मनको पिर घटाउला तर तनाव बढाउँदै लान्छ ।

● सकारात्मक सोचले नै व्यक्तिको सुन्दरता बढाउँछ ।

● हामीले कुनै महान कार्य गर्न नसके पनि स-साना कार्यलाई महान तरिकाले गर्न सक्छौं ।

**दीपक गौतम**

● प्रेममा जति आनन्द छ, त्योभन्दा बढी खतरा छ ।

● पूर्ण रूपमा कसैको विश्वासमा पर्नु, सबैभन्दा ठूलो गल्ती हो ।

**सुदीप रेग्मी**

● कुनै पनि मानिसलाई त्यतिमात्र विश्वास गर्नुपर्छ, जति ऊ समक्ष छ ।

● कठिन मेहनत र तपस्याबिना कोही पनि महान् बन्दैन ।

● सज्जनसँगको मित्रता कहिल्यै समाप्त हुँदैन ।

● खराब काम अपशब्दभन्दा दुईगुणा खराब हुन्छ ।

**–भाइविवेक**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

● सहर चर्चा ●

## सेभेन हर्ट



नामकै खातिर केही साथी गायनमा लागे, कोही कलाकारितातर्फ मोडिए । क्षमता नभए पनि जबरजस्ती ग्ल्यामर क्षेत्रमा लाग्न उनीहरूको मनले मान्न। त्यसैले उनीहरू समाजसेवातर्फ अग्रसर भए । सात युवाहरूको समूह 'सेभेन हर्ट' का सदस्यहरू जागिरबाट तलब आएको भोलिपल्ट योजना बनाएको स्थानमा पुग्छन् । स्थानीय समाजसेवीको सहयोग लिन्छन् र महत्त्वपूर्ण काम गरेर फर्कन्छन् । एक वर्षयता उनीहरूले विभिन्न मन्दिरमा नि:शुल्क भोजन, दुर्गम गाउँहरूमा स्वास्थ्यशिविर, अनाथालयलाई आर्थिक सहयोग आदि गरिरहेका छन् । यी युवाहरूले आफूले थाप्ने तलबको २५ प्रतिशत समाजसेवालाई छुट्याएका छन् । उक्त रकममा उनीहरूका साथीभाइले पनि सहयोग गर्छन् । यसरी जम्मा भएको पैसा स्थानीय समाजसेवीसँग मिलेर खर्च गर्दा परिणाम राम्रो आएको सेभेन हर्टका अध्यक्ष सुरज खड्का बताउँछन् । समाजसेवा गर्नुको कारण स्पष्ट गर्दै कम्प्युटर इन्जिनियर किरण श्रेष्ठ भन्छन्, 'त्यसैले आफूले कमाएको पैसा समाजका विपन्न वर्गमा लगाउनु हाम्रो कर्तव्य हो ।' संस्थाले जुन स्थानबाट सेवाको अनुरोध आउँछ, त्यो स्थानमा सहयोग पुऱ्याउने व्यवस्था मिलाएको छ । संस्थामा सुरज खड्का (पत्रकार), किरण श्रेष्ठ (इन्जिनियर), उमंग शाही (पत्रकार), रितेश बानियाँ (जागिरे), सुजन सिग्देल (जागिरे), सानु खड्का (पत्रकार) तथा सहारा प्रसाईं (हेन्डिक्राफ्ट व्यवसायी) संलग्न छन् ।

● साइबर ग्लाम ●

## र्‍याम्पमा रुचि



यसै वर्ष एसएलसी उत्तीर्ण गरेर कक्षा ११ को अध्ययन प्रारम्भ गरेकी १७ वर्षीया सुजिता एउटा विज्ञापनमार्फत मोडलिङप्रति आकर्षित भएकी हुन् । त्यसो त उनले कक्षा सातमा अध्ययनरत छँदै फेसन शोमा क्याटवाक गर्ने तरिका सिकेकी थिइन् । एसएलसी उत्तीर्ण नगरी उनले व्यावसायिक मोडलिङ गर्ने अवसर तथा अनुमति पाएकी थिइनन् । फलामे ढोका पार गरेपछि चाहिं उनलाई परिवारबाट पनि अनुमति मिल्यो । सुजिता छनोट भैसकेकी छिन् । ५ फिट १ इन्च अग्ली सुजिता नृत्य तथा स्वीमिङमा पारंगत छिन् । जोरपाटीस्थित एउटा प्रशिक्षण केन्द्रमा नृत्यको प्रशिक्षण लिइरहेकी सुजिता छोटा स्कर्ट, हाफ पाइन्ट तथा टिसर्ट लगाउन रुचाउँछिन् । म्युजिक भिडियोमा समेत मोडलिङ गर्ने तयारी गरिरहेकी सुजिता फुर्सदमा फेसन चलचित्र हेर्छिन् र र्‍याम्प मोडलिङका बारेमा जानकारी हासिल गरिरहन्छिन् ।

● मुखाले ●

हाम्रै नेताहरू भारतका नेताहरूलाई आइदिनुस् न भनेर बोलाउँछन्, पुष्पगुच्छा लिएर भेट्न जान्छन् अनि आफ्नो स्वार्थ पूरा नभएपछि धारे हात लगाउँछन् ।

**केपी शर्मा ओली**

एमालेजस्तो ठूलो पार्टीले कसैलाई मत दिन्नँ भनेर बसिरहन मिल्छ ?

**नीलाम्बर आचार्य**

दलका नेताहरूले शासकीय स्वरूपजस्तो गम्भीर विषयलाई राजनैतिक फुटबल बनाइदिए ।

**शम्भुहजारा पासवान**

प्रचण्डको मायाले पेट भरिँदैन ।

**तारा राई, पूर्व छापामार**

धोतीभन्दा टोपीवाला बढी भारतीय चंगुलमा छन् ।

**जयराम यादव, सभासद मजफो नेपाल**

सांस्कृतिक राजा राख्न माओवादी सहमत छन् ।

**चन्द्रबहादुर गुरुङ**

राष्ट्रवादी हुन भारतको विरोध गर्नु पर्दैन ।

**डा. भेषबहादुर थापा**

तटस्थ बसी भत्ता बुझ्ने अधिकार कसैलाई छैन ।

**डा. भीमार्जुन आचार्य**

मैले राजनैतिक पार्टीमा प्रवेश गर्ने समय आएको छैन ।

**पूर्वयुवराज पारस शाह**

प्रेम मानिसभित्रको सबैभन्दा उत्तम भावना हो ।

**कवि माधवप्रसाद घिमिरे**

# ईश्वरसँग मेरो ठूलो गुनासो छ

महको नाम लिनेबित्तिकै मुख रसाउँछ। हास्यव्यंग्यमा मदनकृष्ण र हरिवंश यही रसिला स्वादका कारण चर्चित छन्। ३१ वर्ष लामो सहकार्यमा हजारौं व्यङ्ग्यात्मक प्रस्तुति दिइसकेको महजोडी एक-अर्काबिना अपुरो मानिन्छ। यो जोडीमा उमेरले मदनकृष्ण ठूलो भएकाले हरिवंश मदनलाई महत्व दिन्छन्। मदनकृष्ण भने आफूभन्दा बढी प्रतिभा भएको भन्दै हरिवंशलाई महत्व दिन्छन्। यी दुईबीच बेला-बेलामा सहकार्य तोडिने चर्चा चले पनि दर्शकहरूले उनीहरुको जोडीलाई छुट्टिन दिएका छैनन्। तत्कालीन पञ्चायती व्यवस्थाको विरोध गरेयता उनीहरु लगातार लोकतान्त्रिक आन्दोलनमा सक्रिय छन्। विभिन्न सर्वेक्षणले महको जोडीलाई नेपालका सबैभन्दा लोकप्रिय कलाकार मानेको छ। ३१ वर्षअघि गाईजात्राको अवसर पारेर राष्ट्रिय बैंकको कार्यक्रममा प्रहसन देखाएपछि उनीहरुले लगातार गाईजात्रे कार्यक्रम देखाए। त्यसैले जब-जब गाईजात्रा आउँछ, उनीहरुको कार्यक्रम हेर्न दर्शकहरु मरिहत्ते गर्छन्। यही मेसोमा यसपटक बुढानिलकण्ठस्थित उनीहरुको स्टुडियोमा पुगेर साप्ताहिकले हरिवंश आचार्यसँग लामो कुराकानी गर्‍यो।


हरिवंश आचार्य, हास्यव्यङ्ग्यकार

**गाईजात्रा आएको छ, तर केही वर्षयता दर्शकले तपाईंहरूको गाईजात्रे कार्यक्रम हेर्न पाएका छैनन्, यो दर्शकप्रति अन्याय भएन ?**

अन्याय त हामीप्रति पो भएको छ। हामीले गाईजात्रा कार्यक्रम देखाउने अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नेताहरूले खोसिदिए। संविधान नामको प्रहसन देखाउन भित्र पसेकाहरू अहिलेसम्म निस्किएका छैनन्। अनि हामीले कहाँ कार्यक्रम देखाउने ?

**त्यतिखेरै विरोध गर्नु पर्दैनथ्यो ?**

उनीहरू देशका हिरो हुन्, उनीहरूले राम्रो काम गर्लान् भनेर बधाई दिँदै पठाएको, उनीहरू त जोकर पो भएर निस्किए। जोकर होइन, भिलेन नै भए। उनीहरूको विरोध गरौं, अरू नेता विदेशबाट ल्याउन नमिल्ने। नगरौं उनीहरूको प्रहसन हेरेर जनता वाक्क भैसके।

**अब विरोधको स्वर अरू हलबाट उराल्ने हो कि जस्तो राष्ट्रिय नाचघर, एकेडेमी...?**

हास्यव्यङ्ग्यमा लागेका अरू पनि कलाकार छन्। हामीले गर्छौं भन्नेबित्तिकै उहाँहरूको काम ओझेलमा पर्ने भयो। अहिले उहाँहरूले ती हलबाट हाम्रा नेतागणलाई सम्झाउनु हुन्छ, सुन्नुभएन भने हामी पनि मैदानमा उत्रौंला।

**सबै मिलेर एकसाथ कार्यक्रम गरे भैगयो नि ?**

के गर्नु, हामी स्टेजमा चढेपछि दुई चार घण्टा ओर्लन मन लाग्दैन। सिनियर भएको फाइदा उठाउँदा अरूलाई अन्याय पर्छ। सबै मिलेर गरौं न भन्ने हो भने दर्शकसँग पाँच-सात घन्टा एकै स्थानमा बस्ने धैर्यता हुँदैन। के गर्ने होला भनेर सोच्दैछौं।

**यसरी सोच्दासोच्दै धेरै वर्ष बितिसके, दर्शकले महले स्टेज बिर्सियो भन्ने आरोप लगाउन थाले नि ?**

कलाकारहरूका लागि स्टेज भनेको आमा हो। तिनै आमाले हुर्काइन्, बढाइन्। यहाँसम्म पुर्‍याइन्। उनलाई कसरी बिर्सनु ?

**होइन, इलेक्ट्रोनिक मिडिया नामको प्रेमिकाको फन्दामा परेपछि आमा बिर्सिएको आरोप छ नि ?**

अँ प्रेमिकाको फन्दामा त परेको हो, तर आमाबाट टाढा लाने प्रेमिका होइनन्, हाम्रा कतिपय दर्शक हुन्। नेपालको कानुन पनि हो।

**कसरी ?**

एउटा आधा घन्टाको कार्यक्रम बनाउन पूरा एक महिना लाग्छ। मेहनत गरेर बनायो, तर एक सो देखाउनेबित्तिकै त्यो भिडियोमा खिचिएर देश-विदेश पुग्छ। हामी कति अनुरोध गर्छौं, यसरी खिच्दा हामी अरू स्थानमा सो देखाउन पाउँदैनौं, हाम्रो लगानी उठ्दैन भनेर हात जोडेर बिन्ती गर्छौं, तर हृदय नभएका केही व्यक्तिले हाम्रो कुरा सुन्दैनन्। कपी राइटको कानुन पनि लगाउन सक्दैनौं। त्यसो भएपछि चित्त दुख्दो रहेछ। आम्दानी पनि नहुने, सिर्जना पनि अरूले नै चोरेर खाइदिने भएपछि आमाबाट टाढा हुनुपरेको हो, तर आमालाई कसरी बिर्सन सकिन्छ र ?

**भनेपछि अब स्टेज कार्यक्रम नगर्ने ?**

होइन गर्ने। भिडियो बनाउन कडिकडाउ गरेर कार्यक्रम गर्नुपर्छ। तर के गर्नु ? हाम्रा नेताहरूको रिहर्सल कहिल्यै सकिन लागेन। न संविधान बनाउँछन्, न त ठाउँ नै छाड्छन्। बडा ढिट रहेछन्, यिनीहरू त।

**विदेश पनि जान छाड्नुभयो, बुढेशकाल लागेको हो ?**

विदेशमा कार्यक्रम गर्ने हो भने हामी अहिले पनि वर्षको ८ महिना बाहिरै हुन्छौं, तर समस्या त्यही हो। एउटा सहरमा कार्यक्रम गर्‍यो, अगाडि नै सिडी बनेर त्यहाँ हाम्रो कार्यक्रम छ्याप्छ्याप्ती हुन्छ। यस्तो चित्त दुख्ने काम नगरौं भनेर चुप लागेको हो। बुढेसकाल लागेको भए नेपालमा यतिका कार्यक्रम कसरी चल्थे ?

**३० वर्षदेखि पत्रकारहरूको संगतमा हुनुहुन्छ। उनीहरूले सोध्ने सबैभन्दा खराब प्रश्न कुन लाग्छ ?**

धेरैजसो पत्रकारले सोध्छन्, तपाईंहरू एनजीओको कार्यक्रम गरेर पैसा किन लिनुहुन्छ ? यसरी सोध्छन् मानौं एनजिओ भनेका डन हुन्, उनीहरूसँग पैसा लिनु ठूलो अपराध हो। उनीहरू अपराधी हुन् भने कानुनमा तोक्नुपर्‍यो। हामीले त काम गरेर पैसा लिने हो। त्यो गलत कसरी भयो ?

**पत्रकारहरूको चिन्ता एनजीओका कामले महको सिर्जना मर्छ भन्ने हुन सक्दैन ?**

चिन्ता त्यो पनि हुन सक्छ, तर हास्यव्यङ्ग्यमा सन्देश पनि गयो भने राम्रै हुन्छ नि होइन र ? मुख बिगारेर विनासन्देश हँसाउनुभन्दा सन्देश दिँदै हँसाउनु राम्रो होइन र ? केही समयअघि हामीले तराई र पहाडका क्षेत्रमा खुला ठाउँमा दिसा बस्ने नेपाली समस्याका बारेमा कार्यक्रम बनाएका थियौं। एकाइसौं शताब्दीका नेपालीहरूलाई यसरी दिसा गर्नुपर्छ भनेर सिकाउनुपर्छ। अब महले यसरी दिसा बस भनेर सिकायो भने जनता मान्न तयार छन् अरूले भनेको मान्न तयार छैनन्। अनि के गर्ने त तपाईं नै भन्नुहोस्।

बाँकी पृष्ठ २१ मा


आवश्यकता

International Company सँग आबद्ध संस्थालाई कर्मचारीहरुको आवश्यकता
Part time, Full time Job को व्यवस्था
तलब: 17,500/-
संख्या: ९ महिला/९ पुरुष
योग्यता: SLC Above, Basic Computer+Email, Internet चलाउन जान्ने।
सम्पर्क:
2296930, 9741256070, 9803075981, बागबजार
SLC र +2 दिएका विद्यार्थीलाई प्राथमिकता










# जसमाथि व्यङ्ग्य हुन्छ, उसलाई कस्तो लाग्छ ?

नेपालका सबैजसो राष्ट्रिय दैनिकमा व्यङ्ग्यका लागि एउटा कुनो छुट्याउने गरिएको छ। त्यो पनि प्रथम पृष्ठमा। त्यति मात्र होइन, भित्री पृष्ठहरूमा पनि यस्ता व्यङ्ग्यहरू महत्वका साथ प्रकाशित हुन्छ। व्यङ्ग्य गरिनेहरूमा राजनीतिक दलका प्रमुख नेता, चलचित्रका कलाकार, नागरिक समाजका व्यक्ति एवं विभिन्न पेसामा आबद्ध प्रतिष्ठितहरू हुन्छन्। वर्षैभरिका यी व्यङ्ग्य अध्ययन गर्ने हो भने यस्ता व्यङ्ग्य समासामयिक राजनीतिक बाहेक करिब २०-२५ व्यक्तिको वरपर घुमेको देखिन्छ। यसबाहेक वर्षमा एक पटक आउने गाईजात्रा पर्वलाई व्यङ्ग्य पर्वकै रूपमा लिइन्छ। यो पर्वमा गरिने व्यङ्ग्यमा राजनीतिक दलका नेताहरू बढी परे पनि अन्य सेलिब्रेटीहरू पनि यो झटारोमा पर्छन्। समाजका अरू पक्षभन्दा नेपालमा राजनीति हावी भएकाले पनि राजनीति व्यङ्ग्य अरूभन्दा माथि छ। व्यङ्ग्य गर्दा व्यङ्ग्यकार बढी खुसी हुन्छ। उक्त व्यङ्ग्यले अरुलाई पनि रमाइलो दिन्छ। यद्यपि ती व्यङ्ग्य वाणको पीडामा पर्नेहरूको प्रतिक्रिया फरक हुन सक्छ। यसपटक साप्ताहिकले जसमाथि सधैंभरि व्यङ्ग्य हुन्छ, जसको माध्यमबाट गाईजात्रा पर्वमा स्टेजहरू तातिन्छ, उनीहरूकै प्रतिक्रिया लिने प्रयास गरेको छ।



### नारायण काजी श्रेष्ठ, प्रकाश, उपाध्यक्ष, एनेकपा (माओवादी )

गाईजात्रा हाम्रो समाजको महत्त्वपूर्ण अंग हो । यसमा व्यङ्ग्य गर्नु यो पर्वको धर्मकै रूपमा लिइन्छ । त्यसमाथि प्रत्येक दिन जस्तो टेलिभिजनहरूमा हास्य व्यङ्ग्यहरू सञ्चालन हुन थालेयता धेरै कलाकार जन्मिएका छन् । त्यसका लागि पनि धेरै खजाना चाहिन्छ । यो खजाना खोज्ने क्रममा नयाँ-नयाँ व्यङ्ग्य आउँछन्, जुन स्वाभाविक पनि हो । यद्यपि कतिपय व्यङ्ग्य समाजलाई रूपान्तरित गर्नेभन्दा गलत नजिर स्थापना गर्ने खालका हुन्छन् । त्योचाहिँ हुनुहुँदैन ।



एनेकपा (माओवादी) पार्टीमाथि र यसका विभिन्न नेताहरू माथि बारम्बार व्यङ्ग्य हुने भएकाले कहिलेकाहिं मेरा बारेमा पनि ब्यङ्ग्य नभएका होइनन् । यद्यपि म धेरै व्यङ्ग्य छापिने नेतामा दरिन्न । हाम्रा अध्यक्ष कमरेडका बारेमै बढि कार्टुन बन्ने वा गाईजात्रालगायतका पर्वमा अध्यक्षका भेषभूषामा उहाँलाई व्यङ्ग्य गरिएको पाइन्छ । यसलाई म समाजको एउटा गतिका रुपमा लिन्छु । यस्ता विरोध एवं आलोचनाबाट समाज रूपान्तरित हुन्छ । यद्यपि त्यसमा अतिसयोक्ति एवं सस्ताखालको प्रस्तुति तत्काल राम्रो त देखिन्छ, तर त्यसले समाजलाई हानी पुर्‍याउने काम गर्छ ।

### राजेन्द्र महतो, आपूर्ति मन्त्री

हास्यव्यङ्ग्य जीवनको एउटा पाटो भएकाले यसले पत्रपत्रिकामा महत्त्वपूर्ण स्थान पाएको हो । हाम्रो तराईमा होलीमा र पहाडमा गाईजात्रामा दिल खोलेर अरूमाथि व्यङ्ग्य गरिन्छ । मेरा बारेमा पनि कहिलेकाहिं पत्रपत्रिकामा र गाइजात्रा एवं होली जस्ता पर्वमा व्यङ्ग्य हान्ने गरिएको छ । विशेषगरी म शपथ खाएर जुनबेला आपूर्ति मन्त्रालयमा प्रवेश गर्छु, त्यो बेला आयल निगमलाई पृष्ठभूमिमा राखेर कुनै न कुनै रुपमा व्यङ्ग्य गरिएको हुन्छ । यसले मलाई सचेत गराउँछ । कहिलेकाहीं आफ्नो कार्टुन देखेर म आफैं पनि हास्छु । गाईजात्रे प्रहसनमा पनि मेरा बारेमा व्यङ्ग्य गरिन्छ भन्ने सुन्छु, तर हेर्ने मौका पाएको छैन । यद्यपि जाइजात्रे प्रहसन एवं व्यङ्ग्यहरू सिर्जनात्मक हुनुपर्छ । भद्दा, अश्लिल एवं अरुको करियरसँग खेलवाड गर्ने किसिमको हुनुहुँदैन । मेरा बारेमा त्यस्ता कुरा प्रकाशित हुँदा म सम्बन्धित पत्रिका वा व्यङ्ग्यकारसँग गुनासो गर्छु ।

## म आफ्नो कार्टुन जम्मा गर्ने मान्छे हुँ



माधवकुमार नेपाल, प्रधानमन्त्री

**तपाई आफू कार्टुनको पात्र बन्नुपर्दा कस्तो लाग्छ ?**

मेरो विचारमा आदरणीय नेता स्व. गिरिजाप्रसाद कोइरालापछि सबैभन्दा बढी कार्टुन बनाइने, व्यङ्ग्य गरिने व्यक्ति म नै हुँ । मलाई कार्टुन एवं व्यङ्ग्य पक्ष मनपर्छ । यो लोकतन्त्रको आवश्यक पूर्वाधार हो ।

**कार्टुनकै कारण तपाईंलाई कुनै चोट लागेको छ ?**

कुनै-कुनै प्रसंगमा जनतामा मेरा बारेमा गलत म्यासेज जाला कि भन्ने पीर त लाग्छ तर चोट नै लागेको मलाई थाहा छैन । किनभने मलाई थाहा छ, समाज गतिशिल हुन यस्तो व्यङ्ग्य आवश्यक हुन्छ ।

**पहिलोपटक आफू कहिले व्यङ्ग्यको सिकार भइयो, थाहा छ ?**

भूमिगत कालमा त मलाई कसैले चिनेका थिएनन् तर प्रजातन्त्रको आगमनपछि जब म बाहिर आएँ, मेरो श्वर, मेरो अनुहारमै बढी केन्द्रित भएर व्यङ्ग्य गरियो । सायद त्यसबेला मेरो विचार स्थापित भैसकेको थिएन कि ?

**विचारका रूपमा कहिले व्यङ्ग्यको सिकार हुनुपर्‍यो ?**

जब मदनभण्डारी शक्तिशाली महासचिव हुनुहुन्थ्यो, त्यसबेला उहाँको लगाम मेरो हातमा भन्ने खालका कार्टुन एवं व्यङ्ग्य प्रस्तुत हुन थाले । त्यसमा मलाई अचम्म लाग्थ्यो । किनभने म पार्टीको एउटा बफादार सिपाही मात्र थिएँ ।

**तपाईंलाई सबैभन्दा मनपरेको कुनै कार्टुन वा व्यङ्ग्य छ ?**

मलाई वात्सायनका सबैजसो कार्टुन मनपर्छन् । मैले कतिपय त कलेक्सन गरेर श्रीमतीलाई राख्न दिएको छु । अझै पनि ती सुरक्षित नै होलान् । मलाई नीतिगत व्यङ्ग्य मनपर्छ । विशेषगरी लोकतन्त्रका सुन्दर पक्षमा वकालत गर्ने किसिमका व्यङ्ग्य मेरा लागि प्रिय छन् ।

**प्रधानमन्त्री भएपछि धेरै कटाक्षको सिकार हुनुपर्‍यो, कस्तो लागेको छ ?**

पदमा भएपछि त त्यस्तो कटाक्ष आउनै पर्‍यो नि । त्यसबाट त तानाशाहहरू पो डराउँछन्, होइन र ?

### कृष्ण पहाडी, नागरिक समाज



म व्यङ्ग्य गरिने, प्रहसन गरिने वा कार्टुन बनाइने वर्गमा पर्दिन । यस्ता व्यङ्ग्यहरू पदीय दायित्व बहन गरेका व्यक्तिहरूले नै बढी फेस गर्छन् । किनभने जो पदमा बस्छ, गल्ती पनि उसैले गर्छ । यस्ता व्यङ्ग्यले ती व्यक्तिहरूलाई फरक पर्दैन । किनभने राजनीतिक प्राणी भनेकै सबैथोक पचाउन सक्ने व्यक्ति हुन् । म पनि नागरिक समाजको आन्दोलनमा कहिलेकाहिं व्यङ्ग्यको पात्र बने जस्तो लाग्छ । यद्यपि यस्ता कुरालाई म महत्त्व दिन्न । मलाई त्यस्ता व्यङ्ग्यले छुन्छ जो महिला, बालबालिका एवं समाजका अप्ठारो वर्गका प्रतिनिधित्व गर्छन् । पोथी बासेको भन्ने जस्ता महिलालाई अपमान गर्ने कार्टुन वा व्यङ्ग्यले मलाई ठूलो पीडा दिन्छन् । मेरो व्यक्तिगत जस्तोसुकै कार्टुन वा व्यङ्ग्यले मलाई सकारात्मक नै लाग्छ, तर महिलाका विपक्षमा कुनै धर्मका विपक्षमा वा निमुखा व्यक्तिका विपक्षमा गरेको व्यङ्ग्यले ठूलो पीडा दिने हुँदा यही मौकामा म सबैलाई त्यस्तो व्यङ्ग्य नगरिदिन हुन अनुरोध गर्छु ।

### खगेन्द्र संग्रौला, लेखक



मेरा बारेमा दुईपटक कसिलो व्यङ्ग्य गरिएको मलाई थाहा छ । एकपटक २०४६ सालअघि कुनै पञ्चायती पत्रिकामा मलाई उडाइएको थियो । किनभने म प्रगतिशिल लेखकका रूपमा २०२८ सालदेखि नै परिचित हुन थालेको थिएँ । त्यो व्यङ्ग्य पञ्चायतको पृष्ठपोषण गर्न थियो । अर्को कार्टुन भने पञ्चायत ढलेपछि नै हो क्यारे ।

कार्टुन एवं व्यङ्ग्य विधाले नेपालमा ठूलो प्रगति गरेको छ । हाम्रा केही चाडपर्व पनि यसैमा केन्द्रित छन् । प्रेस स्वतन्त्रतापछि आएका नाङ्ले अखवारले राम्रा कार्टुनिष्ट जन्माएको छ । वात्सायन, अविन, राजेश केसी, रविन जस्ता धेरै सिर्जनात्मक कार्टुनिस्टले यो विधालाई औधी राम्रोसँग फलाएका छन् । यद्यपि स्टेज कार्यक्रमहरूचाहिँ पञ्चायतकालमा महजोडीले देखाउने जस्तो दमदार छैन । गाईजात्रा भन्ने बित्तिकै स्टेज कार्यक्रमको सम्झना आउँछ, तर महजोडीले यस्ता कार्यक्रम नगर्दा गाईजात्रा नै खल्लो भएको हो कि भन्ने लाग्छ । आजभोली महजोडी विज्ञापन र एनजिओका कार्यक्रममा सीमित हुँदा यो विधा लंगडो भएको हो कि भन्ने लाग्छ । जहाँसम्म नेपालमा हुने गाईजात्रे कार्यक्रम छन्, ती किन खल्ला छन् भने राजनीतिक नेताहरूले हाम्रा कलाकारभन्दा भयंकर राम्रो कार्यक्रम चलाइरहेका छन् ।

### केशव मैनाली, सभासद् एवं अध्यक्ष चुरेभावर पार्टी

म त सानोतिनो नेता परेर होला मेरा बारेमा अहिलेसम्म कार्टुन प्रकाशित भएको छैन । मेरो बिचारमा जसको कार्टुन छापिन्छ, वा जसमाथि सार्वजनिक व्यङ्ग्य गरिन्छ, उ ठूलो मानिस हो । म अहिलेसम्म त्यो वर्गमा परेको छैन । यद्यपि व्यङ्ग्य मलाई साह्रै मनपर्छ । मेरा बारेमा यस्ता व्यङ्ग्य कहिले छापिन्छ भनेर म प्रतिक्षारत छु ।

बाँकी पृष्ठ ७ मा

नेपालको एक मात्र रेडियो प्राविधिक तालिम केन्द्र
दैनिक SOUND ENGINEER तथा RADIO ENGINEER
द्वारा कक्षा सञ्चालन हुने
कार्यक्रम उत्पादकको लागि नेपालका बरिष्ठ सञ्चारकर्मीहरुद्वारा कक्षा लिईने

| | |
|---|---|
| FM Radio Technician - (Job Guarrantee) | 45 days |
| General Editing & Mixing - | 30 days |
| Audio Library Management - | 15 days |
| Audio/Video Program Producer - | 60 days |

Echo Media
Adwait Marg, Bagbazar
Phone : 01-4246155
01-2296457
तपाईं दक्ष बन्नुस्, काम तपाईंको पछि लाग्छ ।

८ महिना मै +2/SLC
➲ कक्षा ७,८,९, १० फेल भएपनि Math / Science / Test नदिई ५ बिषय मात्र पढेर ८ महिनामै S.L.C. पास गर्न चाहनुहुन्छ ?
➲ + 2 / A level फेल भएपनि ५ बिषय मात्र पढेर + 2 पास गर्न चाहनु हुन्छ ?
➲ विश्वभर मान्यता प्राप्त- गृहिणी /जागिरे/व्यवसायीले घरमै बसी पढ्न सक्ने ।
➲ पास गर्न सकिने ।
बिगत १० बर्ष देखि संचालित
अन्तिम भर्ना
पाथ फाइन्डर ग्लोबल एजुकेशन
पुतलीसडक (रिपोटर्स क्लवको अगाडि)
2005077, 9841787602
www.pathfinder.edu.np

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134



# जसमाथि व्यङ्ग्य हुन्छ, उसलाई कस्तो लाग्छ ?

पृष्ठ ६ पेजबाट जारी

**रेखा थापा, नायिका**

म सधैंभरी लुकीलुकी गाईजात्रा कार्यक्रम हेर्न जान्छु । किनभने मलाई देखेर व्यङ्ग्यकारले मेरा बारेमा व्यङ्ग्य नगर्लान् कि भन्ने पीर लाग्छ । नभन्दै लुकेर जाँदाको मज्जा के छ भने हरेक वर्ष गाईजात्रे कार्यक्रममा मेरो नाममा व्यङ्ग्य गरिएकै हुन्छ । जस्तो मेरो नाम रेखा थापा होइन, देखा थापा बनाइन्छ । मेरो छोटो स्कर्ट हेर्न दृष्टिविहीन पनि सिनेमा हेर्न गएको प्रसंग सुनाइन्छ । हुन त मलाई देखा थापा भनेर मेरो ग्लामरस पहिरनको कुरा गरिएको हुनसक्छ तर मलाई अभिनय देखाउने देखा थापा भने जस्तो लाग्छ । मेरो नाममा व्यङ्ग्य गरेको सुन्दा मलाई आनन्द आउँछ । किनभने व्यङ्ग्य भनेकै चर्चित व्यक्तिको गरिने हो । नसुनेको र नचिनेको व्यक्तिलाई उडाएको कसले हेर्छ र ? नाम हो, बदनाम हो पर गुमनाम न हो भन्छन् नि । यो व्यङ्ग्य त्यसकै उपज हो तर एउटा कुरा चाहिँ मलाई थाहा छ, म माथि जेसुकै व्यङ्ग्य गरे पनि समाज बद्नाम हुने, विगार्ने वा यो क्षेत्रलाई अप्ठारो पर्ने कामचाहिँ म कहिलै गर्दिन, जसका कारणले नराम्रो व्यङ्ग्यको सिकार हुनुपरोस् ।

**भुवन केसी, नायक**

व्यङ्ग्य गरिने कलाकारहरू मध्ये म पनि प्रमुख हुँ । विशेष गरी मलाई लेडी किलरका रुपमा प्रस्तुत गरिन्छ । एक प्रकारले त्यो राम्रै हो । किनभने महिलाहरू प्रसंसक नभई कुनै पनि नायक हिट हुँदैन । यो उमेरमा पनि मलाई त्यसरी प्रस्तुत गर्नु मेरा लागि राम्रै हो । यद्यपि सस्तो खालको कार्टुन बनाउने, विभिन्न लाञ्छना लगाउने एवं चरित्र हत्या गर्ने किसिमको गाइजात्रे प्रहसन भने मलाई राम्रो लाग्दैन । अहिलेको जमाना धेरै शिक्षत भैसक्यो, समय अनुसारको व्यङ्ग्य गरिनु राम्रो हुन्छ ।



**कृष्ण सिटौला, नेता, नेपाली कांग्रेस**

हास्यव्यङ्ग्य लोकतन्त्रको सुन्दर पक्ष हो । व्यङ्ग्यकारले यस्तो व्यङ्ग्य गर्छ, जसले व्यक्तिको कमजोर पक्षलाई उसले उजागर गर्छ । लोकतन्त्रमा राजनीतिक दल, त्यसका नेता एवं सामाजिक चेतनाका बारेमा व्यङ्ग्य गर्नु यसको आकर्षक पक्ष हो । यी सबैले ती संस्था एवं व्यक्तिलाई उनीहरूको धरातलमा पुऱ्याएर सोच्न बाध्य तुल्याउँछ । सिर्जनशिल व्यङ्ग्यले ती संस्थाहरूलाई सुधार पनि गर्छ । कहिलेकाहीँ गलत खालको व्यङ्ग्य प्रकासन एवं प्रसारण गर्दा जनतामा गलत कुरा सम्प्रेषण हुन्छ । यसले समाजलाई हानी पनि गर्छ । उदाहरणका लागि राजनीतिक दलको व्यङ्ग्य गर्दागर्दै कहिलेकाहीँ लोकतन्त्रप्रति नै व्यङ्ग्य गरियो भने त्यसले दिने परिणाम भयंकर हुनसक्छ । त्यसप्रति व्यङ्ग्यकारहरू सचेत हुनै पर्छ । कसैकसैलाई व्यङ्ग्यले नराम्रो चोट दिने गरेको छ । त्यसबाट कतिपय व्यक्ति आत्तिएर त्यस्ता व्यक्तिहरूको विरोधी पनि हुनसक्छन् । मेरो विचारमा व्यङ्ग्य लोकतन्त्रको सुन्दर मात्र होइन, आवश्यक पक्ष हो । यसबाट आत्तिनुपर्ने कुनै कारण छैन ।



**खुमबहादुर खड्का, नेता, नेका**

हास्यव्यंग्य लोकतन्त्रको सुनौलो पक्ष हो तर नेपालमा व्यंग्यकारहरूले राजनीति नेताहरूमाथि बढी व्यंग गरेका कारण प्रजातन्त्रलाई नै अप्ठ्यारो परेको उदाहरण छ । जब माओवादी युद्ध सुरु भयो, त्यसबेला प्रजातान्त्रिक नेताहरूमाथि यदि धेरै प्रहार भए जसले यो प्रजातन्त्र नै खराब हो कि भन्ने भ्रम सिर्जना भयो । वास्तवमा नेताहरूको क्रियाकलाप गलत हुन सक्थे तर प्रजातन्त्रको विकल्प छैन । हिजोको गल्तीले माओवादीमाथि आए अब कुनै अतिवादी माथि आउनु हुँदैन ।

यति हुँदाहुँदै पनि व्यंग्य लोकतन्त्रको सुन्दर पक्ष हो । यसलाई सिर्जनात्मक ढंगले प्रयोग गर्न सक्नुपर्छ ।

**प्रस्तुति : अश्विनी कोइराला**


KHMIDC ADMISSION OPEN
Kantipur Hotel Management & Interior Design College
• Leadership • Creativity • Entrepreneurship




BHM Bachelor in Hotel Management — 4 years Course
BHCM Bachelor in Hospitality & Catering Management — 4 years Course
BID Bachelor in Interior Design — 3 years Course
BBA Bachelor in Business Administration — 4 years Course
MHM Master in Hotel (Hospitality) Management — 2 years Course
Kantipur Hotel Management & Interior Design College
Affiliated with Purbanchal University
Buddhanagar, New Baneshwor, Kathmandu,
Phone: 4780564, 4783904, Fax: 4785214
Institutional member: CHRIE, Griffith University, Harrow, IIDA
Paid Internship in Dubai, Malaysia, USA & Singapore.



Language & Computer
English: Elementary, Intermediate & Advanced Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/lab practice)
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Japanese/ Korean/German/Chinese French/ Spanish/ Italian.. classes
Computer: Basic/Advanced/Accounting/Graphic.. courses
UNPOL SAT Preparation Classes are going on!
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Face to Face Language Videos Price: Rs. 160/-
Easy Way Prem Swoveet's best language books with Audio /Video DVDs has recently come in the market! Price: 145/- only
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Boost Vocabulary Enhance word power Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet!) Web site: creativeoseas.com email: olc_swoveet@wlink.com.np



STUDY & WORK IN JAPAN
Free admission and Processing in INTAKE April 2011
FEATURES:
FREE Language
➩Free documantation Processing
➩College of different City
➩Free apply for JLPT, NAT, Bachelor Passed Student
➩Part time Job work Permit.
➩Japanese Language preparation class for work & tourist visit person.
➩All fees are after Eligibility
STK NEPAL
JAPANESE LANGUAGE INSTITUTE
エス.ティ.ケネパール日本語学校
Kalimati, Kathmandu -13. (Infront of Nepal Bank Kalimati)
Phone No 977-1-4285493, 9721433319
email: stknepal@hons.com.np, stknepal_japan@hotmail.com



NO.1 IN JAPAN
ENJOY THE ROYAL TREATMENT ALL THE WAY
World's Best Condom 2002 | World's Best Condom 2003 | World's Best Condom 2004 | World's Best Condom 2005 | World's Best Condom 2006 | World's Best Condom 2007 | World's Best Condom 2008 | World's Best Condom 2009 | World's Best Condom 2010



okamoto
OKAMOTO CROWN
Voted World's Best Condom for 9 years in a row by condomdepot.com
Availability:All leading Pharmacies and Supermarkets
Distributed by : OEPL, Enquiry : 9721430288
Made of SHEERLON™ One of the World's Thinnest and Strongest Shields

# मनोज गजुरेलका गाईजात्रे कोशेली

### असली जोकरहरु

माधव कुमार नेपाल : पार्टीलाई सहयोग गरेको-समानुपातिकमा परेको
के.पी. शर्मा ओली : प्वाक्क मुखमा हान्नुजस्तो
झलनाथ खनाल : भोक लाग्यो
वामदेव गौतम : ए राता मकै !
विद्यादेवी भण्डारी : पवनकली
सुशील कोइराला : माग्ने बूढा
शेरबहादुर देउवा : धुमुर्स
सुजाता कोइराला : सुन्तली
रामचन्द्र पौडेल : बान्द्रे
पुष्पकमल दहाल : गैंडा
बाबुराम भट्टराई : कम्प्युतल इन्दिनियर
रामबहादुर थापा : का'बेमान !
मोहन वैद्य : फिस्टे
रुक्माङ्गद कटवाल : ट्वाकेन्द्र
सुवासचन्द्र नेम्वाङ : घरबेटी बा
रामवरण यादव : मदनबहादुर
परमानन्द झा : हरिबहादुर



डामाडोल विचार

'दिल्ली नगई घिउ नपच्ने हाम्रा देशका सिल्लीलाई
बरु दानमै दिन पाए हुन्थ्यो दिल्लीलाई ।'

'सरकारका साँप्रा, टिनका पाप्रा के गर्नु पदकले
सहिदलाई सिस्नु बाँदरलाई लिस्नु भन्दैछ सडकले ।'

'युद्धम शरणम् गच्छामी, ध्वस्तम् शरणम् गच्छामी, श्यामम् शरणम् गच्छामी ।'

'नेपाल दुई ढुंगाबीचको तरुल हैन, दुई तरुलहरूबीचको ढुंगा हो ।'

'तरुलहरू बढेर कहाँबाट कहाँ पुगिसके, हामी ढुंगो जहाँको तहीं छौं ।'

'नेपाल दुई तरुलबीचको ढुंगा हो, सबै मिलेर खोज्ने हो भने ढुंगाभित्र मोती भेटिन्छ ।'

'गाई धोएर गधा हुँदैन, गधा धोएर नेता हुँदैन ।'

'देश इन्डिपेन्डेन्ट भयो, नेता इन्डिया-डिपेन्ड भए

यसरी हाम्रा सपना कोसी र कालीसँगै बगेर गए ।'

'सिरुपाते माधव नेपाल जुगा, बाबुरामको दाह्री
जुगा-दाह्री जुधाएर दंग भा'छन् पारि-इन्डियन बजाउन थपडी ।'

'संविधानसभा भवनमा चलिरहेको छ, नाटक- पुरानो बोतलमा नयाँ मेटासिड ।'

'जंगलमा प्रेम गर्नेलाई प्रहरीले निगरानी राख्ने-कान्तिपुरको समाचार
सहरमा घृणा फैलाउनेलाई प्रहरीले सलाम ठोक्ने-डामाडोल विचार ।'

'न बिर्खे तिमीलाई, न काले तिमीलाई
बिना अर्थ देशमा उचालें तिमीलाई ।'

'मन्दिरमा पूजाआजा गर्दैमा राजतन्त्र फर्किने भए सबैभन्दा ठूला राजा पशुपतिका भट्टहरू हुन्थे ।'

### फुटबल सम्बन्धी अनुत्तरित प्रश्नहरू

कुनै बलियो खेलाडीले हानेको बल पोलमा बज्रिंदा भएको दुई टुक्रामध्ये एउटा बाहिर गयो र अर्को पोस्टभित्र पस्यो भने त्यसलाई 'गोल' मानिन्छ कि मानिंदैन ?

.....

ताकी-ताकी संवेदनशील अङ्गमा लात्ती बर्साउने 'गेलाडी'हरूलाई रातोकार्डले मात्र पुग्छ कि अरू केही देखाउनुपर्छ ?

.....

एकातिर महिलामात्र र अर्कातिर पुरुषमात्र खेलाडीहरूबीच फुटबल हुन्थ्यो भने कसले कति गोल लगाउँथ्यो होला ?

.....

थोप्पै अंग्रेजी नबुझ्ने जापानिज खेलाडी र स्पेनिसबाहेक केही नजान्ने खेलाडीहरू मैदानमा कसरी झगडा गर्थे होलान् ?

.....

यदी दारुपानी पिएर खेल्न पाउने नियम हुँदो हो त हाफ टायमसम्ममा मैदानमा झरेका दाँतहरूको संख्या कति हुन्थ्यो होला ?

.....

परीक्षामा चिट चोराएजस्तो कोचले बाहिरबाट हेडफोनमार्फत प्रत्येक खेलाडीलाई निर्देशन दिन पाउँछ कि पाउँदैन ?

.....

खेलमैदानको वरिपरी बियर र रक्सीका आकर्षक विज्ञापनहरू राखेर खेलाडीलाई उत्तेजित गराउन खोजेको होला कि नहोला ?

मैदानमा खेलाडीका जर्सी विपक्षी टिमले खुस्काए खेलाडीले इज्जतसम्बन्धी मुद्दा हाल्न पाउने कि नपाउने ? पाउने हो भने फिफा, विपक्षी टिम वा कट्टु कम्पनी-कसमाथी मुद्दा दायर गर्ने ?

.....

फुटबल खेलमा बाजी राख्नु र जुवामा च्याँखे थाप्नुमा के फरक छ ? छैन भने फुटबल जुवा किन होइन ?

.....

जसले गोल गर्‍यो उसैमाथी गुजुल्टो पर्दा उक्त खेलाडीको निसास्सिएर मृत्यु भयो भने को जिम्मेवार होला ?

.....

फुटबलको साटो किपरलाई पोस्टभित्र छिरायो भने त्यसलाई के गर्ने होला ?

.....

यदि फुटबल फलामे धातुको हुँदो हो त, जुत्ता केको हुन्थ्यो होला ?

.....

उपरोक्त प्रश्नहरूको उत्तरका लागि हेर्नोस्-डामाडोल डटकम ।

**समाज रूपान्तरण**

हामी नयाँ नेपाल बनाउने महान् अभियानमा छौं, तर पुरानो नेपालका थुप्रै अवशेष ज्यूदै छन् । जात, भात, उँच-नीचको भेदभाव रहेसम्म त्यो सम्भव छैन । त्यसैले आउनोस्, समाज रूपान्तरणको प्रक्रिया यसरी सुरु गरौं-

# नारदको दृष्टिमा उत्कृष्ट दस खेलाडी



### माधवकुमार नेपाल

खान्नँ म त गाँजा र धतुरो
था छ होला ? म कति चतुरो
कामचलाउ सरकारको मुली म
नयाँ इतिहास रचना गरेको
गिनिज बुकमा नामै लेखिने भो
आफ्नो सरकार आफ्नै पार्टीले ढालेको ।

### झलनाथ खनाल

म हुँ नेक्वाप्य एमाले
ओली भन्छन् माउवादीको पाले
सरकार ढालें आफू प्रम खानलाई
माकुनेलाई मशानघाट लानलाई
यसो– प्रचण्डको दलाली गरेको
के गर्नु– पार्टी भयो नपुंसक मरेको ।

### खड्गप्रसाद ओली

ढाडे भा'को झल्ललाई रुवाइयो
माकुनेलाई प्रम नि खुवाइयो
चुनाव हार्‍या ह्याडओभर फाल्दैछु
एउटा खुट्टो सांसदमा हाल्दैछु
बोल्या कुरा ओलीले फेर्दैन
छविलाललाई कुर्सीमा हेर्दैन...।

### कमल थापा

प्लटिङ गर यो देश मधेशीलाई मधेस
अरू भड्खालोमा परेस्,
मलाई चाहियो नरेश
लोकतन्त्र लजायो, गणतन्त्र गन्हायो
राजा-राजा भन्दै सुके लुतो कन्यायो
सांस्कृतिक राजतन्त्र प्रचण्डले दिनेछन्
प्रम बन्न हाम्रो मत पैसा दिई किन्छन् ।

### सुशील कोइराला

गिरिजाबाबुको अपुताली खा'को छु
कामचलाउ सभापति भा'को छु
आदर्शवादी म मान्छे छक्का छु
रामु प्र.म. म अध्यक्ष पक्का छु
होइन भने म पनि 'उ' गर्छु
'उ' नसके ज्ञानुझैं 'कु' गर्छु ।

### रामचन्द्र पौडेल

को खाई को खाई प्रम गाँस मुखमा
सुशील दा'नै साथमा छन् दुःखमा
चिहान बनोस् झल्लुको तटस्थता
चाहियो श्याम शरणको मध्यस्थता
खोजे यिनले बनाउन काट्टे बाहुन
आफैं डाउन भइयो! जो जतासुकै जाउन ।

### शेरबहादुर देउवा

गिरिजा बाउ माथि गएपछि
भयो मेरो बिजोग
काँको नेता ? हुनुपर्ने मैले सधैं जोक ??
गिरिजापछि मलाई प्रधानमन्त्री भन्थे
उनै माथि गएपछि कसले मलाई गन्थे
जिब्रोमा करेन्ट लाग्ने शेरे प्रम खाने रामु
प्रमविना महाधिवेशन के-कसरी जानु ?

### पुष्पकमल दाहाल 'प्रचण्ड'

दुई ठाउँमा जित्या हो नि पाँचचोटि हार्‍या
बाबुरामलाई इन्डियाको पुच्छर भनी टार्‍या
मुली भा'को नौ महिना वामदेवलाई पाको
वामदेवसँग लसपस गर्दा ओली आगो भा'को
ह्याट्रिक नाघि पाँच पुग्यो चरण
ख्वामित जदौ जय श्याम शरण ।

### बाबुराम भट्टराई

यो थिङ्क ट्याङ्कलाई सबले साइड ला'कै हो
पानी ट्यांकी (प्रचण्ड) अगाडि आ'कै हो
पिएचडी गरेको यो सबको बाबुराम
बाबुरामलाई घोकाएर काखी च्याप्ने खाम
पाँचचोटि हार्दा पनि प्रचण्डकै पालो
सधैंभरि शिरमा तरबार भारतको गोठालो ?

### ज्ञानेन्द्र शाह

जुनै तन्त्र ल्याए पनि कसले सुख पाउला
गुमेको स्वर्ण फेरि कहिले फर्की आउला
दुई मिनेटमै असक्षमलाई लात्ती हानेर
स्वच्छ छविको सक्षमलाई ल्याउँथे तानेर
गणतन्त्र रोगी भयो मलाई फिर्ता लानु
दक्षिणको अक्टोपस ल्याई प्रधानमन्त्री छान्नु ।
















# कमल गाउँलेका गाईजात्रे कोशेली



### अक्टोपस नेपाल ल्याउ

विश्वकपमा नेपालमा पनि आयो जब फुटबल आयो कैले स्पेसको लायन गायव कैले बिजुली गायव मिडिया कम्पनीलाई पैसाको चटारो हामी नेपाली खेल्ने त कैले-कैले तै पनि विश्वकपको हावाले दिमाग खराब पाऱ्यो ।

खेल खेलेर कहालिएका देश, जर्मनी, इटली, ब्राजिल, अर्जेन्टिना तथा इंग्ल्यान्डले विश्वकपमा घोके ठ्याक खायो यो सबको कारण खेलाडी, प्रशिक्षण, गोलकिपर तथा कप्तानीका कारण होइन रै'छ । यो त सब त्यो जन्तु हो कि दाता शिव हो कि दुर्गामाता, अक्टोपस बाबाका कारण रैछ, त्यसैले त्यो दातालाई नेपाल ल्याउन पहल गरौं, नेपाली र नेपालको राजनीति कता जान्छ कहिलेसम्म सरकार बन्छ, अब कति पटक चुनाव हुन्छ, बनिहाले यो सरकार कहिलेसम्म ढल्छ, संविधान कहिलेसम्म बन्छ । दिनमा बिजुली कति घन्टा जान्छ, मेलम्ची कहिले आउूछ, कति अपहरणमा पर्छन्, कतिको ज्यान जान्छ, कति रूख ढल्छ, कतिले गैंडा ढाल्छन् कसले झ्यालबाट फोहोर फाल्छ, कति कलाकार अमेरिका भाग्छन् अरू कति राजनीति पार्टी खुल्छन्, गाविस सचिवले कहिलेसम्म राजनीनामा दिन्छन्, नेपाली युवा कहिले सम्ममा विदेशिन्छन्, पूर्वराजाको धार्मिक भ्रमण कहाँसम्म पुग्छन्, कालीबाबा फेरि कैले आउूछन्, रामदेवले लौका खान कहिलेसम्म सिकाउूछ, एमफम, टिभी च्यानल कति खुल्छन्, +२ कति हजार पुग्छ, नेपाली हिरोइन कतिसम्म नांगिन्छन्, हिरोहरू कतिसम्म बांगिन्छन्, यो सबको भविष्यवाणी गर्न नेपालमा अक्टोपस चाहिया छ ।

### थरिथरि नेपाली

६०१ हूलका हामी थरिथरि नेपाली
हातजोडी खुम्चिएका बेची महाकाली
नागरिकता कोटीकोटी आकांक्षाको पर्खाल
चम्चेहरूका काम गर्न इच्छुक र असल
लिम्बुवान, थारूवान, नेवार, मगर, कुमाल
खण्ड-खण्ड देश हाम्रो एक देश नेपाल
अनेक युद्ध क्रान्ति गर्छन् जनता छन् विशाल
पराजित मन्त्री हाम्रा जय जय माधव नेपाल

### रक्सी नखाऊ

एमाले बिग्रियो कुराले
कांग्रेस बिग्रियो बूढाले
माओवादी बिग्रियो भुरै-भुराले
त्यसैले
रक्सी नखाऊ लस्सी खाऊ
फेन्सिडिल होइन फर्सी खाऊ
चरेस होइन चनारस खाऊ
हिरोइन होइन हर्लिक्स खाऊ
भाङ होइन भटमास खाऊ
गाँजा होइन गाजर खाऊ
बियर होइन बयर खाऊ
बिंडी होइन बगेडी खाऊ
खैनी होइन, करौनी खाऊ
सिगरेट होइन अमलेट खाऊ
अमलेट नपाए चक्लेट खाऊ
अम्ल होइन अक्कल बढाऊ
साँच्चैकै गणतान्त्रिक नेपाल बनाऊ
हैन भने कोही चाइना जाऊ
कोही भारत जाऊ
कहिले साङ चाङ चिउ भन
कहिले क्या हाल है जि भन
तिमीहरूलाई त्यस्तै फिट छ
रेखा थापा यतै हिट छ
रेखाले भन्दा पनि धेरै देख्यौं
पहिले-पहिले चित्र चल्थ्यो चलचित्र भनियो
अहिले अंग चल्छ त्यसैले चलांग नाम भा'छ
जुन जोगी आछ बस्या छ खा'छ
वाह देश, वाह राजनीति, वाह नेता तिमीहरूले
जे गरेनी भा'छ ।

### खै के सार भो

साइकल देख्न नपाउनेलाई
आज पजेरो कार भो
आटो ढिडो खानेलाई सधैं फाइभस्टार भो
नेता बनाइ यहाँभित्र पठा'को आज खै के सार भो
जतातते अत्याचार गरिबको हार भो
बलत्कार दमन सधैं सार भ्रष्टाचार भो
ठूलाको जित सधैंभरि सानाको जेल हार भो
नेता बनाइ माथि पठाको आज खै के सार भो
महाकालीको मात्र कहाँ हो र मेचीको पनि हार भो
टनकपुर कालापानी आज सब बेकार भो
देश सारा डुबिसक्यो मन्त्री भाको के सार भो
जाउ कतार कमाउ उतै नेपाल आमालाई मार भो
नेता बनाई माथि पठाको खै आज के सार भो
जुन जोगी आए पनि जनतालाई मारै मार भो
नेपाललाई बनाइ बनाइ बाँचेको के सार भो
नेता बनाइ यहाँभित्र पठाको आज खै के सार भो ।

### कति गर्छौं लडाइँ झगडा

कति गर्छौं लडाइँ झगडा कति गर्छौं जात्रा
कहिले पनि नटुंगिने कस्तो हो यो यात्रा
बाह्र वर्ष कुकुरको पुच्छर ढुंग्रामा हाले पनि
कस्ता नेता जन्मे दैव ढुग्रै बंग्याउनी
हाम्रा नेता यस्ता छन् वैशाखका साँढेजस्ता
उही थालीमा भात खान्छन्
उही थालीमा आची गर्छन् ।
शान्ति सद्भाव एकता
नयाँ नेपाल बनाउ अब त ।

### जनता गोरु भए जोत्नु जोते

हवस्, हुन्छ, मर्जी होस्, बक्सियोस्, ल, भैहाल्छ नि भन्दाभन्दै
कहिले राणाले जोते
कहिले मण्डलेले जोते
कहिले पञ्चेले जोते
कहिले थापाले जोते
कहिले बहादुरले जोते
अहिले जोत्ने पालो ल को आ'छ
हेर्नुस् त यी लहरू
माधव नेपाल-ल
झलनाथ खनाल-ल
पुष्पकमल दाहाल-ल
रामचन्द्र पौडेल-ल
केपी ओली-ल
सुशील कोइराला-ल

### राजनीति

नेपालमा एक थोक खुब फस्टायो
त्यो हो राजनीति । जस्तै :
राजनीति-किनारा पसल
नेता- व्यापारी
जनता- ग्राहक

### जे दिन्छन् जति दिन्छन् मुन्टो घुसाऱ्यो गयो

त्यसपछि चोकमा, गल्लीमा, भट्टीमा
पसलमा, चिया दोकानमा
थोत्रा गाला बजायो आ-आफ्नो
पार्टीको डम्फु बजायो
भोलि कतै उर्दी जारी भए, भाला, लाठी, इँटा, ढुंगा
बोक्यो घरका झ्यालमा ठोक्यो,
कुनै न कुनै राजनीतिक दलको मुख पत्र बन्या छ
कतै चिउरा चपा'छ,
कतै कम्मर मर्का'छ ।
वाह ! राजनीति

### पाटी दर्ता गराउनुस्

कोही हुनुहुन्छ भने खाली
आउनुस् पाइन्छ ताली
कहिले हार्दैन खल्ती खाली
अगाडि गर्दैन कसैले गाली
न लगानी लाउनुपर्ने
न घाटा होला भन्ने डर
जीवनमा एक पटक मौका आए सात पुस्तालाई खान पुग्छ
त्यसैले आउनुस् है कोही चोखो हुनुहुन्छ भने
राजनीतिमा लाग्नुस् पार्टी दार्ता गराउनुस्
थर्काएर खान पुग्छ
कम्मर मर्काएर खान पुग्छ
लुटेर खान पुग्छ
सिडियो कुटेर खान पुग्छ
दिल खोलेर खान पुग्छ
झूटा कुरा बोलेर खान पुग्छ
किन जानु पऱ्यो दुबई र कतार
कसलाई छ र यहा देश बनाउन हतार ।

### मिहो हरायो

खलासीले डाइभर टेरेन
ड्राइभरले साहू टेरेन
साहूले सरकार टेरेन
कर्मचारीलाई पियनले टेरेन
सचिवलाई कर्मचारीले टेरेन
मन्त्रीलाई सचिवले टेरेन
प्रधानमन्त्रीलाई मन्त्रीले टेरेन
राष्ट्रपतिलाई प्रधानमन्त्रीले टेरेन
नेपालमा कुनै यो अनौठो कुरा होइन
व्यावसायिक सरकार हो यो
यहा मिहो नै छैन ।
**त्यसैले**
पानी आनेकी बात करते हो
बिजुली आनेकी बात करते हो
दिल जलानेकी बात करते हो
१० दिनसे मुख नही धोया हु
तुम नहानेकी बात करती हो ।


६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !! for Apr. 2011
+2, 'A'Level तथा PCL फेल भएता पनि ६ महिना पढेर एक वर्ष मै +2 पास गर्न सकिने, ११ को नपढी सिधै १२ को मात्रै पढेर Exam दिन पाईने, कक्षा ८, ९ Test फेल भएता पनि Test नै नदिईकन SLC दिन पाईने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, पास गर्न सजिलो, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
बाहिर बाट आएकाहरुलाई होस्टेलको व्यवस्था ।
प्राईभेट Test/SLC-2067
( आठै बिषयका नियमित कोचिङ्ग कक्षाहरू )
रेगुलर/एक्जाम्टेड (Tuition, Coaching Classes)
उपत्यका बाहिरबाट (SLC दिनेहरुलाई विशेष तयारी कक्षा)
SLC Preparation Class (Math, Opt. Math, Science, English etc.)
अंग्रेजी Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400, 9851021071
चावाहिल: 4460091, 9851085823
नयाँ बानेश्वर: 4484634, 9841160529
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437








STUDY IN JAPAN
तपाई +२ पास हुनुहुन्छ ?
"जापान जाऔं, आफ्नो र परिवारको सपनालाई साकार बनाऔं"
उसो भए, तपाई इच्छा गर्नुहोस् हामी तपाईको इच्छा पुरा गरिदिन्छौं ।
शतप्रतिशत विद्यार्थी पठाउन सफल हामीकहाँ आई बिना झन्झट, ढुक्कका साथ जापानमा आफुले चाहेको स्कूलहरु छानी अध्ययन गर्न जाने सुनौलो अवसर नगुमाउनुहोस् । सित्तैमा जापानिज भाषा अध्ययन गरी जापान जाने इच्छा पुरा गर्नका लागि हामीलाई सम्झनुहोस् । नयाँ कक्षाहरु धमाधम संचालन हुँदैछ ।

विस्तृत जानकारीका लागि आफुलाई पायकपर्ने ठाउँमा सम्पर्क:
Glitter Educational Institution Pvt. Ltd.
Bagbazar, opp. to NCC Bank, 4244851
Lok Jagaran Educational Institution Pvt. Ltd.
Kirtipur, 2031096
Shin Nihongo Training Institute
New Baneshwore, 4461074, 9849595306
Soaltee Education Consultancy Pvt. Ltd.
Thapathali Height, 4102041, 9841593586

# राई इज किङका किङ



पार्श्वगायनका नम्बर एक गायक राजेश पायल राई अब नायक बन्ने भएका छन् । करिब २ सय ५० चलचित्रमा गीत गाइसकेका गायक राईले एकै पटक तीनवटा चलचित्रमा नायकका रूपमा अभिनय गर्ने अवसर पाएका हुन् । चलचित्र गायनमा पहिलो रोजाइका यी गायकको अभिनययात्राले उनलाई कति साथ देला, त्यो त भविष्यमै थाहा पाइनेछ, तर एकैपटक तीनवटा चलचित्रमा काम गर्ने अवसर पाउनुलाई भने राम्रै उपलब्धि मान्न सकिन्छ । 'शारीरिक दृष्टिकोणले हिरोका लागि म एकदमै फिट छु भन्दिनँ,' दर्शन नमस्ते गीतका गायक राईले साप्ताहिकसँग भने- 'तर आफ्नो नायकीय छविलाई दर्शकमाझ स्थापित गर्न मेरो अथक मेहनतले काम गर्ने विश्वास लिएको छु ।' नायक बन्ने भएपछि आजभोलि राजेश अभिनय, नृत्य कतथा द्वन्द्वको अभ्यास गरिरहेका छन् । म्युजिक भिडियोका लागि गरेको अभिनयको अनुभवसँगै उनले चलचित्रमा अझ परिष्कृत अभिनय गर्ने बताए ।

दशैंअघि राई इज किङ गीतिसंग्रह श्रोतामाझ ल्याउने तयारी गरिरहेकै बखत राजेश गोकुल राईको निर्देशनमा निर्माण हुने रुद्राक्ष तथा उदय सुब्बाको निर्देशनमा निर्माण हुने लभ इन चाइना बोर्डरमा नायकका रूपमा अनुबन्ध भएका हुन् । राजेशले यी दुई चलचित्रमार्फत पृथक् कथामा काम गर्ने बताए । यस्तै राजेशको जीवन र किराँत संस्कृतिमा आधारित रहेर बजारमा आउन लागेको उनको गीतिसंग्रह 'राई इज किङ' कै शीर्षकमा पनि चलचित्र निर्माण हुने भएको छ । उक्त चलचित्रमा पनि राजेश नै नायक हुनेछन् । आरडीए फिल्म रिसर्चको ब्यानरमा बन्न लागेको चलचित्र राई इज किङको कथा राजन मुकारुङले लेखेका हुन् जसको निर्देशन राम गुरुङले गर्दैछन् ।

# सबै दोहोरो भूमिकामा



निर्देशक दीपक श्रेष्ठको चलचित्र 'हिम्मत-२' केही सातापछि नै प्रदर्शनमा आउँदैछ । निर्देशक श्रेष्ठले आफ्नै लगानीमा निर्माण गरेको यो चलचित्रलाई आफ्ना अघिल्ला चलचित्रभन्दा पृथक् तथा आकर्षक बनाउन सक्दो मेहनत गरेका छन् । चलचित्रमा गीत, संगीत, नृत्य, द्वन्द्व सबै पक्षमा मेहनत गरिएको दीपक बताउँछन् । यसबाहेक उनले चलचित्रका अधिकांश पात्रलाई दोहोरो भूमिकामा प्रस्तुत गरेका छन् । दीपक भन्छन्– 'चलचित्रका नायक, नायिका, हास्यकलाकार सबै दोहोरो भूमिकामा छन् ।' चलचित्रमा दर्शकले विराज भट्टका दुई रूप देख्न पाउनेछन् । नायिका युना उप्रेती पनि गाउँले तथा सहरिया युवतीको भूमिकामा प्रस्तुत भएकी छिन् । हास्यकलाकार श्रीकृष्ण लुईंटेलले पनि दोहोरै भूमिका निर्वाह गरेका छन् । कुकरले समेत बेजोड अभिनय गरेको यो चलचित्रमा धेरै कलाकारलाई दोहोरो भूमिकामा अभिनय गराउँदा गाह्रो भएन ? निर्देशक श्रेष्ठ भन्छन्– 'गाह्रो भन्दा पनि रमाइलोचाहिं बढी भयो ।' दीपकका अनुसार दोहोरो भूमिकामा अभिनय गर्नु पर्ने दृश्यमा विराज र युना पनि झुक्किएका थिए, छायांकनअघि बढ्दै जाँदा उनीहरू पनि आफ्नो भूमिकाप्रति सहज देखिए ।

# रेजिना र सोनिया भोजपुरी चलचित्रमा



एक दर्जन गीत समावेश गरिएको भोजपुरी चलचित्र 'प्यार करेला हिम्मत चाही'मा रेजिनाको भागमा सातवटा गीत परेको छ । रक्षक, हिरो हिन्दुस्तानीलगायत पाँचवटा भोजपुरी चलचित्रमा आइटम नृत्य गरिसकेकी रेजिनाले आफूलाई यसअघि थुप्रै भोजपुरी चलचित्रको अफर आए पनि मुख्य नायिकाको नभै सह-नायिकाको अफर मात्र आएकाले आफूले भोजपुरी चलचित्रमा काम नगरेको बताइन् । अर्की नायिका सोनिया केसीले पनि आफ्नो पहिलो भोजपुरी चलचित्र भएकाले आफू अत्यन्त उत्साहित भएको र यसको छायांकन नसक्दै अर्को भोजपुरी चलचित्रबाट अफर आइसकेको बताइन् । हाल भोजपुरी चलचित्र हिन्दी चलचित्रपछि सबैभन्दा ठूलो बजार भएको चलचित्र उद्योगका रूपमा स्थापित भएको छ । भोजपुरी चलचित्रले नेपालको तराई मात्र नभई भारतको युपी, बिहार, बंगाल तथा भोजपुरीभाषीको बाक्लो बसोबास रहेको मुम्बई, दिल्ली, पन्जाबजस्ता थुप्रै सहर तथा राज्यमा पनि प्रदर्शनको अवसर पाइरहेको छ । हाल हिन्दी चलचित्र ओभरसिजका दर्शकलाई लक्षित गरी निर्माण भैरहेको र भोजपुरी चलचित्र तल्लो तहका स्थानीय दर्शकलाई लक्षित गरी निर्माण भैरहेकाले भोजपुरी चलचित्रले छोटो समयमै लामो फड्को मारेको हो ।

**शंकर आचार्य**

# नन्दिनीमा सञ्चिता



विगत केही महिनादेखि मुम्बईमा रहेकी नेपाली नायिका सञ्चिता लुईंटेलले कलर्स टेलिभिजनको एउटा धारावाहिकमा अभिनय गर्ने पक्का भएको छ । विगत दुई महिनादेखि उनी कलर्सको 'नन्दिनी' धारावाहिकको कार्यशालामा प्रशिक्षण लिइरहेकी छिन् । आफूसहित पाँच जना कलाकारले उक्त कार्यशालामा विभिन्न प्रशिक्षण लिइरहेको सञ्चिता बताउँछिन् । ड्रेसअप, क्यामेरा एंगल, मेकअप, अभिनयजस्ता विधामा प्रशिक्षण लिइरहेकी छु, सञ्चिता भन्छिन्– 'कार्यशाला सम्पन्न भएपछि धारावाहिकको मुख्य भूमिकामा प्रस्तुत हुनेछु ।' उक्त धारावाहिक २ सयभन्दा बढी भागको हुने सञ्चिता बताउँछिन् ।

# केपी ओली कि धुर्मुस ?



केपी ओलीजस्तै देखिने यी व्यक्ति केपी ओली भने होइनन् । को हुन त यिनी ? यी मेरी बास्सैका मुख्य कलाकार धुर्मुस अर्थात् सीताराम कट्टेल हुन् । मानवअधिकारसम्बन्धी टेलिश्रृंखलाको छायांकनका क्रममा उनी यस्तो गेटअपमा देखिएका थिए । सम्धीज्यू शीर्षकको यो टेलिश्रृंखलामा सीताराम दुरुस्तै केपी ओली देखिएका छन् । 'तर मैले केपी ओलीको चरित्रमा अभिनय गरेको होइन् नि,' सीतारामले साप्ताहिकलाई भने- 'मलाई ओलीजीको उखान-टुक्कासहितको तर्कसंगत कुरा गर्ने बानीले उहाँको प्रशंसक बनाएकाले उहाँकै शैलीमा यो श्रृंखलामा अभिनय गरेको हुँ ।' टेलिश्रृंखलामा उनी केपी ओली वा नेताको जस्तो चरित्रमा पनि छैनन्, तर उखान-टुक्कासहितको ओली शैलीको मीठो प्रयोग भने श्रृंखलामा देख्न सकिन्छ । चाँडै नै प्रसारणमा आउने यो श्रृंखला केपी ओलीलाई हेरिदिन आग्रह गर्ने योजना पनि उनले बुनेका छन् । धुर्मुस भन्छन्- 'ओलीको स्पष्ट बोल्ने शैलीकै अभावमा देशले सही बाटो नपाएको जस्तो लागेकाले मैले ओलीको चरित्रमा अभिनय गरेको हुँ ।' धुर्मुसका अनुसार एमालेका प्रभावशाली नेताको तर्क गर्ने क्षमता र विरोधीलाई भित्तैमा पुग्ने गरी दनक दिने वाक्कलालाई उनले जगन्नाथ बाजेको भूमिकामा निर्वाह गरेका छन् । सीताराम भन्छन्- 'यो सिरियल प्रसारण भएपछि मेरो कामको प्रशंसा हुने कुरामा ढुक्क छु ।'

# पूरा भयो सपना मेरो



पूरा भयो सपना मेरो.., उनले दरबारमार्गस्थित बेकरी क्याफेमा लामो सुइय्यपछि भनिन्- 'राजेश हमालसँग अभिनय गरेपछिको उत्साह नै बेग्लै छ ।' 'भावना मनको' गीतिसंग्रह बजारमा ल्याएकी गायिका निशा सुनारले उक्त संग्रहमा समावेश एउटा गीतको म्युजिक भिडियोमा नायक राजेश हमालसँग अभिनय गरेपछि फुर्तीका साथ आफ्ना कुरा राखेकी थिइन् । निशाको ड्रिम ब्वाइ बनेका नायक हमाल अभिनीत यो भिडियो अहिले टेलिभिजनहरूमा प्रसारण भैरहेको छ । भुवन केसीसँग एउटा लोकगीतमा अभिनय गरेर चर्चा कमाएकी यी गायिकाले त्यसपछि दिलीप रायमाझीसँग पनि अभिनय गरिसकेकी छिन् । 'मैले गाएका गीतमा नेपाली रजतपटका नायकहरूलाई अभिनय गराउने इच्छा थियो,' उनले भनिन्- 'अब सुपरस्टारलाई पनि अभिनय गराइसकेपछि उक्त इच्छा पूरा भएको छ ।' नगरकोटको डाँडामा चल्तीका यी नायकसँग अभिनय गर्दा उनले थुप्रै मीठा अनुभव सँगालेकी छिन् । निशा भन्छिन्- 'राजेश हमालको बेजोड अभिनयसँगै उहाँ र मेरो जोडी मिलेको प्रतिक्रिया पनि पाएकी छु ।'

## किन लाग्छ माया

पाउनु मात्र माया होइन, त्याग्नु पनि माया हो भन्ने सन्देश बोकेको चलचित्र 'किन लाग्छ माया' को डबिङ प्राइम स्टुडियोमा भैरहेको छ। पपुलर मल्टिमिडियाको ब्यानरमा निर्मित 'किन लाग्छ माया' मा निखिल उप्रेती, राजबल्लभ कोइराला, झरना थापा, गरिमा पन्त, रवि गिरी आदिको मुख्य भूमिका छ भने द्वन्द्व रोशन श्रेष्ठ, संगीत लक्ष्मण शेष, निर्देशन गोपालचन्द्र लामिछानेको छ। 'किन लाग्छ माया'लाई सक्दो चाँडो प्रदर्शनमा ल्याउने कुरा निर्माण पक्षले बताएको छ।

## • फिल्मी खबर •

## गुरुङ भाषाको चलचित्र

गाउँघर खाली हुने क्रम बढेको छ। युवाहरू विदेश पलायन भैरहेका छन् भने कोही सहरमुखी हुँदैछन्। फलस्वरूप गाउँघरको स्थिति नाजुक छ। यही परिवेशमा केन्द्रित रहेर गुरुङ तथा नेपाली भाषामा चलचित्र 'नकई फू' (कुखुरीको अन्डा) को निर्माण प्रारम्भ भएको छ। निर्देशक माओत्से गुरुङले चलचित्रको निर्माण थालेका हुन्। यो चलचित्रले पछिल्लो क्रममा बनेका नेपाली चलचित्रकै शैलीलाई पछ्याएको निर्देशक गुरुङले बताए। चलचित्रका मुख्य पात्र गजेन्द्र गुरुङ चलचित्रभित्र निर्देशकको भूमिकामा छन् भने चलचित्रमा मनोज गुरुङ र शिवराज गुरुङको संगीत रहनेछ। यो चलचित्रमा देवकाजी गुरुङ, जस्सु गुरुङ, प्रतीक्षा गुरुङ, वीरमाया गुरुङ, शान्ति गुरुङ आदिले पनि अभिनय गरेका छन्। २० लाखको लागतमा बन्न लागेको यो चलचित्रको अधिकांश छायांकन पोखरा र पर्वतमा हुँदैछ।

## असोजमा कसले चोर्‍यो मन

नायिका रेखा थापाको ब्यानरमा निर्माता छवि ओझाले निर्माण गरेको चलचित्र 'कसले चोर्‍यो मन' असोज २९ गते सार्वजनिक हुनेछ। प्रेमकथामा आधारित उक्त चलचित्रमा रेखा थापाका साथ आर्यन सिग्देल नायक छन्। शबिर श्रेष्ठको निर्देशनमा निर्माण भएको चलचित्र कसले चोर्‍योमन सार्वजनिक भएपछि अर्को प्रेमकथामा आधारित चलचित्र निर्माण गर्ने रेखाले बताएकी छिन्।

## नबिर्से तिमीलाई

महेश खड्काको संगीतमा अञ्जु पन्तले गाएको चर्चित गीत 'न बिर्से तिमीलाई, न पाएँ तिमीलाई' लाई नै शीर्षक बनाएर निर्मात्री प्रज्ञा जोशी एउटा चलचित्र निर्माण गरिरहेकी छिन्। योगेश घिमिरेको निर्देशनमा छायांकन भैरहेको उक्त चलचित्रमा विराज भट्ट तथा बाबु बोगटी नायक छन्। झरना थापाले नायिकाको भूमिका निर्वाह गरेको यो चलचित्रको छायांकन काठमाडौं उपत्यकामा भैरहेको छ।

## भदौ २५ देखि हिम्मत टु

दीपक श्रेष्ठको निर्माण एवं निर्देशनमा बनेको सिक्वेल चलचित्र 'हिम्मत टु' आगामी भदौ २५ गतेदेखि नेपाल अधिराज्यभर एकसाथ सार्वजनिक हुँदैछ। चलचित्रमा विराज भट्ट, युना उप्रेती तथा श्रीकृष्ण लुइँटेलको दोहोरो भूमिका छ। यसका साथै चलचित्रमा बसुन्धरा भुसाल, दिनेश डिसी, सुशील पोखरेल आदि कलाकारले अभिनय गरेका छन्। काठमाडौं, पोखरा र जोमसोममा छायांकन गरिएको चलचित्र 'हिम्मत टु' का संगीतकार आलोकश्री हुन्।

## दर्शकसँग फस्टलभको टोली

नेपाली कथानक चलचित्र फस्टलभका कलाकार एवं निर्माताहरूले मंगलबार दमौलीको उत्तरशीला चलचित्र मन्दिरमा दर्शकसँगै बसेर चलचित्र हेरेका छन्। गत साता देशभरका ५२ वटा हलबाट एकसाथ प्रदर्शनमा आएको चलचित्र फस्टलभको मोफसलका दर्शकको प्रतिक्रिया बुझ्न आएका फस्टलभका निर्माताद्वय माधव वाग्ले, नरेन्द्र महर्जन तथा नायकद्वय विनय श्रेष्ठ र कर्मा शाक्यले दर्शकसँग बसेर चलचित्र हेरेका हुन्। चलचित्र हेरेपछि सञ्चारकर्मीसँग कुरा गर्दै निर्माता वाग्लेले मोफसलका हलहरूमा दर्शकको उत्साहप्रद सहभागिता देखेर आफू उत्साहित भएको बताए। करिब ७० लाखमा निर्माण गरिएको यो चलचित्रले दुई सातामै सवा करोडभन्दा बढि कमाई गरिसकेको उनले जानकारी दिए।

## तालको नगरीमा

वासुदेव पोखरेलको निर्देशनमा निर्माणाधीन चलचित्र पल्टनको छायांकन लेखनाथको द्धा स्टुडियोमा भैरहेको छ। जुनसकै अवस्थामा पनि अन्यायका विरुद्ध एकजुट भइयो भने न्याय पाउन सकिन्छ भन्ने सन्देश बोकेको यो चलचित्रको अधिकांश भागको छायांकन सात तालको नगरी लेखनाथमा हुँदैछ। यो चलचित्रमा दमदार भूमिका पाएकोमा नायिका तृप्ति निकै प्रफुल्ल देखिन्छिन्। चलचित्रका लागि स्टुडियोमा आकर्षक सेटहरू बनाइएको छ।





## • लभ गुरु •

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २९ वर्षीया महिला हुँ। मेरो एक सन्तान पनि छ। आजभन्दा १४ वर्षअघि मेरो एक प्रेमी थियो र हामीबीच शारीरिक सम्पर्क पनि भएको थियो। एसएलसी उत्तीर्ण भएपछि हामी आ-आफ्नो अध्ययनको सिलसिलामा गन्तव्यतर्फ लाग्यौं। कति भेट हुन प्रयास गर्‍यौं, तर भेट हुन सकेन। पछि मेरो अर्कैसँग विवाह भयो। उसले पनि प्रेम विवाह गरेछ। अर्कातर्फ मेरो श्रीमान्ले सन्तान पाँच वर्षको भएपछि मलाई छाडेर अर्कै विवाह गरे। म एक्लै भएँ। यद्यपि घर-परिवार र छरछिमेकले मलाई राम्रै स्थान दिएका छन्। मेरो स्थायी जागिर पनि छ। १४ वर्षपश्चात् मेरो पहिलो प्रेमीसँग भेट भयो। एक्लो भएका कारण हामी प्रेममा बाँधिएका छौं। हामीबीच बेला-बेलामा सुरक्षित सम्पर्क पनि हुन्छ। उसकी श्रीमती र दुई सन्तान छन्। हामी दुईबीच कसैले शंका गर्न सक्दैन। ऊ आजभोलीको सफल व्यापारी पनि हो। यो कुरा भोलि कसैले थाहा पाए उसको सफल व्यवसाय र मेरो स्थायी जागिरमा धक्का पुग्न सक्छ। यो पत्र हामी दुवै सँगै बसेर लेखिरहेका छौं। हामीजस्तो अप्ठ्यारो अवस्थाका जोडीलाई के सल्लाह दिनुहुन्छ ?**

**पी.**

तपाईंहरूको कथा हृदयविदारक छ। विशेष गरी महिलालाई कुनै पुरुषले छाडिदिनु र एक्लो भएको अवस्थामा पुरानो प्रेमी फेला पर्नु सौभाग्यको कुरा हो। यसले जीवनका तीता क्षण बिर्सन मद्दत गर्छ। यद्यपि यहाँ एउटी महिलाले नयाँ जीवन पाए पनि अर्की महिलाको कथा पीडादायी छ। एउटी महिला जसका सफल व्यापारी र दुई सन्तानका पिता श्रीमान् छन्। त्यस्ता व्यक्ति अरू नै महिलाको प्रेममा फसेका छन् भन्ने थाहा हुँदा उनको मनमा के हुँदो हो, यसको कल्पना एउटी महिलाले मात्र बुझ्न सक्छिन्। तपाईंहरूलाई मेरो सुझाव छ, अब तपाईंहरू परिपक्व भैसक्नुभएको छ। आजसम्म जे भयो, त्यसलाई बिर्सिदिनुहोस्। तपाईंहरू दुवैको जुन प्रतिष्ठा छ, त्यसको ख्याल राख्दै शारीरिक सम्बन्ध राख्ने कार्यलाई पूर्ण रूपमा बन्द गर्नुहोस्। मित्रका रूपमा जीवनमा एक-अर्कालाई सहयोग गर्ने, भावना आदान-प्रदान गर्ने कामलाई निरन्तरता दिन सक्नुहुन्छ। जीवनको यो उमेरमा आएपछि यौन ठूलो कुरा हुँदैन, हुनुहुँदैन। आजैदेखि दुवै जना एक-अर्काप्रति केवल मित्रका रूपमा मात्र व्यवहार गर्नुहोस्। किनभने अरूले थाहा पाउन्-नपाऊन्, एक क्षणको आवेशमा साताभरि तनाव बेहोर्नुभन्दा शारीरिक सम्बन्धबाट टाढा रहनु नै श्रेयष्कर हुन्छ।


What after Exam ?
उद्‌घोषण/ANCHORING
(RJ / VJ / STAGE / NEWS / TECHNICIAN)
Public Speaking / Speech Art
Personality & Confidence Development
(Mass को अगाडी बोल्न नसक्नेको लागि)
The Media's Collection
Bagbazar (Opp. to Petrol Pump) Ph: 4233042
Chardobato, Banepa (opp. to Red Cross):-011-664506
Also in Pokhara and Itahari Rs. 1000/- Discount
Job opportunity for the best





आवश्यकता

ऐच्छिक सहकारी संस्था तथा एक प्रतिष्ठित उद्योगको लागि कर्मचारीको आवश्यकता।

| पद | संख्या: | योग्यता: |
| --- | --- | --- |
| का.सहायक | २+२ | BBs. |
| क्यासियर | २+१ | I.Com |
| रिसेप्सनिष्ट | १+१ | S.L.C. |
| एकाउन्टेन्ट | १+१ | Inter |
| फिल्ड अधिकृत | ५+५ | S.L.C. |
| सुभरभाईजर | ५+५ | Test/SLC |

तलब: रु. १०,०००/-
नोट: शनिबार पनि Office खुल्ला रहने तथा Document अनिवार्य
अनुभव नभएकाहरुलाइ Training को व्यवस्था।
सामाखुशी: फोन नं.: ९७२१५७६८८४
९८४११४९७८१, ९८०८६५४४९३

Skills Training + Preparation Classes
Air Hostess / Cabin Crew
Accounting / Banking
Hardware + Networking
Computer Graphic / Web
IELTS / TOEFL
SAT / GRE / GMAT
Special English
French / German
Abroad Study + Intern + Visit Visa
UK, USA, Canada, New Zealand, Japan
Germany, Norway, Switzerland, India
Ireland, Europe, Australia, Many More
New Baneshwor-2292233, Kumaripati-2292244, 5008632
Shaping Minds Group
Putalisadak 2222605 4233478
Itahari 025-584310
Birtamod 023-543102
Wanted Consultancy Franchisee: All Over Nepal
Facilities
Good Profit Sharing
Up-to-date Training
International Visits
Conference Support
Free Advertisements
And Many More..........

भर्ना खुल्यो ! भर्ना खुल्यो !
नेपालकै पहिलो Complete Skin Facial & Treatment Academy मा International Standard को स्पेशल सर्ट स्किन ट्रिटमेन्ट कोर्ष र कम्प्लीट स्किन ट्रिटमेन्ट कोर्षमा भर्ना खुल्यो।
अवधि : १८ दिन, १ महिना, २ महिना र ३ महिना
थ्योरी : डी.बी. गुरुङ्ग/प्राक्टिकल : जानकी श्रेष्ठ
Beauty Basics Skin Academy
Beauty Basic Skin Academy
Kupondole-1, Lalitpur, Ph: 01 5555698
भारतीय कम्पनीको एक मात्र आधिकारिक।

नयाँ! Protein Hair®
अभूतपूर्व अब नेपालमा उपलब्ध






* नयाँ PROTEIN HAIR पुन:स्थापन - रू. १८,०००/-
* नयाँ PROTEIN HAIR प्रयोग गर्न चाहनु हुन्छ भने तपाईंको पुरानो प्रविधिको कपाल पुन:स्थापन हामी किन्ने छौं।
फोन: ४११०७३३ | सम्पर्क सिंह
प्रोटिन हेयर डिजाईन काठमाडौं
प्रोटिन हेयर डिजाईन काठमाडौं प्रा.लि. (सुन्दर सिंहको ब्यवस्थापनमा)
सिनामंगल-९, पो.ब. २०३९७, ब्लु होस्टेल बिल्डिङ्ग, काठमाडौं
मोबाइल : ९८५१०-६७५४० (सिंह) E-mail: KATHMANDU@EASYHAIRGROUP.COM

# नील नितिनको पहिलो चुम्बन दृश्य



अभिनेता नील नितिन मुकेशलाई बलिउडमा मिष्टर कन्जरभेटिभका रूपमा चिनिन्छ । तिनै नील आफ्नो आगामी चलचित्र 'लफंगे परिन्दे' मा खुलेका छन् । प्रदीप सरकारको निर्देशन रहेको यो चलचित्रमा अभिनेता नील नितिनले अभिनेत्री दीपिका पादुकोणसित चुम्बन दृश्य दिएका छन् । स्रोतका अनुसार सुरुमा उक्त दृश्यका लागि आनाकानी गर्ने नील अन्ततः निर्देशक प्रदीप र अभिनेत्री दीपिकाले राम्रोसँग सम्झाएपछि चुम्बन दृश्य दिन तयार भए । उक्त चुम्बन दृश्य चलचित्र राजा हिन्दुस्तानीको आमिर खान र करिश्मा कपुरको चुम्बन दृश्यभन्दा हट, लामो र जबर्जस्त भएको स्रोतको दावी छ ।

# नायिकाले केश काटेपछि

चलचित्र 'हयारी पोर्टर' बाट लोकप्रिय भएकी नायिका एमा वाट्सन आफ्नो केश काटेपछि चर्चामा छिन् । एउटा समाचारमा जनाइएअनुसार चलचित्र 'द गर्ल विद द ड्रागन टाटु' मा कम्प्युटर ह्याकर लिसबेथ सलेन्डरको मुख्य भूमिकामा छनोट हुन उनले आफ्नो सुन्दर केश छोट्याएकी हुन् । २० वर्षीया नायिका एमाका अनुसार केश छोटो भएपछि उनलाई स्टिज लर्सनको बेस्ट सेलिङ उपन्यासमा आधारित चलचित्रमा मुख्य भूमिका निर्वाह गर्ने अवसर प्राप्त हुनेछ । पछिल्लो जानकारीअनुसार एमाले उक्त चलचित्रका निर्देशक डेबिड फिन्चरलाई अडिसन दिएकी थिइन् । अडिसनका क्रममा निर्देशकले स्पाइकी शैलीको हेयरस्टाइल लिसबेथको भूमिकामा नजम्ने बताएपछि एमाले हतार-हतार केश काटेकी हुन् ।



# प्रेमीको खोजीमा गोमेज



नायिका सेलिना गोमेज एउटा राम्रो प्रेमिको खोजीमा छिन् । गोमेजका बारेमा प्रकाशित एक समाचारमा जनाइएअनुसार उनी प्रेमीको माया पाउन संघर्ष गरिरहेकी छिन् । पछिल्ला छ महिनायता उनी कसैसँग पनि डेटिङमा गएकी छैनन् । वर्ष २०१० को प्रारम्भमा आफ्नो प्रेमी निक जोनाससँग अलग भएकी १८ वर्षीया नायिका गोमेज पनि आफू एउटा नयाँ प्रेमीको खोजीमा रहेको स्वीकार गर्छिन् । 'दुर्भाग्यै नै मान्नुपर्छ, पछिल्लो छ महिनादेखि म डेटिङ गएकी छैन,' गोमेज भन्छिन्– 'मेरो प्रेम-सम्बन्ध लामो समयसम्म टिक्न नसकेकोमा दुःख लागेको छ ।' गोमेजले आफ्नो उमेर अन्य नायिकाको तुलनामा निकै कम भएकाले पनि राम्रो प्रेमी पाउने कुरामा आशावादी रहेको बताइन् । 'मलाई त के लाग्छ भने जब तपाई १ हजार पटक डेटिङमा जानुहुन्छ, तबमात्र तपाईले एउटा आदर्श व्यक्ति फेला पार्नुहुनेछ ।'



# नयाँ अवतारमा अन्तरा

रामगोपाल वर्माको सेक्सी एन्ड बोल्ड खोज अन्तराले आफ्नो बोल्डनेसलाई चलचित्र 'नाच' र 'मिस्टर या मिस' मा देखाएकी थिइन् । तिनै अन्तरा पुनः बोल्ड हुँदै पर्दामा देखिँदैछिन् । यसपटक सेक्सी र ग्ल्यामरस भएर भने होइन, अब अन्तरा डिग्ल्यामराइज्ड लुकमा प्रस्तुत हुँदैछिन् । अमोल पालेकरको चलचित्र 'एन्ड ओन्स अगेन'का लागि बौद्ध भिक्षुणीको भूमिका निर्वाह गर्ने क्रममा अभिनेत्री अन्तराले आफ्नो टाउको मुडुलो बनाएकी छिन् । ह्यरलेस अन्तराको यो चलचित्रका अधिकांश दृश्य सिक्किममा छायांकन गरिएका छन् ।



# सोनमले चुम्बन गर्न मानिनन्

अभिनेता अनिल कपुर पुत्री अर्थात् साँवरिया गर्ल सोनम कपुरले अभिनेता शाहिद कपुरसित चुम्बन दृश्य दिन अस्वीकार गरेकी छिन् । स्कटल्यान्डमा छायांकनको अन्तिम चरणमा पुगेको चलचित्र 'मौसम'का लागि शाहिद र सोनमबीचको चुम्बन दृश्य क्यामेरामा कैद गर्न खोजिएको थियो । स्रोतका अनुसार अभिनेता शाहिदका पिता पंकज कपुरको निर्देशनमा निर्माण भैरहेको यो चलचित्रका लागि चुम्बन दृश्यको आइडिया पनि शाहिदले नै आफ्नो पिता पंकजलाई सुझाएका थिए, तर चलचित्रको ओरिजिनल स्क्रिप्टमा चुम्बन दृश्य उल्लेख नभएको कारण देखाई सोनमले उक्त दृश्य दिन अस्वीकार गरिन् ।

# माया गर्न सिक्दै



हलिउड नायिका ड्रिउ बेरीमोरले आफूलाई माया गर्न नआउने अभिव्यक्ति दिएकी छिन् । 'मलाई अहिले पनि माया-प्रेमका बारेमा धेरै कुरा थाहा छैन, सुन्दर नायिका बेरीमोर भन्छिन्– 'माया कसरी गर्ने भन्ने कुरा सिकिरहेकी छु ।' चलचित्र 'चार्लिज एन्जल' बाट लोकप्रिय भएकी बेरीमोरले जस्टिन लङसँगको सम्बन्धलाई समेत अस्वीकार गरेकी छिन् । बेरिमोर भन्छिन्, 'जस्टिनले मेरो निजी जीवनको ढर्रा नै परिवर्तन गरिदियो । जस्टिनसँगको मेरो सम्बन्धमा माया थिएन, त्यो एउटा आकर्षक मात्र थियो ।' बेरीमोरले भर्खरै मात्र माया कस्तो हुन्छ भन्ने कुरा अनुभव गर्न थालेको बताएकी छिन् । 'म अब गाँसिने प्रेमसम्बन्धलाई मात्र प्राथमिकता दिन्छु, बेरीमोरको दाबी छ– 'यसअघिका प्रेम केवल लहड मात्र थिए ।'

# गाईजात्रा



मदनकृष्ण श्रेष्ठ (हास्य अभिनेता)

## ● मेरो अनुभव ●

मेरो पुख्र्यौली घर बालाजुबाट केही पर जितपुर फेदीमा पर्छ । त्यो ठाउँ निकै सांस्कृतिक छ, चाड पर्व तथा उत्सवहरू निकै धुमधामले मनाइन्छ । राजा जगतपकाश मल्लले चलाएको गाईजात्रा मनाउने चलनलाई अहिलेसम्म निरन्तरता दिनुको कारण भने बितेका मानिसको सम्झना हो, तर त्योभन्दा पनि मुख्य कारण घरमा कसैको निधन भएर शोकाकुल भै बसेका आफन्तहरूले जुँगा, सिंग आदि लगाएर उनीहरूको अनुहारमा केहीबेरका लागि भए पनि मुस्कान ल्याउनु हो । म छ वर्ष जतिको थिएँ होला, मेरो हजुरआमा बितेकामा गाईजात्रा निकाल्नुपर्ने भएकाले मलाई गाई बनाएर बजार डुलाइयो । त्यो बेला हामी काठमाडौंमै थियौं र मलाई गाई बनाएर सहर घुमाइएको थियो । ०१६ साल तिर पनि मेरी साइँली आमाको निधन भएको बेला घरमा सबै शोकमग्न हुनुहुन्थ्यो । त्यति बेला पनि मलाई गाई बनाएर जितपुर फेदी बजार डुलाइएको थियो । मेरो कलिलो अनुहारमा गाजलले जुँगा बनाई दिंदा शोकमग्न परिवारमा केहीबेर हाँसो छरिएको थियो । जितपुर फेदीमा जगन्नाथ सिंह भन्ने एकजना व्यक्ति हुनुहुन्थ्यो । उहाँ गाईजात्राको बेला फुटेको चश्मा, मकैको जुँगा, फाटेको लुगा लगाएर एकापट्टी भ्वाङ् परेको मादल बजाएर मानिसहरूलाई हसाउँदै डुल्नु हुन्थ्यो । गाईजात्रा भनेपछि म उहाँलाई पनि सम्झन्छु ।

यी भए मेरा बाल्यावस्थाको गाईजात्रा । ०२८ सालमा नेवारी भाषाको संरक्षण तथा उत्थानका लागि हामीले 'मुना सः' भन्ने संस्था गठन गरेका थियौं । म त्यो संस्थाको सचिव थिएँ । गाईजात्रामा हामी बर्सेनि 'हास्यव्यंग्य प्रतियोगिता' गर्थ्यौं । म त्यतिबेला गीत गाउँथे । ०३२ सालमा तत्कालीन प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव सत्यमोहन जोशीलाई प्रतियोगिताको उद्घाटन गर्न बोलाइयो । उहाँले कार्यक्रम हेरेपछि उक्त प्रतियोगितालाई प्रतिष्ठानको हलमा आयोजना गर्ने अवसर दिनुभयो । ०३३ सालमा हरिवंश (आचार्य) ले त्यो प्रतियोगितामा भाग लिएका थिए । ०३७ सालमा नेपाल राष्ट्र बैंकको वार्षिकोत्सवमा 'बैंकेश्वर' प्रहसनदेखि हामीसँगै प्रहसन गर्न थाल्यौं । ०३८ मा गाईजात्राको अवसरमा हामीले 'यमलोक' मञ्चन गर्‍यौं । त्यति बेला दर्शकहरू टिकट पाउन रातभरि काउन्टर अघि सुत्थे । त्यही साल विभिन्न राजनैतिक पार्टीहरूमाथि तत्कालीन सरकारले लगाएको प्रतिबन्ध फुकुवा गरेको थियो । मलाई सम्झना छ, प्रहसन गर्दागर्दै हामीले विश्वेश्वरप्रसाद कोइराला, मनमोहन अधिकारी, गणेशमान सिंह जस्ता दिग्गज नेताहरूलाई दर्शकदीर्घामा देख्यौं । त्यसपछि हरिवंश र मैले उहाँहरूतर्फ इंगित गर्दै अनायसै डाइलग फेरेर रमाइलो गरेको सम्झना छ । अहिले टेलिचलचित्रमा व्यस्त भएकाले गाईजात्राका बेला कार्यक्रम गर्न पाइरहेका छैनौं । फेरि हामीले कार्यक्रम गर्ने स्थल (अन्तर्राष्ट्रिय सम्मलेन केन्द्र) लाई कुकुर-बिरालो जात्रा गर्ने स्थानमा परिवर्तन गरियो । गाईजात्रे कार्यक्रम गर्ने अभिभारा नयाँ पुस्ताले बहन गरिरहेकाले पनि त्यसमै आत्मसन्तुष्टि पाइरहेका छौं ।

## केवल एक प्रश्न

# हास्यव्यंग्यका लागि गाइजात्रा नै कुर्नुपर्छ र ?



देशको स्थिति देख्दा रुनु न हाँस्नु भैसक्यो । हाँस्नलाई गाईजात्रा कुर्नुपर्दैन । नेताहरूको क्रियाकलाप हेरेर पेट मिचीमिची हाँस्न सकिन्छ । पुगेन भने टेलिभिजन च्यानलहरूमा दैनिक एउटा न एउटा हास्यव्यंग्य कार्यक्रम आएकै हुन्छ । अझ त्यतिले पनि पुगेन भने समाचार हेरेर हाँस्दा पनि हुन्छ ।

**अंशु महर्जन (हास्यअभिनेत्री)**

पर्दैन, अब कुर्नै पर्दैन । राजा, राणा र नेताले गाईजात्रा सिकाएका हुन् । राजा जगतप्रकाश मल्लले गाईजात्राको चलन चलाए । राणाले एक दिन भए पनि छुट दिए । अब त नेताहरूले नै हास्यअभिनेतालाई वास्तवमा कसरी गाईजात्रा गर्ने भनेर ३ सय ६५ दिन नै सिकाइरहेका छन् । त्यसैले हाम्रो नेपालमा जहिले पनि गाईजात्रा हेर्न पाइएको छ ।

**दीपेन्द्र खनियाँ (सञ्चालक, रेडियो अडियो)**

किन कुर्नुपर्‍यो र ? देश चलाउनेहरूको गाईजात्रे तालले देशको उपनाम नै गाईजात्रे हुन लागिसक्यो । पहिले गाईजात्रे कार्यक्रम हुने स्थानमा त्यस्ता गाईजात्रे नाटक दिनहुँ चलिरहेकै छ । जनताले दिएको तलब खाएर जनतालाई झुक्याउने नाटक गरिरहेका नेताहरूको नौटंकी हेरेर त्यत्तिकै हाँसो उठ्छ । त्यसका अघिल्तिर गाईजात्रे हास्यव्यंग्य पनि फिक्का हुन्छ ।

**राजकुमार शाह (अभिनेता)**

हामीजस्ता हास्यकलाकारहरूले त कुरेकै हुन्छौं । किनभने गाईजात्रामा जस्तो गरी मन फुकाएर व्यंग्य गर्न अरू बेला मज्जा आउँदैन । गाईजात्राका बेला एक साताभरि सधैं प्रहसन गरेर हँसाइरहन पाइन्छ । बाह्रै महिना विभिन्न प्रहसन गरेर हँसाइरहेका र टेलिभिजनमा कार्यक्रमबाट दैनिक हँसाउने कलाकारहरूका लागि गाईजात्रा महोत्सव नै हो । त्यसैले अरूले कुरुन् कि नकुरुन्, म त कुर्छु बा ।

**पल्पसा डंगोल (हास्यअभिनेत्री)**

कुर्नैपर्ने अवस्था समाप्त भैसक्यो । पहिले गाईजात्राका अवसरमा गाईजात्रे कार्यक्रम गरिने बानेश्वरको हलमा अहिले ३ सय ६५ दिन नै गाईजात्रा भैरहेको छ । पहिलेका शासक कडा थिए र मनको असन्तुष्टि पोख्न गाइजात्रा कुर्नुपर्थ्यो । अहिलेका त शासक नै गाईजात्रा गर्दैछन् । बरु हामीलाई पो अप्ठेरोमा पारेका छन् ।

**केदार घिमिरे 'माग्नेबूढा' (हास्यकलाकार)**

## ● अपोजिट सेक्स ●

### अनुप बराल (रंगकर्मी)



#### मन पर्छ

**आँखा :** अभिनयमा आँखाको भावको महत्त्व अत्यधिक हुन्छ । मनमा के छ भन्ने कुराको चित्रण आँखाको भावले गरिरहेको हुन्छ । वर्षौंदेखि अभिनय पेसामै भएकाले पनि होला, म अपोजिट सेक्सको आँखाको भाव मन पराउँछु । मलाई उनीहरूको आँखाले मोहनी लगाउँछ ।

**स्वभाव :** मलाई स्पष्ट वक्ता युवतीले चाँडै आकर्षित गर्न सक्छन् ।

**मुस्कान :** मुस्कुराउनु भनेको पोजेटिभ इनर्जी सञ्चार हुनु हो । युवतीका मुस्कानले लठ्ठै पार्छ भन्छन् । मेरो हकमा भने स्वाभाविक रूपमा मुस्कुराइरहने युवती मलाई राम्रा लाग्छन् ।

**पिठ्युँ :** 'मरमेड फिगर' अर्थात् माछाको जस्तो चिटिक्क मिलेको शरीरमा 'ब्याक ओपन' भएका पहिरन लगाएको मलाई राम्रो लाग्छ ।

#### मन पर्दैन

**बेइमानी :** इमान्दारिता मानिसमा हुनुपर्ने असल गुण हो । बेइमान मानिसहरूसँग म संगत गर्न मन पराउँदिनँ । त्यसमा पनि महिलामा पेसागत इमान्दारिता छैन भने म उसको नजिकै पर्दिनँ ।


**मोटा खुट्टा :** मलाई मोटा नितम्ब र खुट्टा भएका युवती मन पर्दैनन् । किन मन पर्दैनन् भन्ने कारणतर्फ नजाऊँ ।

**ठूलो हिप :** सामान्यभन्दा ठूलो हिप युवतीहरूलाई सुहाउँदैन, त्यसमा टिसिक्क परेको पहिरन लगाएको त झन् हेर्नै सक्दिनँ ।

**असामान्य उभार :** महिलाको छातीको उभारले कतिपयलाई आकर्षण गर्ला, तर असामान्य रूपमा नसुहाउने गरी बढेका वा बढाइएको उभारले मलाई कहिल्यै आकर्षित गरेन ।












पारिवारिक टेलिश्रृंखलाका नियमित दर्शकका लागि नीलु बस्नेतको अनुहार नौलो लाग्दैन। उनले टेलिश्रृंखलाहरूमा अभिनय गर्न थालेको झन्डै एक दशक बितिसकेको छ। 'सच्याउन नसक्ने गल्ती' शीर्षकको टेलिचलचित्रमा बालकलाकारका रूपमा अभिनययात्रा प्रारम्भ गरेकी नीलुले दर्जनौं नाटकमा समेत अभिनय गरेकी छिन्। उनलाई दर्शकमाझ परिचित गराउने श्रेय भने 'थोरै भए पुगिसरि' शीर्षकको टेलिश्रृंखलालाई जान्छ। त्यसपछि उनले चेतना, हिले दसै, देवी, बेला भयो, कैदी जीवन, सहयात्री जस्ता श्रृंखला सहनायिका तथा नायिकाकै भूमिका निर्वाह गरिन्। नेपाल वान च्यानलबाट प्रसारण भएको हालसम्मकै सबैभन्दा लामो टेलिश्रृंखला 'कसलाई आफ्नो भनौं' उनको अभिनय करियरमा टर्निङ प्वाइन्टका रूपमा स्थापित भयो। यो श्रृंखलामा उनले पहिलो पटक खलनायिकाको भूमिका निर्वाह गरिन्। ६ सयभन्दा बढी भागको यो श्रृंखलामा उनले शान्ति को भूमिका निर्वाह गरेकी थिइन्। त्यसो त नितुले केही ठूलो पर्दाका चलचित्रमा समेत अभिनय गरिसकेकी छिन्। खानदान, धर्मपुत्र हुँदै उनले पछिल्लो समयमा ऋचा घिमिरेको 'तुलसी' मा समेत अभिनय गरेकी छिन्। भोजपुरी चलचित्र 'कब आइहेन सजन परदेशिया' मा नायिकाको भूमिका निर्वाह गरिसकेकी नीलु यति बेला आफ्नो व्यक्तित्व नै परिवर्तन गरेकी छिन्। छ महिनाअघिसम्म ७५ केजी तौलकी नीलुले अहिले आफ्नो वजन घटाएर ५२ केजी बनाएकी छिन्। नेपाल टेलिभिजनबाट प्रसारण हुने चलचित्रसम्बन्धी कार्यक्रममा भिडियो जक्कीका रूपमा प्रस्तुत हुने क्रममा रहेकी निलुसँग *साप्ताहिक*को तीन प्रश्न:

## • तीन प्रश्न •

**अभिनय गर्दागर्दै भिडियो जक्की (भिजे) बन्ने योजना कसरी बन्यो ?**


सानो पर्दामा कलाकारका रूपमा परिचित भए पनि मैले एफएममा आरजेका रूपमा काम गरिसकेकी छु। चलचित्र क्षेत्रका बारेमा केही नयाँ गरौं भन्ने उद्देश्यले भिडियो जक्की बन्ने निर्णय गरेकी हुँ।

**भिजे बन्नैका लागि स्मिल बन्नुभएको हो ?**

(हाँसो) पहिलो कुरा त स्वस्थ रहनका लागि हो। यसबाहेक ग्ल्यामर क्षेत्रमा आकर्षक देखिनका लागि पनि स्लिम हुनु अनिवार्य भएकाले दुःख गरेरै भए पनि तौल घटाएकी हुँ।

**भिजे बनेपछि अभिनयचाहिं नगर्ने ?**

गर्ने नि ! आफूले जानेको काम नै अभिनय हो। म सानो पर्दाको अभिनयलाई जीवनभरी नै निरन्तरता दिइरहनेछु।




चलचित्र लेखकका रूपमा विकास आचार्य एउटा स्थापित नाम हो। व्यावसायिक रूपमा सफल मानिएका अधिकांश चलचित्र आचार्यले नै लेखेका हुन्छन्। उनी झन्डै डेढ दशकदेखि चलचित्र लेखकका रूपमा सक्रिय छन्। यसबीच करिब दुई वर्षअघिदेखि विकासले चलचित्र निर्देशनको क्षेत्रमा समेत आफूलाई सक्रिय बनाएका छन्। उनले निर्देशन गरेको पहिलो चलचित्र 'नसिब आफ्नो' दर्शकले मन पराएका थिए। राम्रो चलचित्र निर्माण गर्न राम्रो पटकथाको आवश्यकता पर्छ भन्ने कुरा राम्रोसँग बुझेका विकास पछिल्लो समयमा चलचित्र लेखनसँगै चलचित्र निर्देशनलाई समेत उत्तिकै समय दिइरहेका छन्। उनले निर्माण तथा निर्देशन गरेको दोस्रो चलचित्र नाइँ नभन्नु ल आज शुक्रबारदेखि देशभर एकसाथ प्रदर्शन हुँदैछ। केही समयअघि अस्ट्रेलियामा रेड कार्पेटसहित प्रिमियर तथा व्यावसायिक प्रदर्शन भैसकेको नाइँ नभन्नु ल दर्शकले प्रतीक्षा गरेका चलचित्रमध्येको एक हो। झन्डै एक वर्ष लगाएर निर्माण गरिएको यो चलचित्रको कथा, लोकेसन तथा कलाकार राम्रा भएकाले दर्शकको रोजाइमा पर्न सक्ने कुरामा निर्देशक आचार्य ढुक्क छन्। चलचित्र प्रदर्शन हुनुअघि नै गीत-संगीत लोकप्रिय भैसकेकाले पनि उनी चलचित्रलाई दर्शकले माया गर्ने कुरामा विश्वस्त देखिएका आचार्यसँग साप्ताहिकका कृष्ण भट्टराईको जम्काभेट :

**'नाइँ नभन्नु ल' कस्तो चलचित्र हो ?**

शीर्षकअनुरूप नै यो प्रेमकथामा आधारित चलचित्र हो, अर्थात् प्रेमको अनुरोध गरिएको चलचित्र हो। सबैले आफ्ना चलचित्रलाई पृथक् भन्छन्, तर यो चलचित्र वास्तविक रूपमै पृथक् बनेको छ।

**चलचित्रमा के कुरा देखाउन खोज्नुभएको छ ?**

अधिकांश प्रेम चलचित्रमा नायकले नायिकासँग जूनको ज्योति, सागरको मोती ल्याउने कुरा गर्छ, तर यो चलिचत्रको नायकले ती केही कुरा गर्दैन। यो चलचित्रको नायकले गर्न सक्ने कुरा मात्र गर्छ। केही गर्न सकेन भने मायाकै लागि ज्यान दिन समेत पछि पर्दैन।

**यो चलचित्र कसका लागि तयार पार्नुभएको हो ?**

नेपाली चलचित्रका नियमित दर्शकले त यो चलचित्र हेरिहाल्छन्, मैले यो चलचित्र ती ९० प्रतिशत दर्शकका लागि निर्माण गरेको हुँ जो नेपाली चलचित्र हेर्न सिनेमा हलसम्म पुग्दैनन्।

**तपाईंको पहिलो चलचित्रको तुलनामा यो के कुरामा पृथक् छ ?**

'नसिब आफ्नो' मार्फत मैले निर्देशकीय गोरेटो बनाएको थिएँ, 'नाइँ नभन्नु ल' मार्फत फराकिलो मार्ग बनाएको छु। मैले अहिलेसम्म जानेका, बुझेका र सँगालेका सम्पूर्ण अनुभव यो चलचित्रमा प्रयोग गरेको छु।

**जीवन लुईटेल-ऋचासिंह ठकुरीको जोडीबाट कत्तिको आशावादी हुनुहुन्छ ?**

जीवन-ऋचाको राम्रो केमेस्ट्री छ। अभिनयमा परिपक्वता छ। दुवै माझिएका कलाकार हुन्। उनीहरूको अभिनयबाट म सन्तुष्ट भएकैले आगामी चलचित्र 'म तिम्रो भै सकें' मा पनि उनीहरूलाई नै मुख्य कलाकार बनाएको छु।

## • सानो पर्दा •

### बुधबारदेखि द फोकस

एभेन्यूज टेलिभिजनबाट नयाँ कार्यक्रम 'द फोकस' को प्रसारण प्रारम्भ भएको छ। सभासद सुनिलबाबु पन्तद्वारा सञ्चालित यो साप्ताहिक कार्यक्रम नेपालको समसामयिक राजनीति, अर्थ, समाज, जलवायु, परराष्ट्र तथा युवासम्बन्धी प्रश्नमा केन्द्रित हुने बताइन्छ। प्रत्येक बुधवार राति ९:३० बजे प्रसारण हुने यो कार्यक्रमको पहिलो श्रृंखलामा माओवादी नेता डा.बाबुराम भट्टराईसँग छलफल गरिएको थियो।

### बान्द्रे पनि निर्देशक

हास्यश्रृंखला 'मेरी बास्सै' मा बान्द्रेको भूमिका निर्वाह गरेर लोकप्रिय भएका कलाकार सुरज चापागाईं पनि निर्देशक भएका छन्। चापागाईंको निर्देशनमा तयार भएको टेलिश्रृंखला 'सिस्नुपानी' को प्रदर्शन हिजो बिहीबारदेखि प्रारम्भ भएको छ। नेपाल टेलिभिजन टुबाट प्रत्येक बिहीबार राति ८:४५ बजे प्रसारण हुने यो श्रृंखला ५२ भाग लामो हुनेछ। ग्रामीण परिवेशमा आधारित यो श्रृंखलामा सुरज चापागाईंका अतिरिक्त सुरेन्द्र केसी, पल्पसा डंगोल, सुनिता गौतम, रमेश केसी, राजु घिमिरे आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

### जन्तरको प्रसारण प्रारम्भ

नेपाल टेलिभिजनबाट हास्यश्रृंखला 'जन्तर' को प्रसारण प्रारम्भ भएको छ। पुराना चलचित्रकर्मी पुरन जोशीद्वारा निर्देशित यो श्रृंखलामा गणेश उप्रेती, सुभाष गजुरेल, एलिजा रिजाल, शिवशंकर रिजाल, गीता अधिकारी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। यो श्रृंखला प्रत्येक बुधवार राति ८:४५ बजे प्रसारण हुन्छ।

### अमेरिकामा पवनकली

कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको कार्यक्रम पवनकलीका आगामी चार श्रृंखलामा अमेरिकामा बसोबास गरिरहेका कलाकारहरू प्रस्तुत हुँदैछन्। माम्पी घोषले गायक प्रेमराजा महत, सरिष्मा अमात्य, संजीप प्रधान, कर्णदास तथा रवि लामिछानेसँग गरेको कुराकानी प्रत्येक शनिबार साँझ ७:३० बजेको द पवनकली शोमा प्रसारण भैरहेको छ।





## • विदेशबाट •

### श्रीराम नयाँ इन्डियन आइडल

दक्षिण भारतीय गायक श्रीराम नयाँ इन्डियन आइडल बनेका छन्। आइतबार मध्यरात सम्पन्न निर्णायक प्रतियोगितामा श्रीरामले भारतकै सम्मानित रियालिटी शोको बाजी मारेका हुन्। आन्ध्र प्रदेशका यी कलाकारलाई बलिउड अभिनेता अमिताभ बच्चनले इन्डियन आइडल-५ को उपाध प्रदान गरेका थिए। सोनी टेलिभिजनबाट प्रसारण भएको यो प्रतियोगिताको निर्णायक चरणमा श्रीरामले बडौदाकी भूमि त्रिवेदी तथा आगराका राकेश मैनीलाई पछि पारेका हुन्। तेलगु चलचित्रमा श्रीरामचन्द्रको नामबाट पार्श्व गायन गरिरहेका श्रीरामलाई इन्डियन आइडलको प्रारम्भिक चरणदेखि नै उपाधिको प्रबल दाबेदार मानिएको थियो। दक्षिण भारतबाट पहिलो इन्डियन आयडल बन्न सफल श्रीराम विविध शैलीका गीत उत्तिकै खुबीका साथ गाउन सक्छन्।

# भिड्दैछन् तीन चलचित्र

आज भदौ ४ गते शुक्रबार एकैपटक तीनवटा चलचित्रबीच भिडन्त हुने भएको छ। तीमध्ये हालै अस्ट्रेलियामा सफल प्रदर्शन भैसकेको विकास आचार्यद्वारा निर्देशित चलचित्र 'नाइँ नभन्नु ल' तथा राज शाक्यको 'तिमीबिनाको जीवन' बीच प्रतिस्पर्धा हुने पक्का छ। शुक्रबार नै 'कानुन' को प्रदर्शन पनि प्रारम्भ हुँदैछ। जीवन लुइँटेल तथा ऋचासिंह ठकुरीको रोमान्टिक जोडी समावेश भएको 'नाइँ नभन्नु ल' दर्शकले लामो समयदेखि प्रतीक्षा गरिरहेको चलचित्र हो। चलचित्र प्रदर्शन हुनुअघि नै शीर्षक गीत एक लाखभन्दा बढी पटक सीआरबीटीका लागि डाउनलोड भैसक्नुलाई निर्देशक आचार्य चलचित्रको सफलतासँग तुलना गर्न रुचाउँछन्। 'हाम्रो चलचित्रले आमदर्शकलाई स्वस्थ मनोरञ्जन दिनेछ, यसअघि 'नसिब आफ्नो' को निर्देशन गरिसकेका आचार्य भन्छन्– 'दर्शकहरू राम्रो चलचित्र हेर्न चाहन्छन्। अन्य चलचित्रसँग जुध्ने कुरामा मलाई चिन्ता छैन।' अस्ट्रेलियाको प्रिमियर शोमा सहभागी भएर हाले राजधानी फर्किएका नायक जीवन लुइँटेल पनि चलचित्रको व्यावसायिक सफलताप्रति ढुक्क छन्। 'कानुन' उदय सुब्बाद्वारा निर्देशित चलचित्र हो, जसमा राजेश हमाल, विराज भट्ट, रोही श्रेष्ठ, जेनी कुँवर आदि कलाकारको मुख्य भूमिका छ।

● चलचित्र ●

## कानुन



चलचित्रको शीर्षकबाटै स्पष्ट हुन्छ, आज शुक्रबार सार्वजनिक हुने चलचित्र 'कानुन' मा कानुनकै कुरा गरिएको छ। यो चलचित्रमा कानुनको पालना गर्ने तथा कानुनको उल्लंघन गर्नेबीचको द्वन्द्व छ। करिब दुई वर्षअघि निर्माण भएको चलचित्र 'कानुन' को लेखक तथा निर्देशक उदय सुब्बा हुन्। चलचित्रमा राजेश हमाल तथा निखिल उप्रेतीको मुख्य भूमिका भएपछि दर्शकले द्वन्द्वका दृश्य नै हेर्न चाहन्छन्। यो कुरा निर्देशक सुब्बाले बुझेकाले नै होला, द्वन्द्व निर्देशक एनबी महर्जनले द्वन्द्वका दृश्यमा प्रशस्त मेहनत गरेका छन्। चलचित्रमा राजेश हमाल कैदीका रूपमा देखिन्छन्। चलचित्रमा एउटा नेताले एउटा सोझो युवालाई कसरी आतंककारी बन्न बाध्य तुल्याउँछ भन्ने यथार्थलाई पनि चित्रण गरिएको छ। चलचित्रमा एकातिर राजनैतिक दाउपेचहरू समावेश छन् भने अर्कातिर प्रेम-प्रसंग पनि जोडिएको छ।

मदनकुमार इडनाम, रामप्रसाद चोङबाङ तथा भीम चोङबाङले निर्माण गरेको यो चलचित्रमा राजेश तथा निखिलका अतिरिक्त झरना थापा, दिलीप रायमाझी, अरुणिमा लम्साल, सुनिल थापा, दिनेश शर्मा आदि कलाकारले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। गायक राजेशपायल राई यो चलचित्रका संगीतकार पनि हुन्। चलचित्रमा दिनेश पाखिनले नृत्य निर्देशन गरेका छन् भने कृष्ण श्रेष्ठ यसका छायाकार हुन्।


## नाइँ नभन्नु ल



पछिल्लो केही समययता प्रदर्शन भएका नेपाली चलचित्रले व्यवसायिक रूपमा राम्रो सफलता हासिल गर्दैछन्। निर्माण, बजेट, कलाकारको अभिनय क्षमता, लोकेसन तथा निर्देशकीय कौशलका कारण पनि नेपाली चलचित्रका दर्शक बढ्दैछन्। युवा पुस्ताका लागि लक्षित गरिएका चलचित्रले सफलता पाइरहेको अवस्थामा आज शुक्रबार नयाँ चलचित्र 'नाइँ नभन्नु ल' को देशव्यापी प्रदर्शन प्रारम्भ हुँदैछ। पूर्व झापादेखि पश्चिम महाकालीसम्मका सिनेमा हलमा प्रदर्शन हुने यो चलचित्र विकास आचार्यको लेखन तथा निर्देशनमा तयार भएको हो। चलचित्रमा जीवन लुइँटेल तथा ऋचासिंह ठकुरीको रोमान्टिक जोडीलाई प्रस्तुत गरिएको छ।

जीवनको यो तेस्रो चलचित्र हो। थुप्रै म्युजिक भिडियोमा अभिनय गरेर खारिएकी ऋचाको भने यो पहिलो चलचित्र हो। त्यसो त चलचित्रमा सुमन सिंह, मुकेश आचार्य, ममता प्रधान, मिथिला शर्मा आदि कलाकारले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। चलचित्र प्रदर्शन हुनुअघि नै यसका गीत लोकप्रिय भैसकेका छन्। चलचित्रमा महेश खड्काको संगीत निर्देशन छ। काठमाडौंलगायत पोखरा, मुडे आदि स्थानमा छायांकन गरिएको यो चलचित्रको निर्माण प्रदीप दाहाल तथा रमेशजंग रायमाझीले संयुक्त रूपमा गरेका हुन्। चलचित्रका छायाँकार शम्भु सापकोटा हुन्। डा. कृष्णहरि बरालले रचना गरेका चलचित्रका गीतमा दीपक लिम्बू तथा रजिना रिमालले गाएका पाँचवटा गीत समावेश गरिएका छन्। हिमाल केसीले चलचित्रमा द्वन्द्व निर्देशन गरेका छन्।

## लफंगे परिन्दे



यशराज फिल्म्सको चलचित्र 'लफंगे परिन्दे' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। एक्सन प्रधान यो चलचित्रको निर्देशन प्रदीप सरकारले गरे। चलचित्रमा नीलनितिन मुकेश, दिपीका पादुकोण, के के मेनन, पियुष मिश्र, मनीष चौधरी, अमित दास, अभय पान्डे, विनय शर्मा, पलोमी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। आर. आनन्दद्वारा संगीतबद्ध चलचित्रका गीतहरू रोनित सरकार, मोहित चौहान, शाहिद हादा आदिले गाएका छन्। मुम्बईमा छायांकन गरिएको यो चलचित्रमा मुम्बईकै गल्लीहरूमा बसोबास गर्ने युवाहरूको एउटा समूहको कथा चित्रण गरिएको छ। यी युवाहरू स्टाइलका पारखी छन्। कम समयमै सफलता पाउने चाहना यी युवाहरूमा छ।


चलचित्रमा नीलनितिनले नन्दुको भूमिका निर्वाह गरेका छन् दिपीकाले पिंकीको भूमिका निर्वाह गरेकी छिन्। मित्रताको नाम नन्दु र पिंकी एक अर्कालाई माया गर्न थाल्छन्। नन्दु फाइट खेल्न सिपालु छन्। उनलाई साथीहरू वन सट नन्दु पनि भन्छन्। मुम्बईका गल्लीमा उनी जत्तिको फाइट खेल्ने दोस्रो कोही छैदै छैन तर पिंकीसँगको भेट लगत्तै नन्दुको व्यक्तित्वमा परिवर्तन आउँछ। युवापुस्ताका दर्शकलाई लक्षित गरिएको यो चलचित्रका गीत कर्णप्रिय छन्।



## तिमी बिनाको जीवन

एक वर्षअघि नै निर्माण भएको नयाँ नेपाली चलचित्र 'तिमी बिनाको जीवन' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ। काठमाडौं उपत्यका बाहिर पोखरा, नारायणघाट, बुटवल, दाङलगायतका स्थानबाट चलचित्रको प्रदर्शन प्रारम्भ हुने निर्देशक राज शाक्य बताउँछन्। राजले यसअघि चलचित्र 'रघुवीर' को निर्देशन गरेका थिए भने 'म माया गर्छु तिमीलाई' केही समयपछि प्रदर्शन हुँदैछ। नरेन्द्र प्यासीको लोकप्रिय गीत 'तिमी बिनाको जीवन...' बाट शीर्षक साभार गरिएको यो चलचित्रमा चार जना नायक-नायिकाले मुख्य भूमिका निर्वाह गरेका छन्। चलचित्रमा विराज भट्ट र जेनिशा केसी तथा सुमन सिंह र सोभिता सिम्खडाको रोमान्टिक जोडीलाई प्रस्तुत गरिएको छ।

चलचित्रमा एकातिर माया-प्रेमको कथा छ भने अर्कातिर देशमा व्याप्त हत्या, हिंसा तथा अपहरणका घटनाक्रमलाई समेत आकर्षक ढंगले चित्रण गरिएको छ। लक्ष्मी केसी, नानीकाजी डंगोल 'नाके' आदिले समेत अभिनय गरेको यो चलचित्रमा ताराप्रकाश लिम्बूले संगीत दिएका छन्। चलचित्रका चार गीतमा राजेशपायल राई, अञ्जु पन्त तथा रिमा गुरुङ होडाको पार्श्व गायन छ। काठमाडौंमा छायांकन गरिएको यो चलचित्रमा सुमन सिंहले डनको भूमिका निर्वाह गरेका छन्। सोभिताको प्रेममा परेपछि उनी सही बाटोमा फर्किन्छन्। इभा फिल्म्सको ब्यानरमा तयार पारिएको यो चलचित्रमा कथा, पटकथा तथा संवाद निर्देशक शाक्य कै छ। चलचित्रमा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ भने गोविन्द राई यसका नृत्य निर्देशक हुन्। चलचित्रका गीतहरू विकास शाक्यले रचना गरेका छन्।





साप्ताहिक
सर्वाधिक बिक्री हुने
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : सुदीप थापा

# झरना बज्राचार्य

झरना र झरी एक अर्काका पर्याय झैं लाग्छन् । केहि वर्षअघि बसन्त चौधरीको शब्द गरु कि मिठो भूल... गीतको म्युजिक भिडियोमा भिजेका झरनाका अधरले अहिले पनि मानिसलाई कुत्कुत्याउँछ । पहिरन, भाव र भंगिमामा लठ्याउन सक्ने झरनाका अभिनयमध्ये त्यो उत्कृष्ट अभिनय थियो । अहिले त्यसैलाई विर्साउने गरी झरनाको नयाँ गीत आएको छ । आगामी साता सार्वजनिक हुने चलचित्र 'कोही...मेरो' को गीत 'धेरै दिन भयो...'को अभिनयका क्रममा सेसन गरिएको यो फोटोले झरनाको ग्लामर छवि फेरी एक पटक उत्कर्षमा पुगेको छ ।  निर्देशक आलोक नेम्वाङको निर्देशनमा प्रदर्शोन्मुख चलचित्र 'केही...मेरो' मा झरना बज्राचार्य साधारण युवतीको भूमिकामा छिन् ।

चलचित्र 'कोही...मेरो' बाट धेरैपछि नायिका झरना बज्राचार्यको नेपाली चलचित्रमा पुनरागमन भएको छ । त्यसैले पनि उनी निकै 'एक्साइटेड' छिन् । 'कोही...मेरो' मा उनी प्रेममा परेकी युवतीको फरक ढंगको भूमिकामा छिन् । उनका नायक छन् आर्यन सिग्देल र सुवास थापा । मन मिल्ने साथी आलोकको निर्देशनमा काम गर्न पाएकोमा खुसी भएकी झरना भन्छिन्, 'विगतमा मैले अभिनय गरेका चलचित्रहरूभन्दा फरक छ यो चलचित्र । यही चलचित्रपछि नेपाली चलचित्रमा मेरो भविष्य निर्धारण हुनेछ ।'

-सुव्रत







## ● साताको स्वर ●



**'दैवको रिस हो या...' कस्तो शैलीको गीत हो ?**
भर्खरै बजारमा आएको 'दैव' संग्रहमा समावेश भएको यो गीत पप शैलीमा आधारित छ।

**गीतमा कस्ता भावना समेटिएका छन् ?**
अनिल स्थापितको शब्द तथा कल्याण सिंहको संगीतमा तयार भएको यो विरहको गीत हो। प्रेममा विछोड भएपछिको पीडा गीतमा समेटिएको छ।

**गीतका लक्षित श्रोता को हुन् ?**

### कोसिस क्षेत्री

खासगरी युवापुस्तालाई नै लक्षित गरेर यो गीत तयार पारिएको हो, तर रेडियो तथा टेलिभिजनमा बज्न थालेपछि प्रायः सबै उमेरका श्रोताले मन पराएका छन्।

**गीतको कुन पक्ष आकर्षक छ ?**
गायकका रूपमा मूल्यांकन गर्नुपर्दा तीनवटै पक्षलाई आकर्षक भन्न सकिन्छ, तर अधिकांश श्रोताले शब्द तथा संगीत मन पराएका छन्।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
आलोक नेम्वाङले गीतको मर्मअनुसारको भिडियो बनाएका छन्। लोकेसनका दृष्टिकोणले पनि भिडियो आकर्षक बनेको छ।

## ● म्युजिक अपडेट ●

### गणेशका गीत दृश्यमा

पर्यटन व्यवसायी गायक गणेश न्यौपानेले गाएका गीतहरूको भिडियो संग्रह 'यानी माया' सार्वजनिक भएको छ। 'धनकुटा डाँडाबजार', 'लैलैमा कान्छी' आदि गीतिसंग्रहमार्फत श्रोताको मन जितिसकेका गायक न्यौपाने यो भिडियोसंग्रहको संस्कृतिमन्त्री डा. मीनेन्द्र रिजालले विमोचन गरेका हुन्। पूर्वेली लोक तथा आधुनिक गीतको भिडियो संग्रहमा 'यानीमाया', 'नाकैमा फुली', 'निशान डाँडा', 'धनकुटा मूलघाट दोबान' आदि छवटा म्युजिक भिडियो समावेश छन्। संग्रहका गीतमा रिमा गुरुङ राजेशपायल राई, अञ्जना गुरुङ, माण्डवी त्रिपाठी, मनु नेङवाङ, कृष्णभक्त राई तथा मनीषा राईले स्वर दिएका छन्। संगीतकर्मी बुलु मुकारुङले यो गीतिसंग्रहले लोकसंगीतको क्षेत्रमा आफ्नै पहिचान स्थापित गर्ने आशा व्यक्त गरेका छन्।

### कतारमा विमोचन

कतारस्थित नवोदित साहित्यिक वाचनालयले आयोजना गरेको कार्यक्रममा 'हाम्रो सम्बन्ध' शीर्षकको गीतिसंग्रह सार्वजनिक भएको छ। कवि तथा गीतकार श्रवण मुकारुङले उक्त संग्रहको विमोचन हु... यो संग्रहमा वैदेशिक रोजगारीका क्रममा कतारमा रहेका गीतकार कपिल भट्टले रचना गरेका गीतहरू समावेश छन्। संग्रहका गीतमा जगदीश समाल, रामचन्द्र काफ्ले, आभा मुकारुङ, क्रान्ति आले, अञ्जना गुरुङ, प्रमोद खरेल, दुर्गा गुरुङ तथा विकास चौधरीको स्वर सुन्न सकिन्छ। दुर्गा गुरुङ तथा विकास चौधरीले संग्रहका गीत संगीतबद्ध गरेका छन्। गीतकार भट्टका अनुसार संग्रहका गीतको म्युजिक भिडियो कतारमै तयार पारिनेछ।

### एक पटक मायामा

गायिका रूपा विष्टले गाएका आधुनिक तथा पप गीतहरूको संग्रह 'एक पटक मायामा' को विमोचन संगीतकार न्ह्यू बज्राचार्यले गरेका छन्। यसअघि 'सम्झनामा' तथा 'प्रेमिका' शीर्षकका गीतिसंग्रह तयार पारिसकेकी रूपाले विमोचन समारोहमा दुईवटा गीत गाएकी थिइन्। समारोहमा संग्रहको शीर्षक गीतको म्युजिक भिडियोको प्रथम प्रदर्शन पनि गरिएको थियो।

### बधाई सार्वजनिक

गीतकार साइमन सहदेव रायमाझीले रचना गरेका आधुनिक गीतहरूको संग्रह 'बधाई' यसै साता सार्वजनिक भएको छ। कान्तिपुर टेलिभिजनको सांगीतिक कार्यक्रम 'कल कान्तिपुर' मार्फत संग्रहको एउटा म्युजिक भिडियो प्रिमियर गर्दै गीति संग्रहसमेत सार्वजनिक गरिएको घोषणा गरिएको हो। म्युजिक नेपालले बजार व्यवस्थापन गरिरहेको 'बधाई' मा चन्द्रकुमार दोङको संगीतमा राजेश पायल राई, थुप्देन भुटिया, जगदीश समाल, अञ्जु पन्त, रामचन्द्र काफ्ले, शिव परियार तथा सुरेश कुमारका स्वर समावेश छन्।

### सहयोगका लागि सांस्कृतिक कार्यक्रम

मोटरसाइकल दुर्घटनामा परी दाहिने खुट्टा गुमाएका पत्रकार रविनप्रसाद थपलियाको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले गत सोमबार राजधानीमा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा तीन वर्षीया गायिका अतिथि केसीका साथमा जापानी गायिका मिकाले नेपाली गीत प्रस्तुत गरेकी थिइन्। कार्यक्रममा गायक धीरज राई, डिजराज पौडेल, रामचन्द्र काफ्ले, रूपक डोटेल, प्रमोद खरेल, शिव परियार, हेमन्त राना, गायिका कुन्ति मोक्तान, गीता देवी, राधिका हमाल, सरगम बस्नेत, सरिता डाँगी आदिले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरे। कार्यक्रममा हास्य टेलिसिरियल मेरी बास्सै तथा जिरे खुर्सानीका कलाकारले हास्य प्रस्तुतिमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए।

### अमेरिकामा शम्भुजित

गायक संगीतकार तथा गीतकार शम्भुजित बाँस्कोटा सांगीतिक कार्यक्रम प्रस्तुत गर्न अमेरिका पुगेका छन्। अमेरिकापछि क्यानडा तथा लन्डनमा पनि सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने बाँस्कोटाले बताएका छन्। शम्भुजितले अमेरिकाको न्युयोर्क तथा भर्जिनियामा हुने सांस्कृतिक कार्यक्रममा आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्नेछन्। शम्भुजित विगत चार वर्षदेखि विदेशका कार्यक्रममा सहभागी भैरहेका छन्।

### रेकर्डिङमा द कृष

दीपक खाँडको नयाँ चलचित्र 'द कृष' का गीतहरूको रेकर्डिङ सम्पन्न भएको छ। राजधानीको म्युजिसियन स्टुडियोमा ताराप्रकाश लिम्बुको संगीत निर्देशन चलचित्र क्रिषका गीत रेकर्डिङ गरिएका हुन्। चलचित्रका गीतमा राजेश पायल राई, मौसमी गुरुङ, प्रविशा अधिकारी, ताराप्रकाश लिम्बु आदि गायक-गायिकाले स्वर दिएका छन्।

### सुरेश अधिकारीको एकल संगीत

आधुनिक गीत-संगीतका गीति संग्रह उत्पादन गरिरहेको भाइब्स क्रिएसनले संगीतकार सुरेश अधिकारीको एकल संगीतमा नयाँ गीति संग्रह 'आयाम' तयार पारेको छ। गीतकार राजुबाबु श्रेष्ठले रचना गरेका ती गीतहरू अञ्जु पन्त, दीपक लिम्बु, उदय मनिला सोताङ, जगदीश समाल, राजेशपायल राई, प्रविशा अधिकारी तथा मनोज राजले गाएका छन्। भदौ १५ गतेदेखि यो संग्रह बजारमा उपलब्ध हुनेछ।

### जर्मनीपछि जापान

गायिका अञ्जना गुरुङ सांगीतिक कार्यक्रममा व्यस्त छिन्। मल्लिका कार्की तथा नरेन्द्र प्यासीसँगै गीत-संगीत प्रस्तुत गर्न दुई साताअघि जर्मनी पुगेकी गायिका गुरुङ उक्त कार्यक्रमबाट स्वदेश फर्किएको भोलिपल्टै जापान प्रस्थान गरेकी छिन्। जापानको सांगीतिक कार्यक्रम पछि थप केही देशमा हुने सांगीतिक कार्यक्रममा सहभागी हुनुपर्ने अञ्जना बताउँछिन्।

### अंग्रेजी शब्दमा रुचि

आधुनिक तथा पप गीतमा उत्तिकै सफल गायक हिमाल सागर आफ्ना गीति संग्रहका शीर्षकमा अंग्रेजी शब्द प्रयोग गर्न पल्किएका छन्। यसअघि 'रिक्वेस्ट' तथा 'फर यू' जस्ता गीति संग्रहबाट सफलता हासिल गरिसकेका हिमालले यसपटक आफ्नो नयाँ एकल गीति संग्रहको शीर्षक 'टेल मि' राखेका छन्।

### मुक्तिनाथमा गीति संग्रह


म्युजिक भिडियो निर्देशन गर्दै चलचित्र निर्देशक बनेका आलोक नेम्बाङले आज शुक्रबारदेखि प्रदर्शन हुने चलचित्र 'कोही मेरो' का गीतहरूको संग्रह मुक्तिनाथ बाबालाई चढाएका छन्। सुरेश अधिकारी, वसन्त सापकोटा तथा सुरेश राईद्वारा संगीतबद्ध यो चलचित्रमा पाँचवटा गीत समावेश छन्।

## ● अफ द बिट ●



**दार्जिलिङमा रामकृष्ण ढकाल :** गायक रामकृष्ण ढकालले आफ्नो नयाँ गीतको म्युजिक भिडियो दार्जिलिङका रमणीय लोकेशनमा छायांकन गरेका छन्। निर्देशक प्रसन्न पौडेल तथा छायांकार विदुर पाण्डे सहित दार्जिलिङ पुगेका रामकृष्णले 'पहाडको छुकछुके रेल...' को भिडियो दार्जिलिङ, मिरिक तथा दुधियामा छायांकन गराएका हुन्। पहाडको...गीतमा रामकृष्ण, केकी अधिकारी तथा मुकेश आचार्यले अभिनय गरेका छन्।

## ● ब्याण्ड ●



# आउँदैछिन् शकिरा

पप गायिका शकीराले आफ्ना प्रशंसकसंग नजिकिन चाँडै नै एउटा सांगीतिक यात्रा प्रारम्भ गर्ने भएकी छिन्। केही महिनापछि प्रारम्भ हुने सांगीतिक यात्रामा शकीराले प्रशंसकहरूलाई आफ्नो कामुक नृत्यबाट मनोरञ्जन मात्र गराउने छैनन्, प्रशंसकहरूसँगै नाचेर उनीहरूको मन जित्ने प्रयास पनि गर्नेछिन्। शकिराको यो नयाँ टूरमा प्रशंसकहरूले स्टेजमै उक्लिएर उनीसंग नृत्य गर्ने मौका पाउने छन्। शकिराका अनुसार यसअघिका सांगीतिक कार्यक्रममा उनले अग्रपंक्तिका दर्शकलाई मात्र नजिकबाट नियाल्ने अवसर पाएकी थिइन्। यसपटक भने उनी कार्यक्रममा उपस्थित सबै दर्शकलाई उत्तिकै नजिकबाट नियाल्न चाहन्छिन्। यसका लागि उनले कार्यक्रमका आयोजकलाई पनि निर्देशन दिइसकेको बताइन्छ।

## ● ब्याण्ड ●



# जिन्दावाद

नेपाली सांगीतिक समूहको भीडमा अघिल्लो वर्षदेखि थपिएको एउटा नयाँ समूह हो 'जिन्दावाद'। झट्ट सुन्दा नारा जस्तो लागे पनि यो युवा श्रोतामाझ लोकप्रिय भैरहेको सांगीतिक समूह हो। पोष्ट अल्टरनेटिभ आर्ट रक तथा मेटल शैलीका गीत-संगीत सिर्जना गरेर श्रोताको मन जितिरहेको यो समूहमा काठमाडौंका पाँच जना युवा संगीतकर्मी आवद्ध छन्। समूहका पाँच जना सहकर्मीले संगीतका विभिन्न विधा सम्हालेका छन्। समूहमा रोहित शाक्य (गायक तथा गिटारिस्ट), सन्नी तुलाधर (गिटारिस्ट), राजन श्रेष्ट (बास गिटारिस्ट), अभिषेक भद्रा (कि बोर्डिस्ट) तथा किरण शाही (ड्रमर) सक्रिय छन्।

नयाँ गीतिसंग्रह सार्वजनिक गर्ने तयारी गरिरहेको यो समुहले छवटा गीत रेकर्ड गरिसकेको छ। समूहका गायक रोहित शाक्यका अनुसार संग्रहमा समावेश गरिने एउटा गीत 'रिवाइन्ड' को म्युजिक भिडियोसमेत तयार भैसकेको छ। यसै सातादेखि म्युजिक भिडियोको प्रसारण हुँदैछ। समूहले राजधानीमा आयोजना हुने अधिकांश कन्सर्टमा सहभागिता जनाइसकेको छ। करिब दुई दर्जन कन्सर्टमा सहभागि भैसकेको यो समूहको आफ्नो छुट्टै विशेषता छ। गायक रोहितका अनुसार उनीहरू अंग्रेजी गीत मात्र गाउँछन्। 'नेपाली गीत पनि गाउँछौं, रोहित भन्छन्, 'तर प्रशंसकहरूले अंग्रेजी गीत नै मन पराउने भएकाले हामीले रेकर्ड गरेका सबै गीत अंग्रेजी भाषामा छन्।'

पहिलो विश्व







**समलिंगीको अलग्गै खेलकुद :** समलिंगी अधिकारवादीहरूले जर्मनीको कोलोनमा आठौं संस्करणको समलिंगी खेलकुद प्रतियोगिता सम्पन्न गरेका छन् । १० हजार पुरुष तथा महिला समलिंगीले सहभागिता जनाएको उक्त प्रतियोगितामा ३५ वटा इभेन्टमा प्रतिस्पर्धा गराइएको थियो ।

# निर्वस्त्र रकम संकलन

बेलायतको एडभेन्चर आइल्यान्डमा १ सय २ जनाले निर्वस्त्र भै रोलरकोस्टरको मज्जा लिँदै रकम संकलन गरेका छन् । स्थानीय साउथेन अस्पतालको स्तन सुरक्षा युनिटलाई रकमको अभाव भएपछि स्थानीय व्यक्तिहरूले निर्वस्त्र भएर रोलर कोस्टरको मज्जा लिँदै रकम संकलन गरेका हुन् । उक्त कार्यक्रमकी संयोजक ट्रेसी जोन्सका अनुसार यसअघि सन् २००४ मा ३२ जना व्यक्तिले सामूहिक रूपमा निर्वस्त्र भएर रोलर कोस्टर चढेर कीर्तिमान कायम गरेका थिए । यसपटक गरिएको निर्वस्त्र रोलर कोस्टर रकम संकलन अभियानले २२ हजार पाउन्ड (२५ लाख ७४ हजार रुपैयाँ) संकलन गरेको थियो । साउथेन अस्पतालमा स्तन परीक्षण गर्न दुई उपकरण र स्क्यानिङ मेसिन किन्न ७ लाख ५० हजार पाउन्डको आवश्यकता छ । यो अभियानमा सहभागिता बढाउन एड्भेन्चर आइल्यान्डका प्रमुखले देशभर यो अभियानका बारेमा प्रचार गरेका थिए । यो अभियानमा सहभागी बारबरा वार्नर भन्छिन्- 'त्यत्रा मानिसका अगाडि निर्वस्त्र हुँदा लाज लाग्नु स्वाभाविक भए पनि अभियानका कारणले कुनै संकोच भएन ।'





# यौनका लागि राजनीति



यौनका विषयमा कुनै पैरवी नभएपछि अस्ट्रेलियामा गठन भएको सेक्स पार्टीले आगामी निर्वाचनको मुद्दा नै यौनका विषयमा केन्द्रित गरेको छ । यौन जीवनको अपरिहार्य कार्य भए पनि यसलाई छाडा रूपमा हेरिने हुनाले पनि सेक्स पार्टीले आफ्नो चुनावी मुद्दा नै यौनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुनुपर्ने बनाएको छ । यसका लागि अस्ट्रेलियामा स्ट्रिप डान्सरका रूपमा नाम कमाएकी जहरा स्टारडस्टलाई उम्मेदवारको छ । वास्तविक नाम मारिया लेसम्यान भए पनि उनलाई स्ट्रिप डान्सले ख्याति दिलाएका कारण सबैले जहरा नामले नै चिन्छन् । २७ वर्षीया जहराले अहिले आफ्नो चुनावको प्रचार-प्रसार सडक पेटीमा रहेका पोलहरूमा स्ट्रिप डान्स गरेर, युवाहरूलाई कन्डम वितरण गरेर गरिरहेकी छिन् । जहरा भन्छिन्- हामीले यौनप्रति सकारात्मक धारणाको विकास गर्नुपर्छ । यसका लागि विद्यालयस्तरदेखि नै यौन शिक्षालाई लागू गर्नुपर्छ भने समिलिंगी विवाहलाई पनि मान्यता दिनुपर्छ ।

**अन्त्यमा...**

हलिउडमा हालै यौनसामग्री उत्पादकहरूबीच उत्कृष्ट सामग्री कसको भन्ने प्रतिस्पर्धा सम्पन्न भएको छ । दोस्रो संस्करणको उक्त एवार्डमा कम्पनी, डिजाइन, मार्केटिङ, वितरणजस्ता विभिन्न विधामा पुरस्कार प्रदान गरिएको थियो । प्रतियोगितामा जी काई महिलाहरूले प्रयोग गर्ने यौन सामग्रीहरूमध्ये सर्वोकृष्ट भएको थियो भने टेङ्गा एग पुरुषहरूले प्रयोग गर्ने यौन सामग्रीमध्ये सर्वोकृष्ट घोषित भएको थियो । ऊर्जाविना सञ्चालन हुने यौन सामग्रीको उपाधि सेक्स इन क्यानले तथा ऊर्जाद्वारा सञ्चालन हुने यौनसामग्रीको उपाधि पाइरेट पेन्डान्टले हात पारेका थिए ।









# सचित्र



ओमन इन रेड : आफ्नो नयाँ चलचित्र 'फस्ट लभ' को प्रिमियरमा रातो लहंगामा सजिएकी नायिका ऋचा शर्मा ।



खै हेरौं त : नायिका अरुणिमा लम्साल आफैंले खिचेको तस्बिर नियाल्दै साथमा नायक मुकेश ढकाल ।



हेलो कता हो : साइबरसंसार डटकमका अभिनव र दीपंकर कसज् फोटोसेसनका लागि मोडललाई लोकेसन बताउँदै ।



आशलाग्दो जोडी : मोडल वरुण राणा तथा नायिका नम्रता श्रेष्ठको जोडी चाँडै नै एउटा चलचित्रमा देखिदैछ ।



मेन इन ब्ल्याक : श्याम भट्टराईद्वारा निर्देशित चलचित्र 'च्यालेन्ज' मा नायक रेश मरहट्ठाको गेटअप ।



रोमान्टिक जोडी : फोटोसेसनका क्रममा नायक दिलीप रायमाझी तथा नायिका उषा पौडेल रोमान्टिक मुद्रामा ।

# नक्कल गर्ने परम्परा



चलचित्र सञ्चारको एउटा सशक्त माध्यम हो भन्ने कुरामा दुईमत छैन, तर यसको गलत अर्थ लगाउँदै मुम्बईका चलचित्रकर्मीहरूले हलिउडको नक्कललाई आफ्नो जन्मसिद्ध अधिकार मान्न थालेका छन् । त्यसैले त अधिकांश हिन्दी चलचित्र कुनै न कुनै अंग्रेजी चलचित्रको रूपान्तरका रूपमा दर्शकमाझ आउन थालेका छन् । 'राज' र 'कसुर' जस्ता चलचित्र हलिउडका 'ह्वाट लाइज बिनिथ' र 'जेगेड एज' का हुबहु नक्कल थिए भने हलिउडको अत्यन्त लोकप्रिय चलचित्र 'स्लिपिङ विथ द एनिमी' लाई आधार बनाएर केही वर्षअघि बलिउडका निर्देशकहरूले 'डर', 'अग्निसाक्षी' र 'दरार' जस्ता चलचित्र बनाएका थिए ।

सहारा च्यानलको धारावाहिक 'करिश्मा : द टेल अफ डेस्टिनी' प्रति अमेरिकी नागरिक बारबरा टेलर ब्रेडफोर्डले आफ्नो पटकथा चोरी गरिएको आरोप लगाएकी थिइन् । करिश्मा कपुरजस्ती नाम चलेकी नायिकाको मुख्य भूमिका रहेको उक्त धारावाहिक लामो कानुनी लडाइँपछि मात्र प्रसारणमा आएको थियो । आखिर बलिउड यसरी नक्कल गर्ने प्रवृत्तिलाई किन अपनाइरहेको छ ? अमोल पालेकर, कल्पना लाजमीजस्ता चलचित्रकर्मीहरू यो प्रवृत्तिको दोष पटकथाकारको अभावलाई दिन्छन् । 'त्यसो त भारतीय साहित्यिक सम्पदा यति समृद्ध छ कि हामीले कसैको नक्कल गर्नु आवश्यक छैन, चलचित्रकर्मी पालेकर भन्छन्– 'तर पनि बलिउडका चलचित्रकर्मीहरू आफ्नो उधारो मानसिकताका कारण हलिउडकै चलचित्रलाई पछ्याइरहेका छन् । '

यदि 'माचिस', 'लगान', 'गदर', 'चाँदनी बार', 'पिपली लाइभ' जस्ता मौलिक कथामा आधारित चलचित्र सफल हुन्छन् भने हलिउडबाट पटकथाहरूको चोरी किन गरिन्छ ? अर्कातिर बलिउडमा सफल भट्ट क्याम्पको प्रवृत्ति यसको ठीक उल्टो छ । महेश भट्ट चलचित्रलाई मनोरञ्जनको माध्यम मान्छन्, त्यसैले उनी चलचित्रमा रचनात्मकताको आवश्यकता महसुस गर्दैनन् । भट्टका अनुसार मौलिकता केवल चोरी लुकाउनसम्म मात्र कायम रहन्छ ।

संगीतकार अनु मलिकझैं महेश भट्टका भतिजा निर्देशक विक्रम भट्टले नक्कल र उत्प्रेरणामा कुनै भिन्नता नराखी खुलेआम हलिउडका सफल चलचित्रको हिन्दी रूपान्तर गर्दै आएका छन् । नक्कल गर्ने प्रवृत्तिको पक्षमा तर्क प्रस्तुत गर्दै उनी महान् रचनाकारहरूको कृतिलाई पनि कहीं न कहींबाट प्रेरित भएको बताउँछन् । भट्ट समूहका चलचित्रकर्मीहरूको दावी छ– 'संसारमा कुनै पनि वस्तु मौलिक हुँदैन भने नक्कलमा आधारित सफलतामा कुनै नकारात्मक पक्ष पनि हुँदैन ।'

हलिउडका चलचित्र नक्कल गर्ने निर्माता-निर्देशकहरूको समस्या बढ्ने प्रमुख कारण केबुल र स्याटेलाइट च्यानलको बढ्दो प्रसारण पनि हो । अब दर्शक बलिउडका चलचित्रको विदेशी स्रोतका सम्बन्धमा सजिलै जानकारी पाउन थालेका छन् । हास्य अभिनेता साजिद खानले त कुन-कुन हिन्दी चलचित्र कुन-कुन हलिउडको चलचित्रबाट नक्कल गरिएको छ भन्ने कुराको जानकारी दिन सानो पर्दामा लागि एउटा कार्यक्रम नै तयार पारेका थिए ।

चाखलाग्दो कुरा त के छ भने स्वयं हलिउड नै मौलिक पटकथाको अभावबाट ग्रस्त छ । 'द म्याट्रिक्स', 'लर्ड अफ द रिंग्स' जस्ता चलचित्रहरू त सफल हुन्छन्, तर यसको अति नै ठूलो बजेटले सफलताको चमकलाई नै फिक्का बनाइदिन्छ । सामान्यतया एउटा सफल हलिउड चलचित्रको बजेट ९-१० करोड डलर हुन्छ । यसको एकतिहाइ रकम त प्रचार-प्रसारमै खर्च गरिन्छ । केवल प्राविधिक श्रेष्ठताका आधारमा यी चलचित्र सफल भए पनि त्यसको रचनात्मक पक्षमा कुनै फाइदा पुग्दैन ।

सन् १९९९ मा एउटा कम बजेटको चलचित्र 'बीइग जोन मेल्कोविच' अन्तर्राष्ट्रिय स्तरमै चर्चित भएको थियो । यो चलचित्रले आफ्नो लगानी (१ करोड ३० लाख डलर) को दुई गुणा व्यवसाय त अमेरिकामै केही दिनभित्रै गरेको थियो । तर दुर्भाग्य, हलिउडमा त्यस्ता कम बजेटका चलचित्र धेरै बनेनन् । स्पील बर्ग, जेम्स क्यामरुनजस्ता चलचित्रकर्मी 'जुरासिक पार्क', 'टाइटानिक' जस्ता महँगा चलचित्रबाटै सफलता हासिल गर्छन् । यस्तो परिस्थितिमा 'मेल्कोवीच' को सफलताले सबैलाई आश्चर्यचकित बनाएको थियो । यसको निर्देशन स्पाइक जोन्सले गरेका हुन् । हिन्दी चलचित्रझैं हलिउडमा पनि मुख्य धारका चलचित्र कसरी फमुर्लाको चपेटामा परेका छन् भन्ने कुराको उदाहरण सन् १९९२ मा प्रदर्शित चलचित्र 'द प्लेयर' ले दिन्छ । रोबर्ट एल्टमेनको यो चलचित्रमा सजाय भोगिरहेकी एक निरपराध महिलाको जीवनको यन्त्रणा समेटिएको छ ।

त्यसो त हलिउडमा पनि केही सकारात्मक उदाहरण नभएका होइनन् । हलिउडका अग्रणी पटकथाकार चार्ली कोफमेनलाई प्रसिद्ध उपन्यास 'द आर्किड थिफ' को पटकथा लेख्न लगाइयो । लामो परिश्रमपछि पनि चार्लीले उक्त साहित्यिक कृतिलाई चलचित्रको रूप दिन सकेनन् । उनले त्यही व्यथालाई कागजमा उतारेर चलचित्र 'एडप्टेसन' को पटकथा लेखेका थिए । ऐतिहासिक कृतिको रूपान्तर गर्ने लेखकको कठिनाइमा आधारित उक्त चलचित्रलाई दर्शकहरूले अत्यन्त रुचाएका थिए ।

पृष्ठ ५ बाट जारी

# ईश्वरसँग मेरो ठूलो गुनासो छ



**पत्रकारले धेरै सोध्ने प्रश्नचाहिँ कुन हो ?**

तपाईंहरूको भेट कहाँ भयो ? जोडी कसरी बन्यो ? इत्यादि । यो प्रश्नको उत्तर हामीले एक लाखपटक दिइसक्यौं होला । तैपनि त्यही प्रश्न ? म त छक्क पर्छु ।

**तपाईंले सबैभन्दा धेरै झूटो उत्तर दिएको प्रश्न ?**

म आफूले बोलेकामध्ये ५० प्रतिशत झूटो बोल्छु । किनभने मानिसले कहिले पार्टीमा बोलाउँछन्, कहिले कार्यक्रममा ? यस्तो बेलामा म बाहिर छु, भ्याउँदिनँ, सुटिङ छ भनेर ती कुरालाई टारिदिन्छु । पत्रकारको प्रश्नमा भने मैले त्यति धेरै झूटो बोलेजस्तो लाग्दैन ।

**यो देशमा कलाकार भुवन केसी प्रधानमन्त्री भए भने तपाईंको प्रतिक्रिया के हुन्छ ?**

अहिलेभन्दा राम्रो हुन्छ । किनभने भुवन केसीले त जति सिनेमा बनाए, हिट भए । उनी आफ्नो काम कति गम्भीरताका साथ गर्छन् भन्ने कुरा त दुनियाँले देखिसकेको छ । तोकिएको समयमा संविधान नबनाउने नेताहरूले प्रधानमन्त्रीको पद भुवन केसीलाई दिँदा हुन्छ ।

**अनि मन्त्रिमण्डलचाहिँ कस्तो बनाउनुपर्ला ?**

प्रधानमन्त्री भुवन भएपछि मन्त्रिमण्डलमा पनि कलाकारकै भए राम्रो गाईजात्रा हुन्छ । त्यसका लागि रेखा थापालाई परराष्ट्रमन्त्री बनाउनुपर्ला । किनभने सुजाताभन्दा त रेखा नै ठीक होलिन् । रेखा भएपछि प्रचण्ड पनि मख्ख पर्ने । त्यसो भए बन्द-हड्ताल पनि नहुने । अर्थमन्त्री भने भुवनकै श्रीमती सुस्मितालाई बनाउनुपर्छ । उनी सिनेमा बनाउँदा एक-एक पैसाको हिसाब-किताब राख्छिन् रे । गृहमन्त्रीका लागि राजेन्द्र खड्की ठीक होलान् । उनी फिलिममा भिलेन भए पनि असलमा अपराधीलाई ठोक्न माहिर छन् । अँ सञ्चारमन्त्रीमा ऋषि धमलालाई राख्नुपर्ला । किनभने उनले आजभोलि टेलिभिजनअघि उभिन छाडेर अभिनय गर्न थालेका छन् रे ।

**मन्त्रिमन्डलमा महको मन्त्रालय कुन होला ?**

हामीलाई शिक्षा सहायक मन्त्री बनाए हुन्छ । किनभने हामीले जति यो देशमा जनचेतनाको काम गरेका छौं, त्यो सायदै कुनै मन्त्रीले गरेको होला । एड्ससम्बन्धी कार्यक्रम बनाउनुपर्‍यो भने हामी संसारभरको एड्सको रिपोर्ट पढ्छौं । हामीले जति पनि कार्यक्रम बनायौं, त्यसमा लामो ठेलीका ठेली अध्ययन गरेका छौं । यी मन्त्रीभन्दा त हाम्रो पो अध्ययन बढी छ भन्ने लाग्न थालेको छ ।

**आजभोलि पत्रपत्रिकामा हरिवंशको मात्र अन्तरवार्ता आउँछ, बाहुन पत्रकारहरूले मदनकृष्णलाई पाखा लगाउँदैछन् भन्ने रिपोर्ट मदनकृष्णकहाँ पुग्छ रे, के भन्नुहुन्छ ?**

पहिले भोट पाउन नेताहरूले जातको बीऊ रोपेका थिए । अहिले त्यो वनमाराजस्तै यसरी फैलिसक्यो, जसले समाज र देशलाई नै विषाक्त बनाउन थालेको छ, तर यस्तो बीउ हाम्रो बीचमा रोप्दा त्यो बीउ तुरुन्तै मर्छ । बीउ रोप्ने मानिसले उल्टै गाली खान्छ। किनभने यस्तो बीउ उम्रन अनपढ हुनुपर्‍यो । संसार नबुझेको हुनुपर्‍यो । हामी त्यति मुर्ख छैनौं ।

**राजधानीलाई काठमाडौंबाट चितवन सार्ने कुरा भैरहेको छ, कस्तो लागेको छ ?**

चितवनमा किन वर्षौंदेखि गैंडा मारिरहेका छन् ? किन जंगल मासिरहेका छन् भनेको त बल्ल बुझें । यही राजधानी सार्नका लागि पो रहेछ । काठमाडौंको खेती योग्य जमिन मासेर नेताहरूको रहर पुगेनछ । अब जंगली जनावर र जंगल मास्ने योजना बनेछ ।

**पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बिजुलीबाट चल्ने रेलको डिजाइन बनिरहेको छ रे, खुसी लागेको छैन ?**

एउटा बल्भ बाल्न बिजुली नपुगेर लोडसेडिङ गर्नुपरिरहेको अवस्थामा बिजुलीको रेल चलाउने रे ? कसरी चल्छ ? के ५ सय ९९ सय सभासदले ठेलेर चलाउने ?

**यदि मदनकृष्ण श्रेष्ठ अथवा तपाईंमध्ये एक जना युवती हुनुभएको भए ?**

हाम्रो भेट नै हुँदैनथ्यो । किनभने केटीको संगत गर्ने हाम्रो बानी छैन ।

**यो मित्रता देख्दा त तपाईंहरूको विवाह नै हुन्थ्यो भन्ने लाग्छ, होइन र ?**

मदनकृष्ण श्रेष्ठ मेरो दाइ हुनुहुन्छ । म युवती भएको भए पनि उहाँ मेरो दाइ नै हो । दाइ र बैनीको विवाह भएको देख्नुभएको छ ?

**आफूले गरेको अभिनयमा विश्वास नलागेको क्षण छ ?**

आमा टेलिश्रृंखलाकी आमाको अभिनय मैले नै गरेको हो भन्ने कुरामा म कहिलेकाहीं अविश्वास गर्छु । म ५ फिट १० इन्च अग्लो व्यक्ति कुप्री आमाको अभिनय गरेको थिएँ । त्यो यति सजीव भएछ कि मलाई नै म हो जस्तो लाग्दैन । अफगानिस्तानमा बसेका नेपालीहरूले पनि यही विषयमा चर्चा गरेका थिए ।


**नेपाली नेताहरूमध्ये राम्रो कलाकार को हो जस्तो लाग्छ ?**

सबै कलाकार नै हुन् । नेता त उनीहरूको नाम मात्र जोडिएको हो । केपी ओली र कृष्णप्रसाद भट्राई चाहिँ हास्यव्यङ्ग्यकार नै हुन् । उनीहरू जे बोल्छन्, त्यसमा हास्य र व्यङ्ग्य लुकेको हुन्छ ।

**जीवनमा तपाईंले धेरै पाउनुभयो, ईश्वरसँग कुनै गुनासो बाँकी छ ?**

ईश्वरले मलाई नेपालमा जन्म दिए । यो देशमा कति राम्रो हिमाल छ, हरियाली पहाड छ । कति राम्रो वातावरण छ । विश्वमै कतै नभएको विविधता यो सानो मुलुकमा छ । यस्तो सुन्दर देशमा एउटा गतिलो नेता किन नजन्माएको ? ईश्वरप्रति ठूलो गुनासो छ ।

**अश्विनी कोइराला**

# भयो रमितै रमिता

पृष्ठ १ बाट जारी

गहिरो मित्रता भएको पुष्टि हुन्छ। अनिताको भनाईमा उनीहरुबीच पारिवारिक नाता भएकाले विश्वासको सम्बन्ध थियो। रमिताकी आमा चन्द्रादेवी भण्डारीले जनाएअनुसार अनिताको परिवारसँग उनीहरूको पारिवारिक सम्बन्ध छ। अनिता रमिताकी बहिनीकी नन्द हुन्। विवाहित अनिताकी एउटी छोरी पनि छिन्। अनिताका दाइले रमिताकी बहिनीलाई भगाएर विवाह गर्दा रमिताको परिवारको उनीहरूसँग सामान्य विवाद भएको थियो। जुन विवाद प्रहरीसम्म पुगेको थियो। यद्यपि त्यो विवाद त्यतिबेलै साम्य भैसकेको रमिताकी आमाका साथै अनिताका दाइ पनि बताउँछन्।

अनिताले जनसेवा प्रहरीमा दिएको जाहेरीअनुसार सिंगापुर जाने क्रममा उनले ७ हजार ८ सय सिंगापुर डलर अर्थात रु. ५ लाख ७७ हजार २ सय नेपाली रुपैयाँ दिएको र सिंगापुरबाट फर्किएपछि उक्त रकम माग्दा आफूमाथि कुटपिट भएको थियो।

गत मंगलबार दुवै हातमा हथकडी लगाएको अवस्थामा रमितालाई जिल्ला प्रहरी कार्यालय, हनुमानढोकामा भेट्दा उनले दावी गर्दै भनिन्- 'मैले ऊसँग पैसा लिएकै छैन।' अनिताको दावी छ कि उनको परिवारले नेपालबाट उनको नाममा पैसा पठाएको र सिंगापुरमा आफ्नो एकाउण्ट खोल्न नमिल्ने भएकाले त्यो पैसा उनले रमिताको दाइको एकाउन्टमा जम्मा गरेकी थिइन्, तर त्यो कुरा गलत भएको रमिताको दाबी छ। रमिताले भनिन्- 'कार्यक्रमको सिलसिलामा हामी सिंगापुर जाने-आउने गरिरहेका थियौं। शनिबार पनि म साथीसंग सिंगापुर जाँदै थिएँ।' रमिताले अडान लिँदै भनिन्- 'उनी ब्युटिसियनको ट्रेनिङका लागि सिंगापुर गएकी होइनन्। अनिताको उद्देश्य सिंगापुर गएर स्टुडेन्ट पास एप्लाई गरेर पढ्ने थियो। उनी उता त्यसका लागि प्रयत्न गरिरहेकै अवस्थामा हामी स्वदेश फर्कियौं। त्यसपछि के भयो, हामीलाई थाहा छैन। हाम्रो दोष यति मात्र हो कि उनी हाम्रो साथ लागेर उता गएकी थिइन्।' अनिताले भने उक्त भनाइको खण्डन गरेकी छिन्। (**हेर्नुहोस् बक्स**)

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कृष्णप्रसाद पंगेनीका अनुसार अब यो मुद्दामा सरकार वादी भैसकेको छ। उजुरी अनिताले गरे पनि मानव बेचबिखेनको अभियोगमा रमितामाथि जिल्ला अदालतमा मुद्दा चलाइसकिएको छ। पंगेनीले भने- 'मुद्दाको सुनुवाइ नभएसम्म मानव बेचबिखेनजस्तो जघन्य अपराधको अभियोग लागेकाले अनुसन्धानका क्रममा पुर्पक्षका लागि कम्तीमा छ महिना थुनामा राख्न सकिन्छ।' यदि अभियोग प्रमाणित भयो भने नेपालको प्रचलित कानुनअनुसार मोडल रमिता भण्डारीले १५ वर्ष कैद सजाय पाउन सक्ने उनले बताए।

काम लगाउने भनी पर्यटक भिसामा सिंगापुर लगिए पनि दुई महिनामै भिसा सकिएर स्वदेश फर्कनुपरेको अनिताले प्रहरीलाई बताएकी छिन्। स्वदेश फर्किएपछि रमिताकै पहलमा उनी काठमाडौंमा लुकेर बसेको अनिताको भनाइ छ। परिवारले काठमाडौंमै भएको थाहा पाएपछि उनलाई घर लगेको बताइन्छ। 'यदि त्यसो हो भने फर्कनेबित्तिकै उनले किन उजुरी गरिनन्? तत्काल किन घर परिवारको सहयोग लिइनन्। जबकि उनको र मेरो परिवारबीच राम्रै सम्बन्ध थियो र मैले उनलाई कतै बन्धक बनाएर राखेकी थिइनँ। उनी आफै लुकेर बसेकी थिइन।' -रमिताले उक्त कुराको खण्डन गर्दै भनिन्। प्रहरी भनाइमा यो एउटा 'र्‍याकेट' हो, जसमा रमिता कुनै न कुनै रूपमा सामेल छिन्। प्रहरी नायब उपरिक्षक केदार ढकाल भन्छन्- 'गल्ती गर्नेले कहिल्यै आफूलाई गलत भन्दैन। रमिताको मुद्दा पनि त्यस्तै हो। उनी कुनै न कुनै रूपमा यो मुद्दामा सामेल हुनुपर्छ। त्यो कुराको अनुसन्धान भैरहेको छ।' जनसेवा प्रहरीका निरीक्षक अवदेश विष्ट यो मुद्दामा लहरो तान्दा पहरो जान सक्ने कुरालाई नकार्न नसक्ने बताउँछन्। उनले भने- 'मेरो मातहतबाट मुद्दा हनुमानढोका पुगिसकेको छ। अनुसन्धान गर्दा केही नाम चलेका मानिस पनि नपर्लान् भन्न सकिँदैन।'

रमिता भने प्रहरीले आफुलाई फसाउन खोजेको बताउँछिन्। उनले भनिन्- 'यदि प्रहरीले मलाई अपराधी मान्छ भने प्रमाण दिनुपर्‍यो।' उनका अनुसार प्राप्त भिडियो र केही तस्बिरलाई प्रमाण मान्न सकिँदैन। यस विषयमा जान्न खोज्दा प्रहरी स्रोतले अनुसन्धानकै क्रममा रहेकाले भिडियो र तस्बिरमा भएका कुरा खुलस्त बताउन वा देखाउन नमिल्ने बतायो। हिरासतमा रहेका रमिताका पति रबल श्रेष्ठ को उक्त मुद्दासँग कुनै सम्बन्ध नभए पनि प्रहरीले उनलाई बिनाकारण थुनामा राखेको भन्दै रमिताले आपत्ति जनाएकी छिन्।

### काम खराब होइन

यो मुद्दाका कारण मोडलिङ क्षेत्रमा नकारात्मक प्रभाव परेको कुरालाई नकार्न सकिदैन। पेसागत रूपमा स्थापित नभएको अवस्थामा मोडलिङलाई पेसा बनाउन खोज्ने युवापुस्ताप्रति समाजको दृष्टिकोण नकारात्मक हुन सक्ने अनुमान लगाउन सकिन्छ। अर्कातर्फ अन्य वेबसाइटहरूका लागि पनि तस्बिर खिचाएकी रमिताको मुद्दाको खबरमा आफ्नो साइटको मात्र नाम उल्लेख गरिएकोमा साइबरसंसार डटकमका सञ्चालक अभिनव कसजुले आपत्ति जनाएका छन्। मोडलिङका लागि तस्बिर खिचाउनु र कुनै अभियोगमा पक्राउ पर्नु फरक कुरा हो, तर रमिताका बारेमा प्रकाशित खबरहरूमा साइबरसंसार डटकमको नाम मात्र अखबारहरूमा प्रकाशित गरिएकोमा उनले खेद प्रकट गरेका छन्। प्रहरी नायब उपरिक्षक केदार ढकाल भन्छन्- 'मोडलिङ गर्नु, चलचित्रमा अभिनय गर्नु नराम्रो काम होइन। त्यो पनि इज्जतदार पेसा हो।' ढकालको रायमा कानुनले तोकेका कुनै पनि काम खराब हुँदैनन्, बरु काम गर्नेहरू खराब हुनसक्छन्।



## को हुन् रमिता भण्डारी ?

**मोडलिङ क्षेत्रमा परिचित नाम हो, रमिता भण्डारी। सन् २००२ को मिस नेपालकी एक प्रतिस्पर्धी रमिताले सन् २००० मा सम्पन्न मिस्टर एन्ड मिस हेटौंडामा मिस हेटौंडाको उपाधि जितेकी थिइन् भने आईसीको फेसन विकलगायत दर्जनौं फेसन शोमा सहभागिता जनाइसकेकी थिइन्। उनले अल नेपाल मोडल कम्पिटिसन–२००२, बेस्ट कपल अफ द इयर–२००३ मा पनि उपाधि जितेकी थिइन्। दर्जनौं विज्ञापन तथा म्युजिक भिडियोमा पनि उनले अभिनय गरेकी छिन्। यसका साथै रमिताले आफ्नै स्वर, स ीत र साहित्यमा एकल गीति एल्बम 'टिनएजर्स' निकालेकी थिइन्। यसका साथै उनले 'अधुरो प्रेम' शिर्षकमा एउटा कृति पनि सार्वजनिक गरेकी थिइन्। मूलघर हेटौंडा भए पनि उनी ललितपुरको इमाडोल बस्दै आएकी थिइन्। ५ फिट ७ इन्च अग्ली रमिताले बीबीएससम्मको अध्ययन पूरा गरेकी छिन्।**

## कुरा अनिताको

काठमाडौंको ओमबहाल बस्ने अनिता नकर्मी विवाहित महिला हुन् र उनकी सात वर्षीया छोरी पनि छिन्। सामान्य ब्युटिसियनको कोर्सपछि एड्भान्स कोर्ष गर्न उनी विदेश जान चाहन्थिन्। त्यही सन्दर्भमा सिंगापुरमा ब्युटिसियनको एडभान्स ट्रेनिङ गराउने भनेर रमिताले उनलाई सिंगापुर पुऱ्याएको नकर्मीको दाबी छ। उनले साप्ताहिकसँग भनिन्- 'हामी फागुन १० गते मेरै घरबाट साइत जुराएर एयरपोर्ट गएका थियौं। रमिताका साथमा उनकी एउटी मोडल साथी र अर्की एक जना डान्सर युवती पनि थिइन्। मलाई त्यहाँ भिजिट भिसामा लगिएको थियो। रमिताले उता पुगेपछि वर्किङ पास दिलाउने आषा देखाएकी थिइन्। सिंगापुर पुगेपछि एक महिनाजति हामी पारिवारिक वातावरणमा रमाइलो मानेर बस्यौं। त्यतिबेला हामीसँग उतै बस्ने उसको दाइ रमेश र श्रीमान् रबल पनि थिए। आज-भोलि गर्दागर्दै मसँग भएको पैसा पनि सकिन लाग्यो, तर पनि उनीहरूले आषा देखाउन छाडेका भने थिएनन्। आफ्नी भाउजूकी दिदी भएकीले मैले रमितालाई पूरा विश्वास गरें। समय कटाउन एउटा फ्याक्ट्रीमा हप्ताको चार दिन प्याकेजिङको काम पनि गरें।

त्यतिबेलासम्म मैले उनीहरूको रहन सहन तथा व्यवहार नजिकबाट जान्ने मौका पाइसकेकी थिएँ। यद्यपि मेरो काम हुन्छ कि भन्ने आषा ममा थियो। मैले त्यतिबेला घरबाट पैसा मगाए र रमिताको दाइको खातामा जम्मा गरिदिएँ। दाइले भने आफ्नो कुलतमा त्यो पैसा सकेछन्। उनीहरू यहाँबाट फकाएर केटीलाई लाने र डान्सबारमा डान्सर नभए रेस्टुराँमा वेटर काममा लाग्न विवश पार्दा रहेछन् भन्ने पनि थाहा पाइसकेकी थिएँ। मेरो भिसा सकिन लागेपछि मलाई मलेसिया गएर आउने र सिंगापुरको नियमअनुसार फर्कंदा इमिग्रेसनले एक महिनाको भिजिट भिसा दिने बताइयो। त्यही आषामा मलेसिया पुगेर फर्कंदा मैले भिसा पाइनँ। त्यतिबेलासम्म रमिता काठमाडौं फर्किसकेकी थिइन्।

म पनि काठमाडौं आउने भएँ। रमिताले मलाई फकाई-फुल्याई यहींबाट पासको व्यवस्था गरिदिने र त्यसका लागि केही दिन कुर्नुपर्ने बताएर एयरपोर्टमा लिन आएर सुटुक्क उनको इमाडोलको घरमा लगेर बन्धकजस्तो गरी राखिन्। मेरा श्रीमान् तथा परिवारलाई म सिंगापुरमै छु र त्यहाँ काम गरिरहेकी छु भन्ने भ्रममा राखियो। नौ दिन बित्दा पनि पासको व्यवस्था नभएपछि मैले रमितासँग गुनासो गरें। केही महिला डान्सरलाई सिंगापुर पठाउन लागेको र त्यसबाट पैसा आएपछि मेरो पास मिलाइदिने भनेर मलाई सोह्रखुट्टेस्थित होटल रिभर साइड होलिडे इनमा पुऱ्याइयो। रमिताले मलाई होटल बाहिर ननिस्कनु भन्ने सुझाव दिएकी थिइन्। म पनि त्यत्रो धेरै पैसा सकेर खाली हात श्रीमान् र परिवारलाई भेट्दा बेइज्जत हुने डरले उनले भने जस्तो गरिरहें। यद्यपि मलाई दिइएको ल्यापटपबाट श्रीमान्सँग च्याट गरिरहन्थे। मैले त्यतिबेला श्रीमान्लाई म सिंगापुरमै छु र काम गरिरहेकी छु भनेर ढाँटिरहे। किनभने अझै रमिताप्रति आषा बाँकी थियो। मैले आफ्नै नाता पर्ने मान्छेले मप्रति छल गरिरहेकी छ भन्ने कल्पनासम्म पनि मैले गरेकी थिइन्। त्यसपछि म उनीसँग सल्लाह गरेर नजिकै एउटी दिदीको घरमा बस्न थालें। त्यतिबेलासम्म मैले परिवारलाई खबर गरेकी थिइनँ। रमिताले मलेसिया जाने व्यवस्था मिलाउन थालेपछि मलाई शंका लाग्यो। किनभने मलेसियामा पठाइने युवतीहरू खराब काममा लगाइन्छन् भन्ने मैले थाहा पाइसकेकी थिएँ। मैले जान्न भनेर आफ्नो परिवारको सम्पर्कमा आएँ। रमितासँग इमाडोलमा उनको घरमा श्रीमान्सँग भेटेर सबैकुरा राख्दा नराख्दै मनपरी बोलेर उनले मलाई लात्तीले हान्न थालिन्। मेरो श्रीमान्ले झगडा नगर भन्दाभन्दै पनि मलाई लखेटी लखेटी प्रहार गर्न थालिन्। भखरै महिनावारी सकिएको पेटमा हान्दा मेरो ब्लिडिङ पनि भयो। म श्रीमान्सँग घर फर्किए। पछि उनले जनसेवामा उल्टो मैले कुटेको भनी मौखिक जाहेरी दिइछन्, अनि मैले पनि उनका विरुद्ध बयान दिएपछि उनीहरूकै गल्ती देखेर प्रहरीले पक्राउ गरेको हो।

## कम्फोर्ट जोनमा डान्स पार्टी



**साप्ताहिक समाचार**

काठमाडौं- ठमेलको कम्फोर्ट जोनको परिसर दिउँसो २ बजेदेखि घन्किन थाल्यो। सुरुमा हाउस म्युजिक घन्काइएको कम्फोर्ट जोनमा समय बित्दै जाँदा हिन्दी र अन्य अंग्रेजी गीतमा डिजे मिक्स बजाउन थालियो। शनिबारको दिन स्कुल-कलेज बिदा हुने भएकाले युवा-युवतीहरूलाई त्यसले नतान्ने कुरै थिएन। कम्फोर्ट जोन भित्र प्रवेश गर्ने बित्तिकै सहभागीहरू रातो, नीलो, हरियो तथा पहेंलो रंगका प्रकाशको झिलिमिलीमा नाच्न थाले। नयाँ हिन्दी चलचित्रका रिमिक्स भर्सनमा त उनीहरू अझ मज्जाले नाच्थे। खाँदै पिउँदै नाच्न थालेका उनीहरूलाई रातिको ८ बजेको पत्तै भएन। डिजेले म्युजिक बन्द गरेपछि डान्सपार्टी सकिएको घोषणा गरिए पनि उनीहरूको मुड हेर्दा यस्तो लाग्थ्यो- संगीतको बिट बजिरहे उनीहरू रातभरि पनि नाच्न तयार छन्।

## क्रिएटिभ लोकतारामा २२

पोखरा- पोखरास्थित क्रिएटिभ ब्रोडकास्टिङ मिडिया प्लसले आयोजना गरेको क्रिएटिभ लोकतारा-२०६७ मा २२ जना प्रतियोगी अघिल्लो चरणमा प्रवेश गरेका छन्। गत शुक्रबार अडिसन राउन्डबाट ३२ जना छनोट भएकोमा मंगलबार संस्थाको कार्यालय प्राङ्गणमा भएको लोकगायन स्पर्धाबाट २२ जना प्रतियोगी छनोट भएका हुन्।

छनोट हुनेमा सूर्यविनायक, तिलमाया विक, रुद्र राना, मञ्जु विक, सन्ध्या अधिकारी, सुजन गुरुङ, टेकराज थापा, विष्णु पौडेल, सविना श्रीषमगर, मीना शर्मा, लोकेन्द्र रानामगर, सुष्मा विक, राजकुमार विक, सन्दीप परियार, प्रदीप त्रिपाठी, अजय गुरुङ, कल्पना मगरती, भोजकुमार पुलामीमगर, अमृतप्रसाद बराल, सुकमान परियार, बुद्धि थापा तथा रेणु थापामगर छन्।

पश्चिमाञ्चल क्षेत्र लोकगायनको उर्वरभूमि रहेको र यहाँबाट नवप्रतिभाको छनोट गर्ने उद्देश्यका लागि संस्थाले आफ्नो पाँचौं वार्षिकोत्सवका अवसरमा पहिलो पटक यस्तो कार्यक्रम गर्न लागेको हो। आगामी असोज २ गते पोखरा सभागृहमा हुने अन्तिम प्रतिस्पर्धाबाट क्रिएटिभ लोकतारा बिजेताले उपाधिसहित ५५ हजार ५ सय ५५ रुपैयाँ पाउनेछन्। पश्चिमाञ्चलका विभिन्न जिल्लाका ६९ जना नवप्रतिभाले अडिसनमा सहभागिता जनाएका थिए।

# प्रधानमन्त्रीको छनोट



**केदार घिमिरे/सीतासाम कट्टेल**

प्रधानमन्त्री शब्द सुन्दै हाँस उठेर आउँछ, आ...आ...आ... भन्नेजस्तो भैसकेको भन्दा केही फरक नपर्ला त्यसका बाजे। विश्वको सर्वोच्च शिखर सगरमाथा, लुम्बिनीको देश, जलस्रोतको धनी देश भनेजस्तै सबैभन्दा बढी समय विश्वमै प्रधानमन्त्री छान्न नसक्ने राष्ट्र कुन ? भन्दा नेपाल भनेर अर्को विश्वकीर्तिमानी राख्ने अवस्था भैसकेको तेरीमा टोक्ने ! राष्ट्र पनि सानो छ, प्रधानमन्त्री तीन-तीन महिनामा फेर्नु छ अनि कहाँबाट होला त नि !

अब कुरो आउँछ प्रधानमन्त्री शब्द नै खराब हो कि अथवा प्रधानमन्त्री पद नै खराब हो ? हाम्ले १५ दिन १५ रात १५ घन्टा १५ मिनेट १५ सेकेन्ड बडो गम्भीर भएर निश्चित रूपमा सोच्यौं। यति सोच्यौं, यति सोच्यौं, उस्तै भा'भए गिद्दी पड्केर मरिसक्थ्यौं। सोच्दा-सोच्दा लास्ट निचोड के आयो भन्दा प्रधानमन्त्री शब्द पनि झुर होइन र'छ, पद पनि झुर होइन र'छ, झुरको पनि महाझुर त त्यो पदमा नियुक्ति हुने व्यक्ति पो र'छन्। त्यसका बाजेको साँढे ती व्यक्ति जसले पहिले बुझ्नुपर्ने कुरा के हो भने प्रधानमन्त्रीको वास्तविक अर्थ के हो ? र यो कतिवटा शब्द मिलेर बन्या छ ? अब यो कुनै माइका लालले पत्ता नलगाउने भएसि हामी लालले नै पत्ता लायौं। यो प्रधानमन्त्री पर+धान+मन+त्र गरेर जम्मा सातवटा शब्द मिलेर बन्या हुँदो र'छ र यसको वास्तविक अर्थ हो पर धान छ मनदेखि तीन जना मिलेर खानु, यो कुरा अहिले हाम्रो देशका प्रमुख तीन दलसँग पनि ठ्याकै मेल खान्छ, हेर्नुस्।

त्री भन्नाले झलनाथ बाउ, पुष्पकमल बाउ र रामचन्द्र बाउ भन्ने बुझिन्छ। अब संकट कहाँनेर आयो भने तीन जना भान्जाले मिलेर धान खानुपर्नेमा आफूले चामल अरूलाई भुस ख्वाउन खोजेपछि कुरो बिग्रो। अब यसरी आफू मात्रै चामल खाइरहने र अरूलाई भुसपान गराउन खोज्ने हो भने एक दिन उनीहरूलाई ख्वाउन यो देशको चामल सिद्धिएला। त्यसपछि यिनीहरूले चामल किन्न देश बेचे भने कहाँ जाने एकताल सोचौं है.... ! भनेर भन्यो रे क्या पारी भैरेले, हाम्ले भन्दा ज्यान तलमाथि पर्ला ! के गर्ने ? नेपालाँ सत्य कुरा गर्ने र साँचो बाटोमा हिंड्नेलाई वैकुण्ठवास गराइन्छ। त्यसैले हाम्लाई चाँडै वैकुण्ठ जानु छैन, त्यही भ'र भन्न चैं स्वादले भन्छौं, तर भैरेको इसारामा आ....आ...आ... ! अब चैं नै केही गर्दा पनि प्रधानमन्त्री चयन नहुने भएसि हिजै राति हाम्ले छुट्टाछुट्टै २ घन्टा २ मिनेट २ सेकेन्ड २ धड्कन सोच्यौं र फ्याट्टै अर्को कुरो पत्ता लागो, कुरो के भने अब नेपालमा प्रधानमन्त्री छान्नलाई ३ वटा प्रतियोगिता गर्नुपर्ने र'छ। ती हुन्.....

बंगारा झार्ने प्रतियोगिता : यो प्रतियोगितामा चाहिँ प्रतियोगीमध्ये जसले बढी बंगारा झार्न सको त्यही नै प्रधानमन्त्री। यति गरेसि कोही दुख्छ भनेर भाग लिन आउँदैन, कोही बंगारा झरेसी ठेगानमा आउँछन्।

घूस खाने प्रतियोगिता : यो चैं नेपालाँ हुनुपर्ने र भैरहने प्रतियोगिता हो। यसमा सबैभन्दा बढी जसले घूस खा'को ठहर हुन्छ त्यसलाई नै माला लाई प्रधानमन्त्री बनाइदिए हुन्छ। सुरुमै घुस खा'को थाहा भएपछि नखाओस् भनेर यो प्रतियोगिता आवश्यक छ।

नांगिने प्रतियोगिता : यो चैं प्रधानमन्त्री चयन गर्ने अत्यन्त रमाइलो प्रतियोगिता हो। यसमा चैं प्रधामन्त्रीका उम्मेदवारलाई नांगै पारेर सिंगारेर घुमाउने र कुनै सार्वजनिक स्थानमा गएर जसले जोडले भाषण गर्छ त्यही नै यो देशको प्रधानमन्त्री हुन्छ।

यी माथिका तीन तरिकाअनुसार हुन्छ कि भन्ने हाम्रो सुझाउ मात्र हो। अर्को कुरा, वास्तुशास्त्रीले कैयौं पटक प्रधानमन्त्रीको कुर्सी मिल्या छैन भनिरा'छन्, तर हामी के भन्छौं भने कुर्सी नमिल्या होइन, मान्छे नमिल्या हो, मान्छे मिले त कुर्सी आफैं मिलिहाल्छ नि। यस्तै गम्भीर हुने क्रममै हिजो फेरि हाम्ले ३ बजुर ३ मिनेट ३ सेकेन्ड ३ धड्कन जाँदा अर्को कुरा पनि सोच्यौं, कुरा के भने अब प्रधानमन्त्री छान्दा चैं निश्चित हाइट, लिमिटको भुँडी, छाती निश्चित इन्चको, कपाल पूरै भा'को वा तालु चिन्डे, जुँगा अरमठिएको वा चिल्लै भा'को यस्ता कुराको पनि टुंगो हुनुपर्ने र'छ। त्यसो गरे प्रधानमन्त्री फ्याट्टै छानिन्छ निश्चित रूपमा ! अब चुनाव लडाए हाम्रो देश प्रधानमन्त्री हुँदैन भन्ने त माधव बाउ नै ज्वलन्त उदाहरण छँदै छन्। यो देशाँ जितेर प्रधानमन्त्री हुने दिन गए, त्यही भ'र आज बिहानी फेरि १ घन्टा १ मिनेट १ सेकेन्ड १ धड्कन सोच्यौं र के पत्ता लायौँ भने माथि उल्लेखित उपाय अवलम्बन गर्दा पनि प्रधानमन्त्री छनौट भएन भने अन्तिम अस्त्र भनेको सिस्नुपानी र'छ, जो-जो प्रधानमन्त्रीका उमेद्वार छन् तिनीहरूलाई टुँडिखेल लाने र सारा जनताका अगाडि सिस्नु-पानीमा चोपेर हान्ने, जस्तो नाइस टु मिट यू तरिकाले सारो हान्नु भन्दैन, त्यसैलाई नेपालको त्यस्तो नगरौं भने प्रधानमन्त्री छान्ने अर्को उपाय चैं प्रधान नाम गऱ्या मान्छेलाई मन्त्री बनाइदियो भने स्वतः प्रधान मन्त्री हुने र'छन् आ-आ !




## नत्था, शम्भु र नेकपा तटस्थ

● **विदुर खतिवडा**

यतिखेर बजार पिपली लाइभको छ, देश गाईजात्रे माहौलमै चलिरहेको अवस्थामा छिमेकी मुलुकबाट आयातित पिप्ली लाइभले लाखौं नेपालीको कथालाई प्रतिनिधित्व गरेको छ। प्रधानमन्त्री बन्ने चक्करमा आफ्नो भू-तल बिर्सिएका नेताहरू पिपली लाइभको नत्थाकै हविगतमा नेपाली जनतालाई नचाउन चाहिरहेका छन्। नायक राजेश हमालको भनाइलाई सापट लिने हो भने यतिखेर नेताहरू अभिनेताको काम गरिरहेका छन्, त्यसकारण अभिनेताले अब नेतागिरी गर्ने बेला आएको छ।

आमिर खानले नेपाललाई नै लक्षित गरेर नत्थाको कथालाई पर्दामा उधिनेका हुन् कि जस्तो लाग्छ। दिन-प्रतिदिन गरिबीले नेपाली जनतालाई उछित्तो काढिरहेको बेला पिपली लाइभ नेपाली चलचित्रजस्तो लाग्न थालेको छ। पिपलीले पनि गरिबीको त्यही माहौललाई उधिनेर बजार पाएको हो।

अहिले मुलुककै एउटा पार्टीले देशलाई अनिर्णयको बन्दी बनाइरहेको अवस्था छ। माइसंसार डटकम लेख्छ– नेकपा तटस्थका एक कार्यकर्ताले पार्टी कार्यालयमै झुन्डिएर मरेको एक महिना नबित्दै उनका छोराले पनि आफ्नै घरमा पासो लगाएर संसारलाई बाईबाई गरेका छन्।

कुनै निर्णय लिन नसकी तटस्थमै रमाइरहेको यो तटस्थ पार्टी यो घटनापछि मौन अर्थात् तटस्थ नै छ। पिपली लाइभमार्फत नेपाली पैसा तानिरहेका आमिर खान भने यतिखेर दंग होलान् तर आत्महत्याको बाटो रोजेका शम्भुका परिवार भने शोकमा डुबेका छन्।

पिपली लाइभमा जसरी एक पक्षले जर्बजस्त रूपमा नत्थाले मर्नैपर्ने विषयमा वकालत गर्छ, त्यसरी नै ठूला पार्टीका नेता भनिएका पुष्पकमल, बाबुराम, सुशील, रामचन्द्र, शेरबहादुर, माधव, केपी, झलनाथहरू पनि नेपाली जनतालाई आत्महत्याको बाटोमा जान उत्प्रेरित गरिरहेका छन्।

अब हास्यकलाकारहरूले पनि गाईजात्रा नदेखाए हुन्छ, सायद देश नै भद्रगोल भएर वर्षभरि गाईजात्रा अभ्यस्त भएकाले हुनसक्छ, चर्चित मदनकृष्ण र हरिवंशहरू आजभोलि गाइजात्रा प्रहसन देखाउँदैनन्। अब प्रहसनका लागि हास्यकलाकारहरूले पनि मेहनत नगर्नुहोस्, नेतालाई नै प्रहसनको रंगमञ्चमा बोलाएर उनीहरूको भित्री मोहलाई पर्दाफास गर्नुहोस्, त्यो अर्थमा लाखौं जनता खुसी हुनेछन्।

डेगेन्द्र राजवंशी वर्षौं जेलजीवन बिताएका एमाले कार्यकर्ता थिए, बाँचुन्जेल उनका कुरा कसैले सुनेनन्, यहाँसम्म कि जेलजीवनसँगै बिताएका नेताले पनि समस्या बुझिदिएनन्। त्यसपछि उनले मृत्युलाई रोजे। उनी मरेपछि परिवारले ५ लाख त पायो, तर ५ लाख त्यसको निकास थिएन, त्यसैले छोरा शम्भुले पनि बाबुकै पथ समाते।

जनतालाई नगद होइन, बाँच्ने आधार चाहिन्छ, भन्ने महत्वपुर्ण पाठ सिकाएर शम्भु हामीबाट बिदा भएका छन्। एमालेले इतिहासको सबै निर्णायक मोडमा अलमल्ल पर्छ। देशलाई निकास दिन उसले रोजेको बाटो सदैव देशका निम्ति 'घाटो' छ।

अर्को महत्त्वपूर्ण कुरा, आंशिक जनयुद्ध लडेको एमालेका कार्यकर्ताले २० वर्षपछि जसरी केही नपाएर आत्महत्याको बाटो रोजे, त्यसरी नै लामो समय युद्ध झेलेर आएको माओवादीका सयौं लडाकुको नियति पनि डेगेन्द्र र उनका छोरा शम्भुको जस्तै छ। किनभने कुनै समयका सर्वहाराहरू प्रचण्ड, बादल र उनको टिम यतिखेर कांग्रेस-एमालेलाई पनि माथ दिने गरी सुविधाभोगी भएका छन्। उनीहरूलाई चढ्नलाई प्राडो, पजेरो र सुत्नलाई लाखौंको खाट चाहिएको छ।

सत्ता प्राप्तिको आन्दोलन चलाएर जनतालाई सडकमा उतार्दा पनि निकास नपाएपछि तथाकथित कम्युनिस्टहरू यतिखेर ख्वामितको चरण समाउन पनि पछि परेका छैनन्।

पिपली लाइभमा नत्था त मर्दैन, तर त्यस्तै अर्को कथामा शम्भु रियल लाइफमै मृत्युवरण गर्न पुगेका छन्। गरिबी नेपाली जनताका निम्ति पनि डायन बनेको छ। दिन-प्रतिदिन महँगी चर्कँदै गएको छ, महँगीले यति खाएको छ कि दिन-प्रतिदिन शरिरको साइज पनि घट्दै गएको छ। निकास कतै देखिँदैन, गुम्सिएको नेपाली आकाशमा निरन्तर कालो बादल मडारिरहेको छ।

अपवादबाहेक ६ सय १ नालायकलाई आफ्नो भागको रोटी काटेर ख्वाउन बाध्य गरिब जनताले विकल्पका सबै प्रयास आत्मसात् गरेर प्रयोग गरिसके। अब उनीहरूका निम्ति नयाँ कुराको खोजी पनि छैन, उनीहरू मात्र दुई छाक जोहो गरेर बाँच्न पाउने आशामा बसेका छन्।

संविधान होइन्, उनीहरूलाई दानापानी खोज्ने वातावरण मिलाइदिने नेता चाहिएको छ, गफका भरमा साम्यवादको सपना पूरा गर्ने भन्दै आत्महत्या वरण गर्न बाध्य बनाइदिने नेताहरूसँग उनीहरू शान्तिपूर्वक काम गरेर खाने मेसो मिलाइदिन आग्रह गरिरहेका छन्।

## ● सन्देश ●

नि., बधाई छ तिमीले मेरो वास्तविकता नबुझी हाम्रो पवित्र प्रेमलाई बिचल्ली बनायौ । तिमी धनसँग प्रेम गर्छ्यौ भन्ने मलाई थाहा थिएन । ठीकै छ अहिलेसम्म धेरैसँग प्रेम गरिसकेकी रहेछौ, थाहा भएको भए सम्बन्ध पनि गाँस्ने थिइनँ तर तिमीलाई जुन दिन अप्ठ्यारो आइपर्छ त्यो दिन मलाई सम्झेर रुने दिन पनि आउँछ, तर पनि बधाई छ तिमीलाई ।

**काले**

सानु, म तिमीलाई धेरै माया गर्छु । तिमीले आफूलाई कहिल्यै एक्लो नसोच्नु । हरपल, हरक्षण म तिम्रै साथमा छु । आई लभ यू सो मच ।

**रामकृष्ण**

रोशन, अमृत, इखमान, केशव, भीम, ओमप्रकाश, मिलन, आफन्त, सन्देश, दीपेश, राजेन्द्र, ईश्वर, कमला, गणेश, सुदीप, शावल, प्रियतमा, निश्चल, देवराज, प्रतीक्षा, टीकाराम, मदनकुमार, यशोदा, सन्देश, अनमोल, हरि, जलन, जितकुमार, केशव, बुद्धराज, धड्कन, लमणि, सुवास, गुणराज, दीपक, अनिता, प्रज्वल, कल्पना, खुश्बु, खुसी, आयुस, गोपाल, यज्ञविक्रम, प्रकाश, विकासलगायत सम्पूर्ण साथीहरूलाई म मिस गरिरहेकी छु ।

**एलिसा**

भदौ महिनामा जन्म दिन पर्ने साथीहरू सचिन, अञ्जुला, लक्ष्मी, अञ्जु, शर्मिला, रोशन, राज, जानुका, सुमन, दीपक, हिस्सी, दिनेश, कल्पना, प्रीति, टीका, विना, मनु तथा मनमायालाई लाखौंलाख शुभकामना ।

**कल्पना साम्पाङ**



भन्ट्रेश्वर माविमा कक्षा दससम्म सँगै अध्ययन गरेका प्यारा साथीहरू सबैलाई माया र सम्झना । आज हामी छुटेको पनि लगभग छ वर्षजति भैसक्यो । अहिले विभिन्न लक्ष्यका साथ कोही कता कोही कता भौतारिरहेका छौं, तर पनि सँगै बिताएको त्यो खुसी, हाँसो र रमाइलो मन-मस्तिष्कबाट कहिल्यै छुट्न नसक्दो रहेछ ।

**लक्ष्मण**

खै कुन शब्दले सम्बोधन गरु नेताज्यू, देश गरिबी, बेरोजगारी, महँगी, अशिक्षाबाट गुज्रिरहेछ । साहाराको खोजीमा देश स्वास्थ्य र विकसित बन्ने आशा बोकी, नयाँ नेपालको नयाँ परिकल्पनामा तपाईंहरूलाई गाँस, बास र कपासबाट समेत कर काटी संविधानसभामा पुऱ्यायौं, तर धिक्कार छ, सत्ताको किनमेल र जोड-घटाउको खेल खेल्नुभो र जनतालाई आशाको डोरीमा बाँधिराख्नुभो ।

**दीपक**

## जिन्दगी कहाँबाट कहाँसम्म

## ● जीवनको गोरेटोमा ●



मेरो जीवन सानैदेखि अलि दुःखदायि तरिकाले उकाली लाग्दै गयो । घर नजिकैको स्कुलमा पढ्दा मेरो जीवन कहिले हाँसो त कहिले रोदन, कहिले खुसी त कहिले दुःखमा अघि बढेको थियो । कतिपय गोरेटोमा मलाई पनि हाँस्ने-हँसाउने मन थियो तर सकिँदैनथ्यो । मेरो पनि रहर थियो जताततै फूल फूलाउने तर सकिन । जब म ठूलो भए र जवानीले छोयो तब साथी भाइहरूसँग हिँड्डुल गर्न थाले । मेरो जीवनले धमिलो मोडलियो । यद्यपि जीवन खोलासरि बगिरह्यो । मेरो स्कुलको पढाइ पनि माथि चढ्दै थियो ।

जब म कक्षा आठमा पुगे जीवनले फेरि अर्को मोड लियो । मेरो जीवनमा कोही जोडिन आयो जसका कारण अध्ययनतर्फ ध्यान कम भयो । मेरो पढाइ बिग्रन थाल्यो । म सधैं उनैसँग बसी हाँस्दै जीवन बिताउन थाले । उनकै कारण मैले सबैलाई बिर्सन थाले । म एकान्त प्रेमी बन्न पुगे । एकान्तमा रहँदा पनि उसकै सम्झना र कल्पनामा समय जान्थ्यो । उनीसँगै रमाउँदा-रमाउँदै जिन्दगीमा ठूलो आँधी आयो । मानिस यति ठूलो विश्वासघाती हुन्छ भन्ने मलाई थाहा थिएन । जसको मैले विश्वास, आशा एवं भरोसा गरेको थिएँ- उनैले धोका दिइन् । उनले कयौँ बाचा कसमहरू खाएकी थिइन्, सबै तोडिन् ।

मैलाएका प्रेमका मुनाहरू ओइलिए । जीवन आँसुमा बदलियो । बहुलाएको खोला जस्तै मेरो जीवन पनि बहुलायो । मेरो जीवन फेरि शून्य संसारमा पुग्यो । बल्ल थाहा भयो- जीवन के रहेछ ? जिन्दगीलाई घिसार्दै बाँचिरहे । जब म फेरि उज्यालोतर्फ लागें तब फेरि पागल भएँ । त्यो जिन्दगीका बारेमा बुझ्दा त म एउटा कथामात्र रहेछु, जसलाई दुनियाँले थुकेको रहेछ । म हजार थरिका नामले चिनिएको रहेछु । म आफू फूल भनेको त सबैको आँखाको छारो बनेछु । सबैको मायामा हाइहाइ म आज सबैको घृणित बनेछु । जिन्दगी त खाल्डोमा परेछ । मैले भाइको सहयोग पाए र उक्त खाल्डोबाट उम्कन सफल भए ।

जब म १० कक्षामा पढ्थे जिन्दगीले फेरि एउटा नयाँ मोड लियो । रोजगारीका कारण म अनेक ठाउँ डुल्न थाले पढाइप्रति आकर्षित कम भयो जसले गर्दा पढाइ बिग्रन थाल्यो । पहिलो पटक लाहुरे हुने इच्छा जाग्यो तर नागरिकता नभएको कारण सफल हुन सकिन । दोस्रोपल्ट पनि सफल हुन सकिन जसका कारण मैले फेरि अध्ययनतर्फ ध्यान केन्द्रित गर्ने प्रयास गरें ।

स्कुलको पढाइ सकियो । एसएलसी दिएर फेरि जागिरको खोजी गर्न थाले तर पाउन सकिन कहिले मुग्लिङ बजार त कहिले खैरेनी अनि कहिले कुरिनटार, कहिले नारायणगढ-भरतपुर चितवन यस्तैमा जिन्दगी बित्न थाल्यो । विदेश जाने प्रयास पनि गरें । जिन्दगीमा खोजेको-चाहेको चिज पाउन गाह्रो छ । मैले पनि त्यो पाउन सकिन । केही गर्न नसकेपछि केही गर्न हुन्छ कि भनेर मुग्लिनमा कम्प्युटर पढ्न थाले जसका कारण मैले फेरि घरको कुनै पनि काम गर्न सकिन ।

यस्तै छ जिन्दगी खोलोसरि बगिरहन्छ । जिन्दगी जहाँ पुग्छ त्यसरी नै बित्छ ।

**-देबु**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ...........................................................................................

उमेर : ....................................... उचाइ : .......................................

पेसा : ....................................... शिक्षा : .......................................

स्वभाव :....................................... वैवाहिक स्थिति : ..............................

अभिरुचि : ......................................वर्ण : ..........................................

इमेल : ...........................................................................................

ठेगाना :..........................................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

.....................................................................................................

.....................................................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



दुःखका साना कुराले पनि प्रभावित बनाउने शैलेस ढकाल बीबीएस प्रथम वर्षमा अध्ययनरत छन् । १८ वर्षीय शैलेस अविवाहित हुन् । नयाँ साथी बनाउने, घुमफिर गर्ने तथा दीर्घकालीन मित्रता मनपराउने शैलेस ५ फिट ४ इन्च अग्ला छन् । ग्रामीण आदर्श बहुमुखी क्याम्पस नेपालटार बालाजुमा अध्ययनरत शैलेसलाई dhakal_sailesh@yahoo.com मा पनि पत्राचार गर्न सकिन्छ ।



व्यापार एवं शिक्षालाई एकसाथ अघि बढाइरहेका केशर सुनार २२ वर्षको भए । हाल प्लस टुमा अध्ययनरत केशर नम्र र मिलनसार छन् । आफूलाई लजालु स्वभावको बताउने केशरले आफ्नो नामको पछाडि 'परिवर्तन' उपनाम राखेका छन् । गहुँगोरो वर्णका केशरको सोख भन्नु नै फुर्सदमा रेडियो सुन्नु हो । उनी अध्ययनशील, लगनशील एवं मेहनती व्यक्तिहरूलाई साथी बनाउन चाहन्छन् । उनलाई कोटातुल्सिपुर गाविस वडा नम्बर-१, सुडाबजार, कैलालीमा पत्राचार गर्न सकिन्छ ।

स्नातक दोस्रो वर्षमा अध्ययनरत विजय रानाभाट २१ वर्षको भए । केही समयअघि जागीरमा पनि प्रवेश पाएका विजय मिलनसार स्वभावका छन् । पत्रमित्रतामार्फत नयाँ-नयाँसाथी बनाउने रुची भएका विजयलाई केही दिनको मित्रतापछि टाढा भैहाल्ने साथीहरू मनपर्दैं नन् । विजय दीर्घकालसम्म मित्रता चाहन्छन् । उनको जस्तै रुची हुनेहरूले bijay_ajnabee@yahoo.com मा पत्राचार गर्न सक्नुहन्छ ।





चिकित्सकले मात्र समाजको वास्तविक सेवा गर्न सक्छ भन्ने मान्यताका अंकुस गुरुङले त्यही पेसा रोजेका छन् । २५ वर्षका गुरुङ अहिले सरकारी चिकित्सा सेवामा कार्यरत छन् । ५ फिट १० फिट इन्च अग्ला गुरुङ हालसम्म अविवाहित छन् । गहुँगोरो वर्णका अंकुस साहित्य एवं पत्रमित्रतामा रुचि राख्छन् । मीतव्ययी, अनुशासित एवं दुखमा पनि साथ दिने जीवन साथीको खोजीमा रहेका अंकुसलाई ankush272@yahoo.com मा पत्राचार गर्न सकिन्छ । अंकुसको स्थायी ठेगाना काठमाडौंको डिल्लीबजार हो ।



राजधानीको एउटा चर्चित होटलमा कार्यरत रवीन्द्र क्षेत्री २८ वर्षको भए । आफूले खोजेजस्तो जीवन साथी नपाएकाले उही हालसम्म अविवाहित नै छन् । ५ फिट १० इन्च अग्ला रवीन्द्र आकर्षक छन् । उनको बोली मधुर छ । खेलकुद र भ्रमणमा रुचि राख्ने रवीन्द्र भाग्यमा भन्दा कर्ममा विश्वास गर्ने, जीवनप्रति सकारात्मक सोच भएको व्यक्तिसँग मित्रता गाँस्ने योजनमा छन् । साँगाका स्थायी बासिन्दा रवीन्द्रलाई पोस्ट बक्स नम्बर-११४५१ काठमाडौंमा पत्राचार गर्न सकिन्छ ।

साथीले नै साथीको मर्म बुझ्न सक्छ भन्ने मान्यताका लक्की लामा २० वर्षका भए । बीबीएसमा अध्ययनरत लक्की पूर्णकालीन विद्यार्थी हुन् । देख्दा चञ्चले भए पनि लामा भित्री रूपमा जीवन-जगत्को सूक्ष्म अध्ययन गर्छन् । साथीको भावनालाई बुझिदिने एवं मित्रतालाई दीर्घकालीन बनाउने योजना बनाएका लक्कीलाई पोस्ट बक्स नम्बर- २४४४७, सामाखुसी, काठमाडौंमा पत्राचार गर्न सकिन्छ ।



# कस्ता मानिसले राजनीति गर्नुपर्छ ?

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैँ आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
२. नेपालले खेलकुदमा किन सधैँ हार्छ ?
३. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
४. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
५. राजनीति राम्रो कि समाजसेवा ? किन ?
६. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
७. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
८. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?
९. नेपालबाट रूढिवाद र अन्धपरम्पराको अन्त्य किन नभएको होला ?
१०. दसैं कसरी मनाउनुपर्छ ?

चोर, डाँका, फटाहा, अनपढ आदिले राजनीति गर्नुपर्छ । चोर, डाँका, फटाहाले आफ्नो धन्दालाई वैधानिकता दिन अनपढले चाहिँ देश खाल्डोमा हाल्न । शिक्षितले राजनीति गरे त देश अगाडि बढी हाल्छ नि ।

**सुवास अर्धविराम,** (२१)

निडर, नि:स्वार्थ, राष्ट्रवादी भावनाले ओतप्रोतका साथै सबैलाई समायोजन गरेर लान सक्ने व्यक्तिले ।

**दीपक**

खै, कस्ताले भनुँ जस्ताले भने पनि एउटा सच्चा इमान्दार राजननीतिज्ञ पाउन गाह्रै छ ।

**उत्तम भट्टराई** (२२), **तानसेन,**

अहिलेको अवस्था हेर्ने हो र देशलाई अझै बर्वाद बनाउने हो भने पुत्रिमोह र पुत्रमोह भएकाहरूले गर्नुपर्छ । भोलिका लागि देश र सन्ततिको समुन्नत भविष्यको आशा राख्ने कारण हो भने सन्तनेता हुनुपर्छ ।

**शालिग्राम**

जसका पछाडि गुन्डागर्दी गर्ने केटाहरू छन्, जसले भ्रष्टाचार गर्न जानेको छ, उसैले राजनीति गर्नुपर्छ ।

**टीकाराम अर्याल, स्याङ्जा**

चर्को बोली र मोटो खल्ती भएका अनि एसएलसी फेलहरूले ।

saalen_aryal@yahoo.com

जो राष्ट्रिय भावनामा गम्भीर छ त्यस्ता मान्छेले ।

**प्रदीप चौलागाई** (१८)

दक्ष, सक्षम, जवाफदेही, इमान्दार जिम्मेबार निडर अनुशासित तथा नि:स्वार्थ मान्छेले राजनीति गर्नुपर्छ ।

**बिन्दु लामा**

जो समाजमा केही गर्दैन कामको नाममा एउटा सिन्का पनि भाँच्दैन, हुनै नसक्ने काम पनि हुन्छ भन्ने, अपराधीलाई जेलबाट छुटाउने, गुलिया भाषण गर्न जान्ने, घूस, भुस पचाउन सक्ने, कुर्सीका लागि लडाइँ गर्नसक्ने मान्छेले ।

**वैधनाथ कोइराला**



जोसँग देश र जनताको मन छुने काम गर्छु भन्ने सोच छ त्यस्ता मान्छेले ।

**शिव** (२२), **गोरखा**

नयाँ जोश, जाँगर भएका एवम् समयसँगै आफू पनि परिवर्तन हुनसक्ने मान्छेले राजनीति गर्नुपर्छ । तर बिडम्बना नेपालमा मैले यस्तो नेता देखेको छैन ।

**मीनबहादुर परियार** (२०), **कोटेश्वर**

पुष्पकमलजस्ता नेताले राजनीति गर्नुपर्छ जस्तो लाग्छ मलाई त, कि होइन... ?

**प्रणयल लामा** (१८), **सिरहा**

नपढेका, ल्याँठे, स्वाँठे, दादा, मुन्द्रे अघिपछि भएका र अन्त कतै जागिर र काम नपाएकाहरूले गर्ने हो क्यारे राजनीति ।

**काफ्ले, केशव** (३५), **धनकुटा**

मैले देशलाई केही दिनुपर्छ देशवासीमा केही नयाँ परिवर्तन ल्याउनुपर्छ । म आफू रित्तिएर देशलाई समृद्ध बनाउँछु भन्ने मान्छेले मात्र राजनीति गर्नुपर्छ ।

**साँग्रिस डी. मानन्धर** (२७), **स्याङ्जा**

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भट्टा


**प्रश्न : हाल म २७ वर्षको भएँ । मेरो लिंगको टाउको र लिंग जोडिने ठाउँवरिपरि स-साना गिर्खा छन् । मेरो उमेर १४ वर्ष हुँदादेखि नै यी गिर्खा देखिएका हुन् । दुई घेरा बनेर बसेका यी गिर्खाहरू कहिलेकाहीं चिलाउँछन् तर दुख्दैनन् । लिंगको अघिल्लो भागको बाहिरी छालामा दायाँ र बायाँ स-साना फोका पनि छन् । कहिलेकाहीं यी फोकाहरू पनि चिलाउँछन् । लिंगको प्वालको छेउमा रातो दाग छ । सानैदेखि मेरो लिंगको टाउको हल्का रातो रंगको छ । मेरो कसैसँग यौनसम्पर्क भएको छैन । मैले दुईपल्ट डाक्टरलाई देखाएँ । एक जना डाक्टरले गिर्खा ग्लान्ड्स हुन् भन्नुभयो र म ढुक्क भएर बसें । अहिलेसम्म पनि यी गिर्खा, फोका अनि राता दाग जस्ताका तस्तै छन् । वास्तवमा यी गिर्खा के हुन् ? के यो कुनै यौनरोग हो ? मैले कस्तो उपचार गराउनुपर्ला ?**

**-एस.**

**उत्तर : यी गिर्खा के होलान् ?**

पर्याप्त जानकारी अनि परिक्षण वा त्यसको अभावमा तपाईंका यी स-साना दाना के होलान् अनि तपाईंलाई यौनरोग भएको होला कि नहोला यसै भन्न सकिँदैन । अधिकांशस्थितिमा घेराको वरिपरि हुने मसिना दाना सामान्य हुन्छन् । कन्डमबिना यौनसम्पर्क गर्दा यदि आफ्नो साथीमा यौनरोग भए त्यो सर्न सक्ने नै भयो । मूत्रद्वारबाट पीप आउनु वा लिंगमा घाउ-खटिरा वा पानी फोका आउनु त्यसको प्रमुख लक्षण हो । पिसाब फेर्दा दुख्ने वा पोल्ने पनि हुनसक्छ तर तपाईंलाई त्यस्तो भएको छैन । मुख्यत: तपाईंको कुनै युवतीसँग यौनसम्पर्क नभएको कुरा गर्नुभएको छ । अर्को कुनै व्यक्तिसँग यौनसम्पर्क वा अन्तरंग यौन क्रियाकलापमा संलग्न नभएको स्थितिमा यौनरोग लागेको भन्न मिलेन ।

लिंगको नली आकारको मध्यभागलाई अंग्रेजीमा कजबात वा दयमथ भनिन्छ भने अगाडितिरको फुकेको भागलाई मुण्ड भनिन्छ । मुण्डको अग्रभाग सानो हुँदै गएको हुन्छ भने पछाडितिर लिंगसँग जोडिएको भागबाहेक पनि केही बढी फुकेको भाग हुन्छ र यसलाई अंग्रेजीमा corona भनिन्छ । लिंगको मध्यभागसम्म त छाला टाँसिएकै हुन्छ, तर मुन्डलाई समेत छोपे पनि यो भागको छाला भने टाँसिएको हुँदैन । नटाँसिएको उक्त छालालाई अग्रचर्म भनिन्छ । लिंगमुण्डको corona को पछितिर स-साना छालामा भएका तैलीय पदार्थ निकाल्ने स-साना ग्रन्थिहरू हुन्छन्, जसलाई Tyson's glands भनिन्छ । यही ग्रन्थीबाट निस्कने तैलीय रस तथा छालाबाट झरेका कोषहरू जम्मा हुन गए त्यसैमा जीवाणुहरूको वृद्धि हुन्छ र सेतो पदार्थ बन्छ । यही सेतो पनिरजस्तो देखिने, एक प्रकारको गन्ध आउने पदार्थलाई अंग्रेजीमा smegma भनिन्छ । केही धार्मिक सम्प्रदायमा जस्तै– हिन्दू सम्प्रदाय लिंगको अग्रचर्म काट्ने चलन छैन, त्यसैले चाँडो-चाँडो



smegma जम्मा हुन्छ । यो सेतो पदार्थ पुरुषमा मात्र होइन, महिलामा पनि पाइन्छ । महिलाहरूमा भने यो सानो भगोष्ठको मुनि तथा भगांकुरको मुन्डको वरिपरि पाइन्छ ।

यो सेतो पदार्थ स्वाभाविक रूपमा निस्कने कुरा हो र यसले हानि गर्दैन, तर धेरै जम्मा भयो भने समस्या जन्माउन सक्छ । सफा नगरिए यसको गन्ध प्रबल हुन्छ र त्यसले केही असजिलोपन ल्याउन सक्छ । अचेल सुगन्ध छर्कने चलन चलेका बेला कतिपय प्राकृतिक गन्धलाई पनि दुर्गन्धका रूपमा लिइन्छ । सायद गन्धका कारणले यौनअंगलाई फोहर अंग मान्न सहयोग गरेको छ । लिङ्गको अग्रचर्म काट्ने चलन नभएको समुदायमा यस्तो पदार्थ बढी जम्मा भएको पाइन्छ । यसैलाई दोष दिन नमिले पनि अग्रचर्म काट्ने समुदायमा लिंगको संक्रमण तथा क्यान्सर कम हुने तथ्यांक छन् । यो धेरै समय जम्मा भएर कहिलेकाहीँ कडा बन्छ, जसलाई स्मेग्माको ढुंगा भनिन्छ ।

सरसफाईको कमी हुँदा लिङ्गमुन्ड र त्यस वरिपरिको भागको संक्रमणको सम्भावना बढ्छ । अग्रचर्मको शोथ हुनुलाई चिकित्साको भाषामा posthitis भनिन्छ भने लिंगको मुन्डको शोथलाई balanitis भनिन्छ, तर अग्रचर्मले लिङ्ग मुन्ड छोपिँदा प्राय:जसो दुवैतिर संक्रमण हुने भएकाले दुवै स्थितिलाई एकैपल्ट सम्बोधन गर्न balanoposthitis शब्द प्रयोग गरिन्छ । हल्का किसिमको संक्रमण हुँदा चिलाउनुका साथै केही रस आउँछ भने अलि कडा किसिमको समस्या हुँदा यो क्षेत्र रातो भै सुन्निन्छ र अग्रचर्म पनि दुख्छ, पीप पनि आउन सक्छ । ढुसीको संक्रमणलाई पनि यस्तो समस्याको कारकका रूपमा लिइन्छ । त्यसबाहेक छालाका अन्य समस्या पनि हुन सक्छन् । यस विषयमा पनि विचार पुऱ्याउनुपर्छ ।

**लिंग किन रातो भएको होला ?**

लिंग रातो हुने विभिन्न कारण हुन सक्छन् । तपाईंको पत्रमा यसको कारण यही नै होला भन्न सकिने पर्याप्त जानकारी छैन । कुनै पनि चर्मको शोथ हुने स्थितिले यस्तो गराउन सक्छ । ढुसीको संक्रमणले पनि यस्तो रातोपन ल्याउन सक्छ । राम्रोसँग सिमाना छुट्ट्याउन सकिने बाक्लो रातो दाग सोरियासिसका कारणले हुन्छ । बिमिरा वा पानीफोकाजस्ता कुरा हर्पिसमा आउन सक्छ र कुनै घर्षणले यो फुट्दा पनि रातो देखिन सक्छ, तर यो पीडादायक पनि हुन्छ । लिंगमुन्ड नजिकको छालामा शोथ, संक्रमण वा अन्य कारणले पनि रातोपन देखिन्छ । केही स्थितिमा तपाईंले प्रयोग गर्ने वस्तुसँगको एलर्जीले पनि तपाईंमा यस्तो समस्या ल्याएको हुनसक्छ । कुनै कारणले अत्यधिक घर्षण हुँदा पनि पाछिएर रातोपन आउन सक्छ ।

**के गर्ने त ?**

Smegma निरन्तर रूपमा निस्कने भएकाले यसको सरसफाइ पनि निरन्तर रूपमै गर्नुपर्छ । व्यक्तिगत सरसफाइको कुरा गर्दा अन्य अंगजस्तै लिंगको पनि राम्रो सफाइ आवश्यक छ । अरू बेला पायक नपर्ने भए पनि नुहाउँदा लिंगको सफाइ गर्न केही सजिलो हुन्छ । रातो दाग वा रातोपनमा पनि कुनै परिवर्तन नभएकाले खासै चिन्ताको विषय होलाजस्तो त लाग्दैन, तर तपाईंलाई शंका लागे यौन तथा चर्मरोग विशेषज्ञसँगको परामर्शमा उपचार गराउनु उचित हुन्छ ।

१५ दिनमा नै १५ के.जी. कम मोटोपना (तौल) घटाउने सेमिनार
१ दिनमा नै ५ ईन्च कम
100% Sliming & Physical center only for Ladies.
तौल बढाउने Hight बढाउने
गोंगबु चोकमा Sliming Camp Center संचालन हुदैछ ।
पेट, हिप, थाई ३ देखि ५ ईन्छ कम गरी Quickly Beautiful Slim देखाउने Body Shapping California अब तपाई पनि बन्न सक्नुहुन्छ ५ मिनेटमै पहिला भन्दा Slim-Beautiful-Smart & Young
कन्ट्रोल सुगर, ब्लड प्रेसर, ग्यासट्रिक, कोलेस्ट्रोल, युरिक एसिड, पक्षघात, हाड जोर्नी दुख्ने समस्याहरु
100 % Natural
SEX PROBLEM ? Male & Female
के तपाईलाई कुनै यौन समस्या छ ? 100% समाधान को लागि
कोरियन पावर जेल एण्ड स्प्रे लामो समय सम्म सेक्सको लागि, सिघ्र शख्लन हुने हरुको लागि स्वर्गिय आनन्द प्राप्तको लागि मात्र रु. २२००।-
जाडँ/रक्सीको छुटकरा, मोटाउने, गुमाएको नारीको जादु फेरी फर्काउने, योङ देखाउने क्रिम एण्ड स्तन, गुप्ताङ र लिङ्को लामो मोटो र कडा पनको लागि विदेशी क्रिमहरु र सेक्स पावर बढाउने औषधिहरु पाईन्छ । तुरुन्तै गोरो र उज्यालोपन बनाउने क्रिमहरु पाईन्छ ।
हेल्दी होम क्लिनिक
गोंगबु चोक, विनायक हस्पिटल अगाडी, मेरो डेन्टल संगै
फोन नं.: ४३६५४९१, ९८०८५०३५४०
counselling 9849030734
Received by Ladies
Ph.: 9721526135

आयुर्वेदिक पद्धती द्धारा दिर्घरोगको अचूक उपचार
हाडजोर्नी तथा नसा: सबै किसीमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स
पेट संवन्धी: ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु
मानसिक: डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि ।
दिर्घरोगहरु: पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि ।
यौन: सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग नि:सन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ)
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु ।
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड
काठमाडौं फोन : ४३७९०९६, ४३७४५४८

"IN KNOWLEDGE, WE TRUST" DEEPIKA
DEEPIKA
SHIKSHYA SADAN
HIGHER SECONDARY SCHOOL
Admission Open
+2 Management Humanities
Tel:- 4602601
Koteshwor-35, Kathmandu, Nepal
e-mail:-schooldeepika@yahoo.com

कस्मेटिक सर्जरी
- शरिरमा भएको दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा आगोले पोलेर भएको समस्याको लागी
- नाक, कान, आाखा सम्बन्धि कस्मेटिक सर्जरी
- मंगोलियन आाखाको उपचार
- टाउकोमा केश उमार्न
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धि कस्मेटिक सर्जरी
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हरिशिद्धी, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

सान्डा तेल
लिंग खडा, लामो, मोटोको लागि सान्डा तेल
HERBAL LEVITRA + सान्डा तेल
सिघ्र पतनको लागि DOOZ 14000 स्प्रे
लिंग लामो पार्न Longjohn
थाहै नदिई जाँड रक्सी खैनी चुरोट छुटाउने डिफ्युजल
स्तन बढाउने, घटाउने, टाईट गर्ने, मोटोपना घटाउने, तौल बढाउने, गप्ताङ्ग टाईट गर्ने Silky Drops चाया पोतो, चाउरीपना ग्यारेन्टीका साथ निको पार्ने
हर्बोट्रेडिङ्ग होम, नयाँ बसपार्क
९७२१५३९२३५, ९८०३४३६४३८

## प्लेब्वाइ सम्राट् ह्युग हेफनर



न्यूड (निर्वस्त्र) म्यागजिन प्लेब्वाइ प्रकाशित गरेर विश्वमा खुला यौनको अवधारणामा अलग्गै साम्राज्य स्थापना गर्न सफल ह्युग हेफनर अझै पनि युवतीहरूका लागि आकर्षणको विषय मानिन्छन् । उमेरले ८४ वर्ष भए पनि उनको जीवनशैली अझै पनि युवाको जस्तै छ । सन् १९५३ देखि प्लेब्वाइ म्यागजिन प्रकाशित गर्न थालेका हेफनर अझै पनि विभिन्न कारणले चर्चामा आइरहेका हुन्छन् ।


ह्युग मार्सटन हेफनरको जन्म कट्टर धार्मिक परिवारमा सन् १९२६ अप्रिल ९ तारिखमा अमेरिकाको सिकागोमा भएको थियो ।






हेफनरलाई उनकी पहिलो श्रीमतीले नै परस्त्रीसँग रात बिताउने अनुमति दिएकी थिइन् । उनले अहिलेसम्म कति युवतीसँग रात बिताए त्यसको गणना गर्न छोडेको वर्षौं भैसक्यो, तर पनि उनले २ हजारभन्दा बढी महिलासँग रात बिताएको अनुमान गरिन्छ ।

इक्वायर म्यागजिनले ५ डलर तलव वृद्धि नगरेको झोकमा उक्त म्यागजिन त्यागेर उनले प्ले ब्वाइ प्रकाशित गर्ने योजना बनाएका थिए । प्ले ब्वाइको पहिलो नाम स्टेज पार्टी थियो । यसले अर्कै अर्थ राख्ने भएपछि उनले नाम परिवर्तन गरेर प्लेब्वाइ राखेका थिए ।




## पत्याउनु हुन्छ ?


विश्वको सबैभन्दा ठूलो सुनको सिक्का २८ करोड ८ लाख रुपैयाँमा बिक्री भयो । १ सय किलोग्राम सुनको उक्त सिक्काको वास्तविक मूल्य ६ करोड ९१ लाख रुपैयाँ थियो ।




रूसको एक बुटिकले हालै विश्वकै सर्वाधिक महँगो सुटको निर्माण गरेको छ । कस्मिरा कपडामा ४ सय ८० वटा हीरा जडिएको उक्त सुटको मूल्य ५ लाख ६ करोड ४६ लाख रुपैयाँ छ ।




ताइवानको युनिङ प्रान्तमा हालै ह्वाङ युभेनले एक महिनामा ४० लाख लामखुट्टे मारेर नयाँ कीर्तिमान कायम गरेका छन् । सरकारले सर्वाधिक लामखुट्टे मारेबापत ह्वाङलाई २ लाख ५० हजार रुपैयाँ पुरस्कार दिएको थियो ।



## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## साप्ताहिक कोठेपद



**दायाँ**

१. प्रस्तावित नयाँ संरक्षण क्षेत्र (५)
२. सप्तपातालमध्ये एक (४)
३. ताँती, समूह (३)
५. शरीरमा हुने हाडजन्य अंग (३)
६. भुइँचालो (३)
७. हार, जयको उल्टो (४)
८. मृत्युका देवता (४)
९. मध्यपश्चिमको एक पहाड (४)
११. सबै कुराको ज्ञाता (३)
१२. विष्णुको बाहन, चरा (३)
१३. हलचल नहुने, स्थिर (३)
१७. सुस्तता, कमजोर (२)
१८. अन्तिम संस्कार गरिने ठाउँ (३)
२०. कथा लेख्ने व्यक्ति (४)
२१. शरीरमा हुन्छ (३)
२२. अष्टबुद्धमध्ये एक (४)

**तल**

१. अंग्रेजीमा बाइसन (४)
२. लेख्ने ठाउँ (४)
३. हातगोडा पसारेर सुत्ने काम (४)
४. नाटक देखाउने ठाउँ (४)
५. वैद्यहरूमा श्रेष्ठ (४)
६. पृथ्वीको भित्री भाग (३)
७. जंगलमा घाँसको छाप्रो (४)
८. आहुति दिएर गरिने पूजा (२)
९. स्थिर, जरा (२)
१०. एसिया-अफ्रिका छुट्याउने समुन्द्र (५)
१२ घाँटीमा बेरिने वस्त्र (४)
१३. मानको विपरीत (४)
१४. नाम नभएकी (४)
१५. जनताको राय (४)
१६. ज्ञानेन्द्रियमध्ये एक (२)
१९. एक सवारी साधन (२)

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



## ● तालुमा आलु ●



प्रकाश ओझा

एक युवकले छ महिनाका लागि अर्को सहरमा ट्रेनिङमा जानुपर्ने भयो । उसले आफ्नी प्रेमिकालाई दिनको एउटा चिठी लेख्ने वचन दियो ।

वचनमुताबिक उसले आफ्नी प्रेमिकालाई दैनिक एउटा पत्र लेख्यो ।

छ महिनापछि ऊ फर्केर आफ्नो प्रेमिकालाई खोज्यो, तर उनी फेला परिनन् । पछि थाहा भयो प्रेमिका त दैनिक चिठी पुर्‍याउन आउने हुलाकीसँग भागिसकिछन् ।

०००

एकजना नेता भाषण गर्नु पर्दा अप्ठ्यारो मान्थे । एकादिन उनलाई भाषणमा उतारियो ।

'दाइभाइ, दिदीबहिनीहरू उनले भाषण सुरु गरे, 'आज म जुन विषयमा बोल्न गैरहेको छु त्यो तपाईंहरूलाई थाहै छ'

भीडबाट 'थाहा छ थाहा छ' को आवाज आयो

'जव तपाईंहरूलाई थाहा छ भने के भनिराख्नु पर्छ र...' नेता हिंडे...

केही दिनपछि दोस्रो पल्ट फेरि नेताले भाषण गर्न सुरु गरे....

'दाइभाइ दिदीबहिनी आज म जुन विषयमा बोल्न गैरहेको छु तपाईंहरूलाई थाहै छ' भीडबाट 'थाहा छैन थाहा छैन' को आवाज आयो ।

'जब यत्रो भीडलाई त थाहा छैन भने मलाई कसरी थाहा हुन्छ' नेता फेरि हिडे....

केही दिनपछि तेस्रो पटक नेताले भाषण गर्न सुरु गर्दा भीडलाई त्यही प्रश्न गरे तब आधा भीडले 'थाहा छ थाहा छ' भन्यो अनि आधा मीडले 'थाहा छैन थाहा छैन' भन्यो ।

अब नेतालाई आपत पर्यो भीडको सबैतिर ध्यान दिएर हेरे अनि गम्भीर भएर भने 'थाहा हुने महानुभावहरूले थाहा नहुने महानुभावहरूलाई बताइ दिनु हुन विनम्र अनुरोध गर्छु' नेता फेरि हिँडे ।

०००

एउटा घरमा पाहुना आउने बेला थियो जसको नाक काटिएर ठुटे थियो । बाउआमाले धेरै बोल्ने छोरोलाई विशेष गरी सम्झाएका थिएकी 'पाहुनाको नाकको बारेमा केही नबोल्नु बरु अरु जे बोले पनि नाकका बारेमा चाहिँ बोल्दै नबोल्नु बुझिस' बच्चाले ओके टाउको हल्लायो ।

बेलुकी पाहुना आयो बच्चाले पाहुनालाई ध्यान पूर्वक हेर्‍यो र कराउँदै 'आमा उहाँको कुन चै नाकको कुरा नगर्नु । उहाँको नाकै त रैन'छ ।

०००


एक व्यक्ति अफिस जान बसमा चढे कन्डक्टरले सोध- राति राम्ररी नै घर पुग्नुभयो होलानी हजुर ?'

'किन ?' सर छक्क पर्नु भयो 'के भा'को थियो र हिजो राति मलाई ?'

'हिजो तपाई धेरै भन्नु भएको थियो- तिमीले कसरी थाहा पायौं ?

## ● कविता ●

### घमण्डले फुल्छन्



घमन्डले त्यसै फुल्छन् गाउँका यी सुरेहरू
नसामा झुम्छन् गाउँका यी लुरेहरू
के बूढा के बालक सबैलाई कली लागेको छ
भातको सट्टा जाँड खान्छन् स-साना भुरेहरू
फुर्ती देखाउँछन् हिजोका यी चल्लाहरू
रक्सी नै पिउँछन् गाउँका अकुरे बकुरेहरू
म मात्र के कम झोकैले भन्छ वसन्त
मेरा सामु टिक्दैनन् यस्ता च्याखुरेहरू ।

**वसन्त भारती**

### यो जिन्दगी

कहिले मंसिर कहिले भने असार यो जिन्दगी
कहिले उजाड कहिले भने बहार यो जिन्दगी
जीवन भन्नु नै यात्रा हो यात्राको दौरानमा
कहिले सोमबार कहिले भने शनिबार यो जिन्दगी
प्राकृतिक नियम ऋतु परिवर्तनको मोडमा
कहिले उल्लास कहिले भने दिक्दार यो जिन्दगी
दुःखसुख आँसु हाँसो पीर खुसीको क्रममा
कहिले एकाग्र, कहिले भने दोधार यो जिन्दगी
लक्ष्य उद्देश्यका भारीहरू बोकेर अघि बढ्दा
कहिले अधुरो, कहिले भने साकार यो जिन्दगी ।

**अंकुर खत्री**

### तिम्रो तस्बिर

नाचिरहन्छ नयनसामु झल्किएको तिम्रो तस्बिर
हाँसिरहन्छ नयनसामु झल्किएको तिम्रो तस्बिर
छट्पटिलाई अझ बनाइदिने झझल्कोले
टाँसिरहन्छ नयनसामु झल्किएको तिम्रो तस्बिर
आजभोलि मात्र होइन युगौंयुगसम्म मपनि
बाँचिरहन्छ नयनसामु झल्किएको तिम्रो तस्बिर
यो मनको मझेरीमा त्यो मनले बास गरे सि
गाँसिरहन्छ नयनसामु झल्किएको तिम्रो तस्बिर
मस्तिष्कमा हरेक क्षण तिम्रै नाम छाएपछि
साँचिरहन्छ नयनसामु झल्किएको तिम्रो तस्बिर ।

**सिजननयन श्रेष्ठ**

### रेशमको कथा

सपनाको चिटिक्क सानो घरको कथा
बताउँ पनि कसरी म यो डरको कथा
संघर्षको मैदानमा लडियो कति कति
साँचेकै छु अनुभूति गर वा मरको कथा
बग्दै जाँदा समय पुगिसक्यो कहाँ-कहाँ
छाडी देऊ भन्न अब पीपल र बरको कथा
जिन्दागानी दुईदिने परदेशी हो सबैको
नटुङ्गिने रेशमको वर न परको कथा ।

**रेशमकुमार सुनुवार**

### छोड्नैपर्छ

छिट्टै तिम्रो आँगनीमा पञ्चैबाजा बजाउनेछन्
तिम्रो दिलको राजकुमारले तिम्रै सिउँदो सजाउनेछन्
दुवै मिली प्रतीक्षाको सीमा अब तोड्नैपर्छ
लजाएर हुन्न अब, तिम्ले घुम्टो ओढ्नैपर्छ
मैले गर्ने सहयोग भन तिमी– म के गरूँ ?
तिम्रो दिलको राजकुमारलाई सबै कुरा भन बरु
केही दिन त कुर्नै यति हतार गर्छ्यौ किन ?
साडी, चोली, चुरा, पोते लगाउने आउँछ दिन
त्यो छातीमा तिम्रो छाती अडाएर पक्कै पनि
सपनाको राजकुमारसँग कुरा गर्नु अनि
तिम्लाई लान तिम्रा उनले सम्पत्ति त जोड्नैपर्छ
तिम्ले पनि एक दिन पक्कै माइतीघर त छोड्नैपर्छ ।

**बद्री शिवाकोटी**

## ● लघुकथा ●



### एक गते

प्रतिष्ठित कम्पनीको गाडीबाट चार जना युवक ओर्लेर भट्टीमा पसे । उनीहरूले रक्सी र मासु खाए । त्यसपछि काउन्टरमा उभिरहेकी युवतीसँग छिल्लिन थाले । युवतीले असहज महसुस गर्न थालेको थाहा पाएपछि नजिकै टेबलमा केही खाइरहेको वृद्धले रोक्न थाले, 'तिम्रा घरमा आमा-बैनी छैनन् ? यस्तै हुन्छ त्यस्तो प्रतिष्ठित कम्पनीमा काम गर्ने कर्मचारीको व्यवहार ।' उनीहरूले आफ्नो प्रतिष्ठामा आँच आउने गरी बोल्ने बूढालाई कुटे । त्यसपछि गाडीमा चढेर हिँडे ।

तरुनीले ती बूढाको घाउ धोइदिँदै मलमपट्टी गर्न थालिन् । बूढो भने मुसुमुसु हाँस्दै थियो । 'तपाईंले मेरा लागि किन उनीहरूसँग निहुँ खोज्नुभएको ?' बूढोले उसैगरी उज्यालो मुद्रामा भन्यो, 'थाहा छ, आज १ गते हो । जब उनीहरूको रक्सीको मात हट्नेछ, त्यसबेला उनीहरूले आफ्नो गोजीको पर्स पाउने छैनन् ।

'मैले त कुरा बुझिनँ नि ? युवती छक्क परी ।

'मैले तिम्रो लागि कुटाइ खाएको होइन, उनीहरूको पर्स मोटाएको अनुभव गरेपछि कुटाइ खाएको ।'

**जे. ए. फलानो**

# नक्कली प्रेमिकाको मायामा फस्यो अपराधी

**मकर श्रेष्ठ**

भक्तपुर- एक वृद्धाको हत्या गरी फरार रहेको अपराधीलाई प्रहरीले नक्कली प्रेमिकाको मायाजालमा पारेर पक्राउ गरेको छ । घटनाको सत्यतथ्य पत्ता लगाउन प्रहरीले नक्कली प्रेमिकाका रूपमा चितवन शारदानगर घर भएकी प्रहरी जवान प्रतीक्षा महतोलाई खटाएको थियो ।

२० वर्षीया महतो चार वर्षअघि नेपाल प्रहरीमा प्रवेशकी थिइन् । एक वर्षको तालिम सकेर उनी ठिमीवृत्तमा खटिएकी हुन् । १० कक्षासम्म अध्ययन गरेकी महतोले वृद्ध हत्यामा संलग्नहरूलाई पक्राउ गर्न उनीहरूलाई देखावटी मायाको जालोमा पारेकी थिइन् ।

पाँच वर्षसम्म घरमा काम गरेर गाउँ फर्किएका धादिङ कटुन्जे-४ का १७ वर्षीय सन्तोष तामाङसहितको ६ जनाको समूहले साउन १४ गते बास माग्ने निहुँमा भक्तपुर सिरुटार-९, सुयल गाउँकी ५६ वर्षीया माया थापाको हत्या गरेका थिए । घटना कसले गरायो भन्ने कुरामा प्रहरी तथा स्थानीयवासी अनभिज्ञ थिए ।

बिहान अबेरसम्म माया नउठेपछि श्रीमान् र छिमेकीले ढोका खोलेर हेर्दा उनलाई मृत अवस्थामा भेटिएको थियो । प्रहरीले धेरैसँग सोधपुछ गर्‍यो । अनुसन्धानकै लागि घरमा काम गर्ने पूर्वकामदार पनि प्रहरीको शंकाको घेरामा परे । त्यसपछि प्रहरीले उनीमाथि निगरानी बढायो । अनुसन्धानकै क्रममा सन्तोषको मिल्ने साथी धादिङकै सन्जय तामाङ भएको प्रहरीले पत्ता लगायो । घटनामा संलग्नहरूको पत्ता लगाउन नक्कली प्रेमिकाका रूपमा महतोले काम गरिन् ।

नक्कली मायाको जालोमा फसेको सन्तोषको बयानका आधारमा प्रहरीले घटनाका मुख्य योजनकार सन्तोष तथा राजधानीको एक विद्यालयमा १० कक्षामा अध्ययनरत धादिङकै १४ वर्षीय आशिष तामाङ पक्राउ परेका छन् । घटनामा संलग्न तीन जना फरार रहेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी राजेन्द्र श्रेष्ठले जानकारी दिए । 'जीरो लेबलबाट अनुसन्धान सुरु गरिएको थियो,' श्रेष्ठले भने- 'नक्कली प्रेमिकाका रूपमा प्रहरी जवानलाई ल्याएपछि अनुसन्धान पूरा भयो, अनि तीन जनालाई पक्राउ गर्न सक्यौं ।'

साउन १४ गते बास बस्ने बहानामा थापाको ज्यान लिइएको थियो । उनीहरूले बिहान हिंड्ने बेला बिदा माग्ने बहानामा धारिलो हतियार प्रयोग गरेर वृद्धाको ज्यान लिएको प्रहरी बयानमा स्वीकार गरेका छन् । प्रहरीलाई उनीहरूले दिएको बयानअनुसार हत्यापछि उनीहरू भुइँतलाको उत्तरी ढोका प्रयोग गरी सञ्जयको कोठा गोलढुंगा पुगेका थिए । हत्या गरेकै दिन लुटिएको मंगलसूत्र र रिङ १५ हजार रुपैयाँमा बेचेको उनीहरूले बयानमा उल्लेख गरेका छन् । सुन बिक्री गरी आएको रकम एक जनाले २ हजार ५ सयका दरले बाँडेको सञ्जयले बताए ।

प्रहरीका अनुसार गोलढुङ्गाका व्यापारीले दोब्बर मूल्यमा सीडी बेचेको रिसमा साउन १२ गते चार जना खुकुरी लिएर राजधानी आएका थिए । 'उनीहरू १२ गते राति गोंगबु बसपार्कस्थित प्रवीण ढुंगानाको डेरामा बसे, १३ गते दिउँसो सञ्जय तामाङको रिसइबी भएको गोलढुङ्गाका सिडी व्यापारीलाई हत्या गर्न गएछन्,' प्रहरी नायब उपरीक्षक राधिका खड्काले भनिन्- 'व्यापारीको हत्या गर्ने आँट नपुगेपछि योजनालाई परिवर्तन गरी सन्तोषले पहिले काम गर्न बसेको घर मालिक्नी मायाको हत्या गर्ने र धनसम्पत्ति चोरी गर्ने योजना तय भएको अभियुक्तहरूको बयानबाट खुलेको छ ।'

# नक्कली प्रेमिकाको मायामा अभियुक्त कसरी फसे ?

**प्रतीक्षा महत्तो**

प्रहरी जवान

इन्सपेक्टर मधुसूदन न्यौपाने सा'पले मलाई बेलाएर तिमीले अपराधीकी प्रेमिका बन्नुपर्‍यो भन्नुभयो । मैले उनीहरूको नम्बर दिनुहोस्, म गर्छु भनें । इन्सपेक्टर सा'पले दिनुभएको मोबाइलमा फोन गरे । अपराधी सञ्जयले उठाएन । फोन घरबेटीलाई छाडेको रहेछ । धेरै बेरपछि एउटी महिलाले फोन उठाइन् । मैले सञ्जयलाई पाऊँन, घरमा छ ? भनेर सोधें । उनले तपाईं को हो भनेर सोधिन् । मैले बौद्धको सीता थापा मगर हुँ भने । घरबेटीले सञ्जय मेरो घरमा बस्ने हो, किन खोजेको भनिन् । मैले सन्तोष र सञ्जय पहिलेदेखिका मिल्ने साथी हुन् भनें । त्यसपछि घरबेटीले बेलुका फोन गर्नुस् भनिन् । मैले दिनभरि फोन सम्पर्क गरें । बीचमा एक पटक फोन लागेको थियो, तर ती महिलाले झर्केर कुरा गरिन् अनि मैले तपाईं पनि महिला म पनि महिला मेरो पीडा तपाईंले नबुझ्ने ? भनें । त्यसपछि मोबाइलको ब्याट्री निकालेर राखिन् क्यार, फोन लागेन । त्यसपछि भोलिपल्ट बिहान चारै बजे उठेर फोन गरें । सञ्जयले फोन उठायो । उसले मलाई को हो भन्यो । मैले चिनेनौ भनें । उसले मेरो लेडिज साथी नै छैन भन्यो । म बौद्धकी सीता क्या भनें । खै केटी त थुप्रै छन्, नाम थाहा छैन भन्यो । मैले तिमी कहाँ छौ भनें । उसले नेपालटारमा छु भन्यो । तिमीलाई भेट्न सक्छु ? भनेपछि ऊ केही बेर अन्कनायो । नभेटेको मान्छेलाई नचिनी कसरी भेट्नु ? भन्यो । उसले प्रसंग बदलेर मेरो नम्बर कसरी पायौ भनेर सोध्यो ? मैले सन्तोषमार्फत लिएको, सन्तोष त मेरो बेस्ट फ्रेन्ड हो भनें । उसले सन्तोषलाई कहिलेदेखि चिनेको भन्यो ? उसले भक्तपुरको काम गर्दादेखि चिनेको हों भने । सञ्जयसँग कुरा हुँदा केही केटाले केटी भेट्न को जाने भनेर हानाथाप गरेजस्तो आवाज सुनिथ्यो । किन भेट्न खोजेको भनेर उसले सोध्यो । सन्तोषले मलाई धोका दियो, त्यही भएर तिमीसँग भेटन खोजेको भनें ।

तिमीलाई कहाँ भेट्ने ? मैले सोधे । उसले नचिनेको व्यक्तिलाई नभेट्ने भन्यो । मैले भेटौं, चिनजान गरौं भने । उसले भेट्ने-नभेट्ने दोमन गर्‍यो । मैले प्लिज समय देऊ न भनें । उसले ११ बजे बालाजुको बाइपासमा भेट्ने भन्यो । उसले समय दिएपछि ठिमीबाट इन्सपेक्टर सा'पको नेतृत्वमा पाँच जनाको टोली बालाजु गयौं । बालाजुमा घण्टौं कुरेर बस्दा पनि ऊ आएन । फोन गर्दा आउँछु-आउँछु भन्थ्यो, तर आएन । अन्त्यमा मैले तिमी आएनौ भने म त मर्छु भनें । तिमीबिना बाँच्न सक्दिनँ भने । म तिमीलाई साँच्चिकै माया गर्छु । तिम्रो सबै कुरा सन्तोषले भनेको थियो । सन्तोषले धोका दिए पनि तिमीलाई माया गर्छु भनेपछि म आउँछु, तर अष्टनारायण हलअगाडि आऊ भन्यो । त्यसपछि म अघि अघि हिँडें । पछाडि इन्सपेक्टर सा'पको कमान्डमा अन्य प्रहरी थिए । ऊ फिल्म हलमा आयो । त्यसपछि चारैतिरबाट घेरा हालेर उसलाई नियन्त्रणमा लिन सफल भयौं ।

उसको बयानका आधारमा अन्य अपराधीलाई पनि समात्न सफल भयौं । मैले साउन २० गते वृद्धलाई खुकुरी प्रहार गर्ने सञ्जयलाई फोन गर्न थालेकी थिएँ । मलाई साथ दिनुभएको थियो प्रहरी निरिक्षक मधुसूदन न्यौपानेले । बनावटी मायाको कहानी मैले आफैंले बनाए पनि कसरी कुरा गर्ने भन्ने निर्देशन प्रहरी निरीक्षकले दिनुहुन्थ्यो ।

# वर्षाको बीच संगीत



मोरङ- कलाकारहरूले गितार र ड्रमसेटको ताल मिलाउँदा साउने झरीको बीचमा छाता ओढेर मैदानमा रहेका सयौं दर्शक चर्को-चर्को स्वरमा भनिरहेका थिए 'छिटो गीत प्रस्तुत गर्नुपर्‍यो ।'

मोरङको जाँतेमा नवगठित 'द पूर्वेली ब्यान्ड' को पहिलो प्रस्तुति हेर्न आएका सयौं दर्शकले वर्षाको कुनै प्रवाह नगरी लाइभ कन्सर्टबाट सांगीतिक मनोरञ्जन लिएरै छाड्ने आग्रह गरिरहेका थिए ।

नवगठित ब्यान्डले शुक्रबार जाँतेमा पहिलो प्रस्तुति गर्ने सुनेपछि धानको रोपाइँ भर्खरै सकेका स्थानीय संगीत पारखिहरू साँझ ६ बजे नै निदृष्ट स्थान पुगेका थिए ।

दर्शकको बाक्लो उपस्थितिसँगै छााताले थाम्न नसक्ने वर्षा हुन थालेपछि कार्यक्रम सोही दिन गर्ने कि सार्ने भन्ने विषयमा आयोजकहरू केही बेर दुविधामा परे । पानीमा भिजिरहेका दर्शकले कार्यक्रम हुनैपर्ने चर्को हुटिङ गर्न थालेपछि आयोजकले धरै पाएनन् । ब्यान्डको लिड गिटारिस्ट सूर्य चेम्जोङ, बेस्ट गिटारिस्ट अरुण चेम्जोङ र ड्रमसेट मिलन मगरले लिएपछि ब्यान्डको उद्घोषक प्रशान्त निरौलाले लागि भोकलिस्ट गोवर्द्धन चेम्जोङलाई निम्त्याएपछि ब्यान्डले पहिलो प्रस्तुति स्वरूप 'रातो र चन्द्र-सूर्य जंगी निशाना हाम्रो...' बगीत प्रस्तुत गर्‍यो ।

दिवस चेम्जोङ म्यानेजर रहेको ब्यान्डका अर्का भोकलिस्ट उमेश मगर, मिराक चेम्जोङ आदि कलाकारले पर्याप्त मनोरञ्जन प्रदान गरेका थिए । ब्यान्डका साथै कार्यक्रममा स्थानीय कलाकारहरूले नृत्य तथा गीत प्रस्तुत गरेका थिए । राति नौ बजे सुरु भएको संगीतिक कार्यक्रम वर्षैवर्षाका बीच तीन घन्टासम्म जमेको थियो ।

**-अर्जुन जम्नेली राई**

रेडियो कान्तिपुरले बाग्मती रिभर फेस्टिभलअन्तर्गत डुङ्गा दौडको उपाधि जितेको छ । काठमाडौंको सुन्दरीजलबाट उत्तरवाहिनीसम्मको सेकेन्डको मात्र थियो । बाग्मती नदीको संरक्षणको उद्देश्यसहित १० वर्षयता आयोजना हुँदै आएको प्रतियोगितामा यसपटक राष्ट्रिय




# डुङ्गादौडको उपाधि रेडियो कान्तिपुरलाई

७ किलोमिटरको दूरी ५१ मिनेट शून्य ६ सेकेन्डमा पूरा गर्दै रेडियो कान्तिपुरले पहिलो पटक प्रतियोगिताको उपाधि जितेको हो । विजयी टिममा महेश आचार्य, ललितजंग डाँगी, रुविना श्रेष्ठ, शम्भु कट्टेल, पृथ्वी बलम्पाकी मगर तथा दिनेश ठकुरी सहभागी थिए । नेपाल नदी संरक्षण संस्था एनआरसीटीद्वारा आयोजित प्रतियोगितामा टुरिज्म टाइम्सले दोस्रो स्थान हात पार्‍यो । टाइम्सले निर्धारित दूरी कान्तिपुरभन्दा १ मिनेट ढिलो पूरा गरेको थियो । यस्तै, तेस्रो स्थान संयुक्त रूपमा एभिन्युज र हिमालयन टेलिभिजनले हात पारे । दोस्रो र तेस्रो हुनेको अन्तर भने ४ स्तरका विभिन्न १९ वटा सञ्चारगृहको सहभागिता थियो । विजयी टिम एवं खेलाडीलाई बाग्मती रिभर फेस्टिभलको अन्तिम दिन भदौ ५ गते पुरस्कार प्रदान गर्ने कार्यक्रम छ । सञ्चारगृहबीचको प्रतिस्पर्धाका अतिरिक्त विद्यालय तथा व्यावसायिक संस्थाहरूबीच पनि बेग्लाबेग्लै डुंगादौड गराइएको थियो । विद्यालयतर्फ सुन्दरीजलको ओखेनी मावि र व्यवसायिक संस्थाहरूतर्फ नेपाली चुलोले उपाधि जितेका छन् ।

प्रतियोगिताअघि बाग्मती नदीको सुन्दरीजल-गोकर्ण खण्डमा जीवन रहेको पुष्टि गर्दै संरक्षणमा जोड दिन डेढ सय माछाका भुरा छाडिएको थियो ।



# ट्यालेन्ट देखाए नेवार नानीहरूले

हाकुपटासीमा चिटिक्क परेकी रीजा पाछैको आकर्षक नृत्यबाट प्रारम्भ भएको ८ देखि १३ वर्ष उमेर समूहका नेवार नानीहरूले प्रतिभा प्रदर्शन गर्ने क्रम प्रेरणा मल्लको प्रस्तुतिपछि सम्पन्न भएको थियो । नेप्लिज फेसन होमले आयोजना गर्दै आएको मीस लिटिल नेवाः प्रतियोगिताको यस पटकको संस्करणमा सहभागी ४३ जना प्रतिस्पर्धीले गत शनिबार सम्पन्न टचालेन्ट राउन्डमा आ-आफ्नो प्रतिभा देखाएका थिए । प्रतिभा प्रदर्शन गर्ने क्रममा सहभागीमध्ये ३८ जनाले नृत्य प्रस्तुत गरेका थिए । जेनिशा श्रेष्ठ र वर्षा श्रेष्ठले आ-आफ्नो वक्तृत्वकलाबाट उपस्थितहरूलाई प्रभावित गर्ने प्रयास गरेका थिए । सन्नी श्रेष्ठले भने भ्वायलिनवादनमा आफ्नो दक्षता देखाएकी थिइन । रिया श्रेष्ठले चित्र कोरेकी थिइन भने रिम्शा शाक्यले गीत सुनाएकी थिइन । भोलि शनिबार प्रज्ञाभवनको डबलीमा सम्पन्न हुने अन्तिम प्रतिस्पर्धाबाट पाँचौं मिस लिटिल नेवाः छनोट हुनेछिन् । कार्यक्रम विवेक श्रेष्ठ तथा रोहिया महर्जनको कोरियोग्राफीमा सम्पन्न हुनेछ ।

# तीज सौन्दर्य प्रतियोगिता

भक्तपुर- तीजको अवसर पारेर भक्तपुरमा व्यक्तित्व विकासका लागि सन्नी गर्ल तीज प्रतियोगिता हुने भएको छ । तीजको महत्त्वलाई व्यापक बनाउन तथा सबै जातजातिका महिलाको साझा पर्वका रूपमा विकास गर्ने उद्देश्यले दोस्रो पटक आयोजना गर्न लागिएको प्रतियोगितामा भक्तपुर र बनेपाका गरि ३२ जना महिलाको सहभागिता रहनेछ । प्रतियोगीहरूलाई कोरीयोग्राफर राज फैजुले विभिन्न विषयमा प्रशिक्षण दिइरहेका छन् । सिद्धपोखरी ब्युटिपार्लर ट्रेनिङ सेन्टरद्वारा आयोजना गर्न लागिएको प्रतियोगिताका विजेताहरूलाई विभिन्न एवार्डले सम्मान गरिने आयोजक संस्थाकी अध्यक्ष रुस्का वैद्य श्रेष्ठले बताइन् । प्रतियोगिता भदौ ५ गते भक्तपुरको शुभकामना पार्टी प्यालेसमा सञ्चालन हुनेछ ।

# साहित्यिक कृति रुचाए पाठकले

**साप्ताहिक समाचार**




नेपाली साहित्यका पाठक कति छन् ? यसको लेखाजोखा सायदै भएको होला । भर्खरै राजधानीमा सम्पन्न पुस्तक मेलामा भने नेपाली साहित्यप्रतिको रुचि बढ्दै गएको संकेत मिलेको छ । भृकुटीमण्डपमा नौ दिनसम्म चलेको मेलामा लागेको पुस्तकपारखीहरूको ओइरो र उच्च दरमा भएको साहित्यिक कृतिको बिक्रीले यस्तो उत्साह मिलेको हो ।

मेलामा करिब ३ करोडको पुस्तक बिक्री भएको थियो, जसमध्ये पनि साहित्यिक कृति, जातीय विषयवस्तु र द्वन्द्वका पुस्तक बढी बिक्री भएको आयोजक जेम्स इभेन्टका इभेन्ट म्यानेजर केशव खत्रीले बताए । 'विगतको तुलनामा साहित्यका पाठक बढ्दै गएका छन्,' खत्रीले भने- 'यसले नेपाली लेखकहरूलाई थप उत्साह मिल्न सक्छ ।' स्थापित लेखक साहित्यकारका मात्र होइन, नयाँ लेखकका कृति पनि पाठकको रोजाइभित्र परे । कतिसम्म भने, पूर्व माओवादी छापामार तारा राईले हालै सार्वजनिक गरेकी संस्मरणात्मक कृति 'छापामार युवतीको डायरी' एक प्रति पनि बाँकी रहेन । त्यसैले मेलाकै अवसरमा हस्ताक्षर गर्दै पाठकसँग अन्तर्क्रिया गर्ने उनको पूर्वनिर्धारित कार्यक्रम रोकियो । रत्न पुस्तक भण्डारबाट साउन १५ गते सार्वजनिक भएको उनको पुस्तकको तेस्रो संस्करण निस्कने तयारीमा छ ।

यही मेलाबाट तारा राईजस्तै सम्भावना बोकेका केही नयाँ लेखक देखा परे, जसको पहिलो कृति नै पाठकले अत्याधिक मन पराइदिए । अमर न्यौपाने र कमलजंग कुँवरको पहिलो पुस्तक निकै रुचाइएको थियो । नेपालगन्जको सेरोफेरोमा तयार पारिएको उपन्यास 'पानीको घाम' बाट लेखक अमर न्यौपानेले पाठकको अपार माया बटुले । त्यस्तै, वन्यजन्तु तस्करी विरुद्धको पुस्तक 'गैंडालाई चार वर्ष' ले कमलजंग कुँवरलाई लेखनक्षेत्रमा स्थापित गराइदियो । मेलामा युवराज नयाँघरको 'एक हातको ताली', झमक घिमिरेको 'जीवन काडाँ कि फूल', पत्रकार देवेन्द्र भट्टराईको 'रेगिस्तान डायरी', श्रवण मुकारुङको 'विसे नगर्चीको वयान', कृष्ण धरावासीको 'राधा' आदि पाठकको रोजाइमा परे ।

त्यसो त भारतीय लेखक चेतन भगतका पुस्तक खोज्नेहरूको भीड पनि उत्तिकै देखियो । मण्डला बुक्सको स्टलमा चेतन भगतसहित पाउलो कोहेलोका पुस्तक खोज्नेहरू बढी थिए । भरत भुर्तेलको 'टाकुरामा एक्लो मान्छे', हर्क गुरुङको 'मैले देखेको नेपाल' जस्ता पुस्तकको बिक्री उच्च दरमा भएको थियो । मेलामा राजनीति, आर्थिक, सामाजिक, शैक्षिक देखि बालसाहित्यका पुस्तकहरू प्रदर्शन उपलब्ध थिए ।

यसै अवसरमा दिनहुँजसो नयाँ-नयाँ पुस्तक सार्वजनिक गरिएका थिए । लेखक/साहित्यकार र पाठकबीच साक्षात्कार गर्न पाउनु मेलाको अर्को आकर्षण थियो । कवितावाचन, चित्रकला प्रदर्शनीजस्ता कार्यक्रमप्रति अवलोकनकर्ताको ध्यान केन्द्रित भएको देखिन्थ्यो । त्यसो त कुनै पनि पुस्तकको खरिदमा १० देखि ५० प्रतिशतसम्मको छुटले पनि पाठकलाई मेलातर्फ आकर्षित गरेको पाइयो । १४ औं संस्करणअन्तर्गत भएको मेलामा नेपाली बजारमा सहजै नपाइने दुर्लभ पुस्तकहरू समेत उपलब्ध थिए । अक्सफोर्ड युनिभर्सिटी प्रेस, टाटा मेग्रोहिलजस्ता विदेशी प्रकाशन संस्थाका पुस्तकहरू मेलामा पाइन्थ्यो । मेलामा देश-विदेशका ३६ वटा प्रकाशन संस्थाको संलग्नता थियो ।

# राजधानीमा हेल्थ एन्ड फिटनेस एक्स्पो

प्रतिस्पर्धी जीवनशैली र व्यस्तताका कारण मानिसहरूको स्वास्थ्य बिग्रदै गएको छ । त्यस्तै, हरक्षण प्रविधिसँग लहसिनेहरूले समय र श्रमको बचत त गरेका छन्, तर स्वास्थ्यलाई चाहिँ धराशायी बनाउँदै लगेका छन् । यही मेसोमा राजधानीमा हेल्थ हेन्ड फिटनेस एक्स्पो हुने भएको छ । आगामी भदौ १० गतेदेखि चार दिनसम्म चल्ने मेलामा स्वास्थ्य तथा शारीरिक तन्दुरुस्तीसम्बन्धी सेवा एवं सामग्रीहरूका बारेमा एउटै छानामुनी सहज रूपमा जानकारीहरू उपलब्ध हुने आयोजक डाइरेक्सन नेपालले जनाएको छ । त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरको डाइरेक्सन एक्जिविसन हलमा सञ्चालन हुने मेलाको यो तेस्रो संस्करण हो ।

'स्वास्थ्य र तन्दुरुस्तीका सम्बन्धमा जानकारी उपलब्ध गराउन मेला आयोजना गरेका हौं' इभेन्ट म्यानेजर पशुपति केसीले भने । आफ्नो रोगको पहिचान गर्न र त्यसको उपचार कहाँ कति खर्चमा गर्न सकिन्छ भन्ने जानकारी पनि मेलाबाट पाउन सकिन्छ । प्रदर्शनीमा काठमाडौंका धेरैजसो अस्पतालको सेवा-सुविधाका बारेमा जानकारी दिने व्यवस्था गरिएको अर्का इभेन्ट म्यानेजर रमेश थापाले बताए । उपचार सेवा नपाइरहेका जनमानसलाई लक्षित गरी प्रदर्शनी अवधिभर वेलनेस हस्पिटलको सहकार्यमा निःशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श, फिजियोथेरापी एवं अकुपंचर सेवा निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

# सकियो बोलबमको रौनक



**शिव शर्मा**

पोखरा- साउन महिनाभर मनाइने बोलबमको रौनक सकिएको छ । साउन महिनाको हरेक सोमबार हुने र्‍याली र नाचगानले एक महिना पोखरा सहर गुल्जार रह्यो । 'बोलबमको ध्वनिले, शान्ति पाऊन् साराले' भन्ने उद्घोषसहित केदारेश्वर महादेव संरक्षण समितिले आयोजना गरेको बोलबम कार्यक्रममा पोखरामा १ लाख धर्मावलम्बीको सहभागिता रहेको आयोजकहरूले बताएका छन् ।

बगरस्थित शुक्लागण्डकीबाट जल लिई पञ्चैबाजा, भजन र झाँकीसहित हरेक सोमबार पोखराको विभिन्न भाग परिक्रमा गरेर केदारेश्वर मन्दिरमा पूजाआजा गरी भक्तहरूले जल चढाउँदै आएका थिए । बोलबममा यसपटक युवाहरू बढी आकर्षित देखिए ।

अन्य दिनको तुलनामा अन्तिम दिन भक्तहरूको भीड बढेपछि घण्टौंसम्म लाइनमा बसी जल चढाएका थिए । साउन महिनामा भगवान् शिवको पूजाआजा गरी पवित्र जल शिवलिंगमा चढाउँदा मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ ।

बोलबमको अन्तिम दिनको र्‍यालीमा फेवा नौमति बाजासमूह, अन्नपूर्ण भजनमण्डली, सिद्धेश्वर भजन मण्डली, बोलबम भजन समूह, विभिन्न आमा समूह, संघसंस्थाका प्रतिनिधि, विद्यार्थी एवं स्काउटलगायत हजारौं भक्तको सहभागिता थियो ।

विगत सात वर्षदेखि पोखरामा आयोजना हुँदै आएको उक्त कार्यक्रम अघिल्ला वर्षको तुलनामा यसपटक भक्तहरूको संख्या ह्वात्तै बढेकाले आफूहरू उत्साहित भएको भन्दै बोलबम संयोजक शंकर खरालले यसबाट धार्मिक पर्यटनमा प्रशस्त टेवा पुग्ने विश्वास व्यक्त गरे ।

# सुट-पाइन्ट र ढाका टोपीमा सगरमाथा



**साप्ताहिक समाचार**

युवाहरूबीच नयाँ-नयाँ क्षेत्रमा कीर्तिमान बनाउने होड चलेको छ । यही दौडमा सामेल छन् सोलुखुम्बु, खुम्जुङका २९ वर्षीय युवक ल्हाक्पा छिरिङ शेर्पा । उनले हालैमात्र सुट-पाइन्ट र ढाका टोपी पहिरिएर सगरमाथाको सफल आरोहण गरे । गत मे २३ तारिकमा उनले विदेशी तथा नेपाली आरोहीको टोलीमा सगरमाथाको चुचुरो टेकेका हुन् । कान नछोप्ने ढाका टोपी र सुट-पाइन्टमा चुचुरो पुगेका शेर्पाले सगरमाथामा बिनापञ्जा नेपालको राष्ट्रिय झन्डाका साथै पर्यटन वर्ष-२०११ को झन्डा फहराएका थिए । पर्यटन मन्त्रालयले शेर्पाले उक्त पोसाकमा सगरमाथा आरोहण गरेको पुष्टि गरिसकेको छ । यसअघि दौरा-सुरुवाल र शेर्पा पहिरनमा सगरमाथा आरोहण गरेको रेकर्ड छ । 'गिनिज बुकमा नाम लेखाउने तयारीमा छु,' एक साताअघि आफ्नो गाउँ खुम्जुङबाट राजधानी भित्रिएका शेर्पाले भने- 'सुट-पाइन्टमा सगरमाथा चढ्ने म नै पहिलो हुँ ।'

उनले हिलारी साउथ कोलबाट उक्त पोसाक लगाएका थिए । सगरमाथाको चुचुरोमा यही पोसाकमा उनले २० मिनेट बिताए । 'सगरमाथामा पहिलेजस्तो हिँउ छैन,' विगत नौ वर्षदेखि हिमाली क्षेत्रमै काम गर्दै आएका शेर्पाले भने- 'हिउँ नभएकाले कुनै-कुनै ठाउँमा ढुंगाको पहाड भेटिन्छ ।' पर्यटन वर्ष २०११ मा नेपालमा १० लाखभन्दा बढी पर्यटक भित्र्याउने लक्ष्य सफल तुल्याउन आफूले यो साहसपूर्ण काम गरेको उनले बताए । आगामी यही सिजनमा सगरमाथामै अर्को कीर्तिमान बनाउने लक्ष्य शेर्पाको छ ।



# कलाकार रमाए फुटबलमा

**शिव शर्मा**

पोखरा- गोल-गोल, पोखरा रंगशालामा हुटिङले सबैको ध्यान खिच्यो । रंगशालामा फुटबल प्रतियोगिता त थियो, तर यस पटकको प्रतियोगिता अलि बेग्लै देखिन्थ्यो । दर्शकहरू पोखरा रंगशालामा टनाटन देखिन्थे । प्रतियोगिता जित्नका लागिभन्दा पनि रमाइलोका लागि थियो । ख्यातिप्राप्त जिरेखुर्सानी र मेरी बास्सैका कलाकार जर्सी लगाएर टन्टलापुर घाममा फुटबल खेल्न तम्सिएका थिए । पृष्ठभूमिमा पञ्चैबाजा घन्किरहेको थियो ।

खेल सुरु हुनुअघि कलाकारहरू बाजाको तालमा कम्मर मर्काउँदै नाचे । सुन्तली धुर्मसलाई नाच्न उक्साउँथिन् । मैदानमै हास्य प्रहसनले दर्शकको ध्यान आकृष्ट गरेको थियो । त्यसो त फुटबल जित-हारभन्दा पनि रमाइलाका लागि भएकाले कलाकारहरू निकै रमाइलो पाराले प्रस्तुत भएका थिए ।

पश्चिमाञ्चल होटल संघका पदाधिकारी तथा हास्यकलाकारबीच भएको फुटबल हेर्न पोखरा रंगशालामा हुल बाँधेर आएका दर्शकहरू पेट मिचीमिची हाँसेका थिए । कसले कति गोल गर्‍यो भन्दा पनि टेलिभिजनमा सधैं देखिने कलाकारलाई प्रत्यक्ष हेर्न दर्शकहरू आतुर देखिन्थे । रमाइलो फुटबल हेर्न २२ जना कलाकारले सँगै मैदानभित्र र बाहिर बसेर खेलको मज्जा लिए । मैदानभित्र पसेकालाई मैदानबाहिर रहेका कलाकारहरूले हुटिङ गरिरहेका हुन्थे । मैदान भित्रभन्दा बाहिर बढी रहेका गोपाल नेपाल फिस्टेले कलाकारहरूलाई निकै उक्साएका थिए । सुन्तली ( कुञ्जना घिमिरे) ले विपक्षी गोलकिपरलाई गोल छोडी दिन आग्रह गर्दा रंगशालामा हाँसोको फोहोरा छुटेको थियो । माइकमार्फत कलाकारहरूले मैदान बाहिर बसेर हुटिङ गरे ।

मैत्रीपूर्ण खेलमा गोल हान्न कलाकारहरूले निकै दौडधूप गरेका थिए । मुन्द्रे जितु नेपाल निकै रोमाञ्चकारी तवरले मैदानमा प्रस्तुत भएका थिए । दुवैतर्फ निर्धारित समयमा तीन-तीन गोल भएपछि खेल ट्राइबेकरमा गएको थियो ।

ट्राइबेकरमा होटल संघका तर्फबाट गोविन्दराज पहारी, धर्मसिंह लामिछाने, हरि भुजेल र अनिल श्रेष्ठले गोल गरे भने कलाकारतर्फ जितु नेपाल (मुन्द्रे) केदार घिमिरे (माग्ने बूढा) र शिवहरि पौडेल (मुख हानुजस्तो) ले गोल गरेका थिए । कलाकारतर्फ जितु नेपाल, कुमार कट्टेल (जिक्री हजुर) ले आकर्षक खेल प्रस्तुत गरे। केदार घिमिरेले भने, 'यतिका धेरै दर्शक माझ फुटबल खेल्न पाउँदा हामी सन्तुष्ट भएका छौं ।' खेल सकिएपछि कलाकारहरूले प्रहसनसमेत प्रस्तुत गरे ।



# सिम्रन र समीर लिटिल स्टार

यसबीच लिटिल स्टार ट्यालेन्ट कन्टेस्टको उपाधि सिम्रन तामाङ र समीर गुरुङले जितेका छन् । द लुक्स फेसन होम्सद्वारा आयोजित उक्त प्रतियोगितामा बालिकातर्फ सचित्रा गुरुङ फस्टर रनर्सअप तथा समा पराजुली सेकेन्ड रनर्सअप घोषित भए । सिम्रनले मष्ट पर्सनालिटी र सचित्रले इन्टेलिजेन्टको टाइटल पनि प्राप्त गरे । ६ देखि १२ वर्ष उमेर समूहबीच भएको प्रतियोगितामा बालकतर्फ दीपेन गुरुङ फस्ट रनर्सअप तथा निकेश गुरुङ सेकेन्ड रनर्सअप घोषित भए । दर्शक छनोटको पुरस्कार भने अन्जना गुरुङले जितिन् ।

# डेजिना र अश्मी लिटिल च्याम्प




**शिव शर्मा**

पोखरा- स्टेजमा उत्रिएका बालबालिकाको स्वागतमा एकसाथ ताली बजाउँदा सभागृहको प्रेक्षालय गुन्जियो । बालबालिकाहरूले आत्मविश्वासका साथ स्टेजमा आफ्नो कला प्रस्तुत गरे । पोखरामा पहिलो पटक भएको पृथक् खालको लिटिल च्याम्प-२०१० को यो प्रतिस्पर्धा हेर्न दर्शकको भीड लागेको थियो ।

सिनियर र जुनियर गरी विजेता छानिएको उक्त प्रतियोगितामा सिनियरतर्फ डेजिना गदाल र जुनियरतर्फ अश्मी गुरुङले बाजी मारे । उनीहरूले उपाधिसँगै ५-५ हजार रुपैयाँ नगद प्राप्त गर्नुका साथै क्राउन पनि पहिरिए । सिनियरतर्फको उपाधि जितेकी गदालले मोष्ट हेल्फफुलको टाइटल पाइन् । प्रतियोगिता ६ देखि १२ वर्ष उमेर समूहका बालबालिका सहभागी भएका थिए ।

प्रतियोगितामा सिनियरतर्फ ग्रीष्मा गुरुङ फस्ट रनरअपसँगै स्मार्ट किडको टाइटल पाइन् । अतीत गुरुङ सेकेन्ड रनर अप भए । जुनियरतर्फ विनिता गुरुङ फस्ट रनर अप सँगै ब्युटीफुल आइजको उपाधि पाइन् । सेकेन्ड रनर अप बनेकी सेडल गुरुङले ब्युटीफुलको हेयरको उपाधि प्राप्त गरिन् ।

मिस कल्चर बनेकी लक्ष्मी गुरुङ र हङकङ ब्युटी भ्युअर च्वाइस शारदा गुरुङले आयोजना गरेको प्रतियोगितामा बचत भएको ५० प्रतिशत रकम पोखरा-१२ ढिकालेथरस्थित सरस्वती माविलाई सहयोग गरिने आयोजक संस्थाकी लक्ष्मी गुरुङले जानकारी दिइन् ।



# सगुन बनिन् लिटिल आइडल

प्रतियोगिता प्रारम्भ भएदेखि नै आत्मविश्वासले भरिपूर्ण आफ्नो प्रस्तुतिबाट प्रतियोगिताका अरू सहभागीभन्दा अब्बल देखिएकी प्रतियोगी नम्बर १३ सगुन भेटवालको निर्णायक उत्तर दिने शैली पनि सशक्त थियो । अन्ततः भेटवालले नै आइडल-२०१० को उपाधिमा कब्जा गरिन् । कपनस्थित डाफोडिल बोर्डिङ स्कुलमा कक्षा ६ मा अध्ययनरत १२ वर्षीय सगुनले मिस लिटिल आइडल उपाधिसहित १५ हजार नगद पुस्कार पनि प्राप्त गरिन् । प्रतियोगितामा प्यारागन पब्लिक स्कुलकी दस वर्षीया छात्रा क्याटी विन्टरवर्न फस्ट रनर्सअप घोषित भइन् । मिस ट्यालेन्ट उपाधिसहित सनराइज बोर्डिङ स्कुलमा कक्षा तीनमा अध्ययनरत ८ वर्षीय रिया गुरुङ सेकेन्ड रनर्सअप घोषित भइन् ।

एक्सन इन्टरटेनमेन्ट प्रालिको आयोजना एवं कोरियोग्राफर रोजिन शाक्यको कोरियोग्राफीमा सम्पन्न मिस लिटिल आइडल-२०१० मा सहभागी ४७ जना प्रतिस्पर्धीले मिस्ट्री अफ स्टाइल नामक बुटिकका डिजाइनरले तयार पारेको रंगीन वनपिस फ्ललेन्थ स्कर्ट शैलीको पहिरनमा आफ्नो प्रस्तुति दिएका थिए । प्रतिस्पर्धीहरूले परम्परागत पहिरनमा पनि क्याटवाक गरेका थिए ।

नायिका शुभेच्छा थापाको नृत्य तथा गायकद्वय धीरज राई र प्रेम राईको सांगीतिक प्रस्तुति मनोरञ्जनको खुराक बनेको थियो । उक्त अवसरमा प्रतियोगितामा उपासना सिंहले मिस स्माइल, जेसिका ताम्राकारले मिस वेस्ट हेयर, स्वेता शाक्यले मिस फोटोजेनिक, श्रेया दाहालले मिस डिसिप्लिन, लजेमा लिम्बुले मिस पङ्चुयल, तेजिता राजभण्डारीले मिस पर्सनालिटी, पलिस्था शाक्यले मिस इनोसेन्ट तथा लिना गुरुङले मिस फ्रेन्डसिपको एवार्ड जितेका थिए ।

# कर्माको सानदार इन्ट्री



'तिमीलाई देखेर हिमाल हाँसेको तिम्रो गीत सुनेर मुनाल नाचेको, तिम्रो जोवनलाई हो देखेर, पिरती गाँसेको' निर्णायकले तिमी आफ्नो मौलिक लोकगीत गाऊ भनेर भनेपछि नेपाली मूलका दार्जीलिङे युवा कर्मा शेर्पाले राजु लामाले गाएको यो गीत सुनाएर निर्णायकहरूको मन जिते । जीटिभिबाट प्रसारण हुने हिरोहोन्डा सारेगामप सिंगिङ सुपरस्टारको कोलकाता अडिसनका क्रममा कर्माले 'नैनोको मत मानियो रे नैनो कि मत सुनियो नयना ठग देंगे' गीत गाएपछि यति गाह्रो गीत किन गाएको भन्दै निर्णायकले आफ्नो कुनै लोकगीत गाउन भनेका थिए । गीत गाइसक्नेबित्तिकै निर्णायकमध्येका दलेर मेहन्दीले उनलाई सुपरस्टारको लोगो भएको माला लगाइदिँदै छनोट भएको बताएका थिए भने कार्यक्रमका अर्का निर्णायक विशालले मुम्बई आउने निम्तो दिएका थिए ।

यसअघि कर्मा जि सारेगमप बांगलाको उत्कृष्ट तीनभित्र पर्न सफल भएका थिए । प्रशान्त तामाङ इन्डियन आइडलको फाइनल राउन्डमा प्रतिस्पर्धा गर्ने क्रममा दार्जीलिङ सोनादाका कर्मा जी सारेगमप बांगलाको फाइनलमा पुगेका थिए । प्रशान्तप्रति सबैको ध्यान खिचिएको त्यसबेलामा उनी ओझेलमा परे पनि उनको प्रतिभाबाट धेरै परिचित थिए । उक्त प्रतियोगिताका २२ हजार ७ सय ७५ प्रतिस्पर्धीबाट उनी उत्कृष्ट तीनमा आएका थिए । गायन क्षेत्रमै करियर विकास गर्ने लक्ष्यका साथ अघि बढेका कर्माले निम्न मध्यमवर्गीय परिवारमा जन्मिएकाले राम्रो शिक्षा नपाएको अडिसनका क्रममा बताएका थिए ।

अडिसनको क्रममै सर्ट डकुमेन्ट्रीसहित पेस भएका कर्माले दार्जीलिङमा निःशुल्क संगीत पाठशाला सञ्चालन गर्ने योजना पनि सुनाए । २६ वर्षीय यी तन्नेरीले कर्माज डेस्टिनी शीर्षकमा पहिलो नेपाली गीतिसंग्रह श्रोतामाझ ल्याइसकेका छन् । केही समयअघि साप्ताहिकसँगको कुराकानीमा कर्माले भनेका थिए- 'मूल धारको इन्डियन प्लेब्याक सिंगरका रूपमा आफुलाई प्रस्तुत गर्ने मेरो सपना छ ।'

टेलिभिजनमा गत साता अडिसन राउन्डमात्र प्रसारण भए पनि कर्मा उत्कृष्ट १८ भित्र पर्न सफल भैसकेका छन् । 'म्युजिककी नयी आवाज' स्लोगन तय गरेको सारेगामप सिंगिङ सुपरस्टारमा दलेर मेहन्दी, विशाल-शेखर, साजिद-वाजिद निर्णायक छन् ।

दार्जीलिङ, सिक्किम तथा डुअर्स क्षेत्रमा बस्ने नेपालीभाषीहरूबीच लोकप्रिय कर्माले कोलकातामा पण्डित अजय चक्रवर्तीसँग विगत डेढ वर्षदेखि शास्त्रीय संगीतको कक्षा लिँदै आएका छन् । मालोविका चक्रवर्तीसँग पनि संगीत कक्षा लिएका कर्माले साप्ताहिकसँग केही समयअघि सिलिगुडीमा भनेका थिए- 'संगीतमा प्रतिबद्ध भएर नेपाली जातीको नाम रोशन गर्ने इच्छा छ ।'

ओपन भोकल कन्टेस्ट दार्जीलिङ, जीडीएनएसको स्वरश्री २००६ तथा दार्जीलिङ कार्निभल आइडल २००४ मा सर्वोत्कृष्ट भएका कर्मा सारेगमप सिंगिङ सुपरस्टारका हकदार बन्न मेहनत गरिरहेको बताउँछन् । बैंगलोरमा दुई वर्ष मुस्लिमहरूसँग बसेका कर्मालाई हिन्दी टोनको समस्या पनि छैन । अहिलेसम्म हिन्दी, नेपाली बंगलाका अतिरिक्त साउथ इन्डियाका मलयालम, कन्नड तथा तमिल भाषामा गीत गाउन सक्ने कर्मा सुफी गायनमा बढी प्रभावशाली देखिन्छन् ।



# एसियन गेममा पहिलो पटक आर्चरी

**लालप्रसाद शर्मा**

पोखरा- चीनको ग्वान्जाओमा आगामी नोभेम्बर १२ देखि २७ तारिखसम्म हुन लागेको सोह्रौं एसियाली खेलकुदमा पहिलो पटक सहभागी हुन लागेको आर्चरी खेलका खेलाडीका लागि एक विदेशी प्रशिक्षकले पोखरामा प्रशिक्षण दिइरहेका छन् ।

एसियन गेममा सहभागी हुन लागेका एक वैकल्पिकसहित ५ खेलाडीलाई नेपाल आर्चरी संघले दिइरहेको प्रशिक्षणमा बंगलादेशमा आर्चरी कोचको भूमिका निर्वाह गरिसकेका बेलायतका ओलम्पिक मेडालिस्ट रिचार्ड प्रिस्टम्यानले दुई सातादेखि सैद्धान्तिक एवं प्रयोगात्मक प्रशिक्षण दिइरहेका छन ।

एसियाली गेमको आर्चरीमा प्रेमप्रसाद पुन, असीम शेरचन, जितबहादुर मोक्तान, रमेश भट्टचन र वैकल्पिक खेलाडी नरेश कार्की सहभागी हुँदैछन् । पदकको लक्ष्यसहित पहिलो पटक सहभागी हुने तयारी गरेका उनीहरू पोखरा रंगशालामा क्लोज क्याम्पमा कडा अभ्यासमा जुटेका छन् । प्रशिक्षणमा हालै आर्चरी महासंघद्वारा लिइएको लेभल तीन उत्तीर्ण एकमात्र नेपाली प्रशिक्षक किशोरकुमार गुरुङ पनि सहभागी छन् ।

नेपाल आर्चरी संघका अध्यक्ष लक्ष्मणकुमार श्रेष्ठका अनुसार नेपालमा आर्चरीको राम्रो सम्भावना रहेको भन्दै एसियाली आर्चरीले प्रशिक्षक प्रिस्टम्यानलाई निःशुल्क उपलब्ध गराएको हो । 'प्रिस्टम्यानले एक महिना प्रशिक्षण दिनेछन्', श्रेष्ठले भने, 'त्यसपछि भने संघकै पहलमा प्रशिक्षण दिनेछौं ।'

पहिलो सहभागितामै सुखद नतिजा ल्याउने विश्वास खेलाडीले लिएका छन् । 'ओलम्पिक मेडलिस्टको प्रशिक्षणले सीप तिखारिनुका साथै आत्मविश्वास पनि बढेको छ', खेलाडी असिम शेरचनले भने, 'नतिजा राम्रै आउनेमा विश्वस्त छौं ।' वैकल्पिक खेलाडी नरेशबाहेक अन्य अन्तर्राष्ट्रिय अनुभव प्राप्त छन् । प्रशिक्षक प्रिस्टम्यानले खेलाडीहरूले राम्रोसँग सिकिरहेको बताए ।

ओलम्पिक पछिको महत्त्वपूर्ण मानिएको एसियन गेममा सहभागी हुन पाउनु सुखद रहेको, त्यसमाथि ओलम्पिक मेडालिस्टको प्रशिक्षणले सफलता हात लाग्ने गुरुङले बताए । खेलाडीहरूलाई बिहान-बेलुकी गरी दैनिक ६ घन्टा तालिम प्रदान गरिँदै आएको छ । उनीहरूले टिम र व्यक्तिगत इभेन्ट्समा प्रतिस्पर्धा गर्नेछन् ।

# वीरेन्द्र सैनिक र जनज्योति च्याम्पियन

साप्ताहिक समाचार

काठमाडौं- कुल ७ लाख ५० हजार रुपैयाँ पुरस्कारको कोकाकोला कप अन्तरविद्यालय राष्ट्रिय फुटबलमा छात्रतर्फ वीरेन्द्र सैनिक महाविद्यालय तथा छात्रा तथा जनज्योति उमावि च्याम्पियन भएका छन् ।

श्रमिक शान्ति विद्यालयको चुनौती सडनडेथमा ६-५ ले समाप्त छात्रतर्फ तेस्रो भयो ।

धनगढीको ठेकराज माविले प्रतियोगिता बहिष्कार गरेपछि छात्रातर्फ नेपालगञ्जको वाटरपार्क सीधै तेस्रो स्थानमा आयो । छात्राहरूको खेलमा रेफ्रीले सही निर्णय नगरेको आरोप लाउँदै ठेकराजले बीचमै खेल छाडेर प्रतियोगिता नै बहिष्कार गरेको थियो । त्यसैले



पार्दै भक्तपुरको वीरेन्द्र सैनिकले शनिबार पहिलोपल्ट कोकाकोला कप जितेको हो । विद्यालय स्तरको फुटबलमा शक्तिशाली वीरेन्द्र सैनिक तीन वर्षअघि कोकाकोला कपको फाइनल पुगेर पनि ट्रफी चुम्न असफल भएको थियो । निर्धारित समय १-१ तथा टाइब्रेकर ४-४ को बराबरमा टुंगिएपछि रोमाञ्चक खेलको छिनोफानो सडनडेथमा भएको थियो । ललितपुरको श्रमिक विद्यालयका रमेश थापामगरको प्रहार रोक्दै गोलकिपर अरुण केसीले वीरेन्द्र सैनिकलाई जिताएका थिए ।

कप्तान यशोदा लामाको ह्याट्रिकको सहयोगमा राधिका उमावि, मोरङमाथि ४-० को जित रच्दै रौतहटको जनज्याति मावि छात्रतर्फ नयाँ विजेता बनेको हो । अर्को गोल सपना लामाको नाममा रह्यो । हरैचा मावि, मोरङलाई सडनडेथमा १०-९ ले हराएर राजधानीको सिद्धार्थ वनस्थली जनज्योतिले सेमिफाइनल नखेली फाइनलमा अवसर पाएको थियो ।

एक दर्जन टिम सहभागी अन्तिम चरणको छात्रतर्फ समूह चरणमा सुर्खेतको सूर्यज्योतिलाई ३-०, रुपन्देहीको इन्भाइरोमेन्टललाई २-१ ले हराएपछि सेमिफाइनलमा सिद्धार्थ वनस्थलीमाथि २-१ को जित निकालेर वीरेन्द्र सैनिकले फाइनल यात्रा तय गरेको थियो । छात्रामा फाइनल प्रवेशका लागि जनज्योतिले समूह चरणमा वाटरपार्कलाई ८-०, कास्कीको गण्डकी उमाविलाई ११-१ को फराकिलो अन्तरले हराएको थियो । छात्राको अन्तिम चरणमा ८ टिम चुनिएका थिए ।

विद्यालयस्तरको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता कोकाकोला कप नै हो । १० हजार जुनियर खेलाडी सहभागी हुने यो बृहत् प्रतियोगितामा देशका ५ सय १७ विद्यालयले प्रारम्भिक चरणमा प्रतिस्पर्धा गरेका थिए । त्यसमध्ये ७६ टिम छात्रातर्फका हुन् ।

## ५ प्रश्न



नेपाली ब्याडमिन्टनका लागि पुलिसका २३ वर्षीय खेलाडी विकास श्रेष्ठ नयाँ आशा हुन्। लगातार दोस्रोपल्ट राष्ट्रिय ब्याडमिन्टनमा पुरुषतर्फको उपाधि जितेर उनले आफ्नो उपयोगिता पनि सिद्ध गरेका छन्। श्रेष्ठ यसबीच चीनको ग्वान्जाउमा हुने एसियाडका लागि पनि छनोट भएका छन्।

**दोस्रोपल्ट उपाधि जित्दाको अनुभव पहिलेको तुलनामा कत्तिको फरक रह्यो ?**

रत्नजित तामाङविरुद्धको फाइनल अत्यधिक कडा रह्यो, एक समय हारको सँघारमा पनि पुगिसकेको थिएँ । त्यसैले दोस्रोपल्ट उपाधि जित्दा अत्याधिक खुसी भइयो । फेरि उपाधि जित्न यसपल्ट धेरै दबाब पनि थियो ।

**दुईपल्ट जितेपछि अबको लक्ष्य के हो, राष्ट्रिय च्याम्पियसिपमा ?**

मैले राष्ट्रिय च्याम्पियनसिप खेल्न थालेको ०६० यता हो, दुईपल्ट च्याम्पियन हुने अवसर पाएँ । अहिलेसम्म किशोरबहादुर सिंहको नाममा छ पल्ट उपाधि जितेको कीर्तिमान छ, म त्यसलाई तोड्न चाहन्छु । म अझै युवा छु धेरै वर्ष खेल्न सक्छु। अझै सात-आठ वर्ष लगातार खेल्ने लक्ष्य छ।

**पशुपति पनेरु र बलराम थापाको अनुपस्थितिमा कत्तिको सहज भएको छ ?**

पशुपति र बलराम खेल्दा मेरो चुनौती सेमिफाइलनसम्म थियो । त्यति बेला रामसिंह चौधरी, पंकज चन्द, इन्द्र मेहता र म बराबरीका खेलाडी थियौं । उनीहरूभन्दा मेरो प्रदर्शन राम्रो पनि थियो । खेलकुदमा एकपछि अर्को खेलाडी आउँछ, पशुपति र बलरामको अनुपस्थितिमा राष्ट्रिय च्याम्पियनसम्मको यात्रा स्वाभाविक हो ।

**एसियाडको तयारी र चुनौती कस्तो छ ?**

अहिलेसम्म एसियाडको राम्रो तयारी गर्न पाएको छैन, राष्ट्रिय च्याम्पियनसिप जितेपछि आराम गरिरहेको थिएँ, यसै सातादेखि फेरि अभ्यास सुरु गरेको छु । एसियाडमा सहभागी हुनेहरू अन्तर्राष्ट्रिय स्तरकै च्याम्पियन हुन्छन् । त्यस अर्थमा मेरो लक्ष्य दोस्रो चरणसम्म पुग्ने हुनेछ ।

**दक्षिण एसियामा कस्तो अपेक्षा छ ?**

दक्षिण एसियामा पनि भारत बलियो छ, श्रीलंका पनि राम्रो छ । व्यक्तिगत स्पर्धातर्फ हाम्रो लक्ष्य कांस्य पदक नै हुन्छ ।

**-हिमेश**

# बेकह्यामकी दिदी टाट




इंग्ल्यान्डका फुटबल स्टार डेभिड बेकह्याम दिदी लिनी बेकह्याम टाट पल्टिएकी छिन् । पहिल्यैदेखि आर्थिक अवस्था कमजोर भएकी लिनीलाई डेभिडले सहयोग गर्दै आएका थिए । अहिले लिनीले डेभिड बेकह्यामसँग घर खर्च गर्न पैसा नभएपछि प्रत्येक साता १ सय ६४ पाउन्ड दिन अनुरोध गरेकी छिन् ।

लिनीले अहिले आफुले रोजगारी पनि गुमाएको र परिवारको बोझ बढेका कारण डेभिडलाई उक्त रकम साप्ताहिक रूपमा दिन अनुरोध गरेकी हुन् । उक्त रकम डेभिडको दुई सेकेन्डको आम्दानी हो । डेभिडले आफ्नो जेठी दिदीको अनुरोध स्वीकार गर्ने बताएका छन् । आफ्नो प्रेमी जेलमा रहेका कारण उनलाई श्रीमान्को सहयोग छैन भने तीन शिशुहरू पनि सानै छन् । आफ्नी दिदीको आर्थिक समस्या देखेर डेभिड बेकह्यामले चार कोठाको एउटा फ्ल्याट पहिल्यै किनिदिएका थिए भने भान्जाहरूलाई किनमेल गर्न सजिलो होस् भनेर स्थानीय पसलमा मासिक रकम भुक्तान गरिदिने व्यवस्थासमेत मिलाएका थिए ।

बाबुले दिदी र बहिनीको दुःखमा साथ दिनु भनेका कारण डेभिडले आफ्ना दिदी र बहिनीलाई आर्थिक सहयोग गरिरहेका छन् । डेभिडले गरेको आम्दानीअनुरूपको सहयोग राशि कम भए पनि भिक्टोरियालाई भने दिदीले गरेको गलत कामलाई सहयोग गरेको अनुभूति भैरहेको छ । पहिलो पतिसँग अलग भएकी लिनी फेसबुकमार्फत फेला परेका एक पुरुषसँग बसिरहेकी छिन् । उक्त पुरुष इन्टरनेटमार्फत यौनदुराचार गरेको अभियोगमा जेलमा छ ।

## मैदान बाहिर






# भिलर पनि संगीतमा

अस्ट्रेलियाका बलर ब्रेट् लीले आफ्नो नियमित भारत भ्रमणका क्रममा सिकेको संगीतलाई हालै सार्वजनिक गरे । उनको सांगितिक योजनाअनुसार ब्रेट् आफ्नो सांगीतिक समूह ह्वाइट सु थियोरीलाई लिएर भारतमा एउटा कन्सर्टको आयोजना गर्दैछन् । अहिले विश्वमा चल्तीका क्रिकेटहरूमा ब्रेटले आफूलाई संगीतको पारखीका रूपमा स्थापित गरिसकेका छन् । यही क्रममा दक्षिण अफ्रिकाका ब्याट्सम्याट एवि डे भिलरले पनि आफूलाई गायकका रूपमा प्रस्तुत गरेका छन् । उनले हालै मार्क जो ड्रोमि वार' (मेक योर ड्रिम कम ट्रु) शीर्षकको एल्बम सार्वजनिक गरेका छन् । उक्त एल्बममा भिलरलाई एम्पि डु प्रेजले साथ दिएका छन् । उनका एल्बमका गीतहरू अहिले दक्षिण अफ्रिकाका विभिन्न रेडियो स्टेसनबाट प्रसारण भैरहेका छन् । खेलाडीले गाएको गीत भएकै कारण चर्चामा आएकाले उनका गीतलाई केही निर्माताले कम्प्युटर गेममा राख्ने इच्छा देखाएका छन् ।

# जोस्ली जेम्सको ११ होल

टाइगर उडसँग अनैतिक यौनसम्बन्ध राख्ने महिलाहरूमा जोस्लि जेम्सको नाम पनि मुछिएको थियो । उडले गोप्य रूपमा अनैतिक यौनसम्बन्ध राखेका घटना एकपछि अर्को गर्दै सार्वजनिक हुने क्रममा जोस्लीको नाम ११ औं स्थानमा आएको थियो । उनले त्यो बेला आफूले उडवाट दुई पटक गर्भधारण गरेको जसमा पहिलो बच्चा तुहिएको र अर्को गर्भपतन गरेको बताएकी थिइन् । उक्त घटना सार्वजनिक भएपछि उड र आफूबीच ३ वर्षदेखि रहेको सम्बन्धविच्छेद टुङ्गिएको जोस्लीले बताइन् ।

अश्लील चलचित्रकी नायिका तथा स्ट्रिपर जोस्लीले टाइगर उडले प्रतिस्पर्धा गर्न लागेको पिजिए टुर आयोजना स्थलनजिकै रहेको एक होटलमा प्रतियोगिता अवधिभर स्ट्रिपर डान्स देखाउने भएकी छिन् । उडको जीवनमा आएका महिलाहरूमा आफ्नो नाम ११ औं स्थानमा आएपछि उनले आफ्नो नाम पनि गल्फमा प्रयोग हुने 'इलेभेन होल' राखेकी छिन् । स्थानिय सिल्क जेन्टलम्यान क्लबको निमन्त्रणामा जोस्लीले



प्रतियोगिता अवधिभर कामुक नृत्य प्रस्तुत गर्नेछिन् । जोस्लि भन्छिन्- म उड सहभागी हुने प्रतियोगिता स्थल पच्छाउँदै हिँड्न चाहन्थे, तर यसपटक क्लबले प्रस्ताव गरेका कारण काम गर्न लागेकी हुँ । नृत्य देखाउने क्रममा जोस्लीले पनि उडले लगाउने जस्तै हरियो रंगको टिसर्ट लगाउनेछिन् ।

# अर्को एसियाड लक्ष्य अधुरो





राजु घिसिङ

'द डक्टर सेड आई क्यान नट प्ले फर एनोदर सिक्स मन्थ्स............आई एम स्याड टु अनाउन्स द्याट् आई एम पुलिङ आउट अफ सिक्स्टिन्थ एसियन गेम्स........आई अपोलोजिज टु अल द फ्रेन्ड्स एन फ्यान्स द्याट् आई विल नट बि एबल टु ब्रिङ इन द थर्ड एसियाड मेडल फ्रम चाइना बिकउज अफ माई अपरेटेड नी......आई विल डेफिनेट्ली रिटर्न टु द एरेना वन डे एन ट्राई माई बेस्ट टु मेक मेक माई कन्ट्री प्राउड.......,......लभ यू अल.....'

तेक्वान्दो स्टार दीपक विष्टले आफ्नो फेसबुक स्ट्याटसमा शनिबार लेखेका शब्दहरू हुन्, यी। उनलाई यी शब्द लेख्न कति गाह्रो भयो होला ? कल्पना गर्दा पनि मन गह्रौं हुन्छ। खेलाडीको सबैभन्दा ठूलो लक्ष्य 'प्रतियोगिता खेल्ने र पदक जित्ने' हुन्छ। अझ सफलता हात पारिसकेका खेलाडी अपराजय रहने महत्त्वाकांक्षा राख्छन्।

एसियाली खेलकुदजस्तो महादेशकै सर्वाधिक बृहत् खेलकुदमा सहभागी नहुने घोषणा दीपकका लागि पक्कै पनि सहज थिएन। त्यो उनको बाध्यता हो। बायाँ घुँडाको शल्यक्रियापछि खेलमा फर्कन पर्याप्त समय नभएकाले चीनको ग्वान्जाउमा कात्तिक २६ देखि मंसिर ११ गतेसम्म हुने एसियाली खेलकुदमा उनी सहभागी नहुने भएका हुन्।

बायाँ घुँडा पूर्ण रूपमा स्वस्थ नरहेको स्थितिमै सात महिनाअघि ढाकामा सम्पन्न ११ औं दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्णपदक जितेयता दीपक अभ्यासमा जुटेका छैनन्। डा. चनिन लमसमको नेतृत्वमा उनको घुँडाको शल्यक्रिया २५ मेमा बैंककस्थित थोनबुरी अस्पतालमा भएको थियो। 'सात महिना पूर्ण रूपमा आराम गर्न चिकित्सकले सल्लाह दिएका छन्,' ३४ वर्षीय दीपकले भने, 'यो अवधिमा शारीरिक अभ्यास नगर्नु भनेका छन्। त्यसैले एसियाली खेलकुदमा सहभागी नहुने निर्णय गरेको हुँ।'

नेपाली चिकित्सक डा.अजय राणा तथा डा.दीपक महराले पनि डा. चनिनको सल्लाह मान्नु राम्रो हुने बताएपछि दीपकले गत शनिबार चीनको यात्रा नगर्ने निर्णय लिएका थिए। शल्यक्रिया गरेर उनको घुँडामा एन्टेरियर क्रुसेट लिगामेन्ट (एसीएल) राखिएको छ। घुँडाको अगाडिको भागको पटेला टेन्डन वोन काटेर आर्टिफिसियल लिगामेन्टको रूपमा शल्यक्रियाबाट डा.चनिनले लिगामेन्ट अभाव परिपूर्ति गर्ने प्रयास गरेका छन्। दैनिक दुई घन्टा फिजियोथेरापी गराइरहेका दीपक अहिले सामान्य फिटनेस ट्रेनिङ मात्र गरिरहेका छन्।

थाई चिकित्सक चनिन स्पोर्टस् स्पेसलिस्ट हुन्। डा.चनिनले नै नवौं साग-२००४ पछि दीपकको दायाँ घुँडाको पनि शल्यक्रिया गरेका थिए। दायाँ घुँडामा देखिएको ठीक उस्तै समस्या उनको बायाँ घुँडामा पनि देखिएको हो। डा.चनिनले ६ बर्षअघि पनि शल्यक्रिया गरेर आर्टिफिसियल लिगामेन्ट राखिदिएका थिए। त्यस बेला दीपकले पूरै ६ महिना आराम गर्नुपरेको थियो। तेक्वान्दोमा किक र फुट-स्टेप महत्त्वपूर्ण रहेकाले खुट्टाको प्रयोग अत्याधिक हुन्छ।

'पूर्ण रूपमा स्वस्थ नभई खेल्नु राम्रो होइन,' एरेनाका निक्कै चतुर खेलाडी दीपकले भने, 'फिट नभएका खेलाडीले कुनैपनि प्रतियोगितामा मेडल जित्न सक्दैन। म अहिले शारीरिक र मानसिक दुवै रूपमा खेल्न सक्ने स्थितिमा छैन। त्यसैले एसियाड नखेल्ने निर्णय गरेको हुँ।' अघिल्ला दुई एसियाडमा लगातार कांस्य जितेकाले पनि उनीबाट गवान्जाउमा नेपालले पदक आशा गरेको थियो। 'समर्थकहरूसँग म यसपल्टका लागि माफी माग्न चाहन्छु,' दीपकले बताए।

'पूर्ण रूपमा स्वस्थ भएको भए मेडल जित्ने लक्ष्यसहित एसियाडको तयारी गरिरहेको हुन्थे,' ब्ल्याक बेल्ट पाँचौं डान दीपकले भने, 'खेलाडी जीवनमा अन्तिमपल्ट एसियाली खेलकुद खेल्ने सम्भावनासँगै लगातार तेस्रोपल्ट पदक जित्ने लक्ष्य पनि अधुरै रह्यो।' अहिलेसम्म उनले संन्यासको सोच भने बनाएका छैनन्। दीपक भन्छन्, 'राष्ट्रका लागि खेल्ने इच्छा अझै पूरा भएको छैन। खुट्टा पूर्ण फिट भएपछि खेलकमा फर्कनेछु। शरीर र स्वास्थ्यले सकेसम्म देशका लागि खेलिरहनेछु।'

पन्ध्र वर्ष लामो खेल जीवनमा दीपकले तीनपल्ट एसियाली प्रतियोगिता खेलिसकेका छन्। बैंकक एसियाड-१९९८ मा क्वाटरफाइनलबाटै घर फर्किए पनि उनले २००२ को वुसान र २००६ को दोहा एसियाडमा कास्यपदक चुमेका थिए। छनोट चरण पार गरेर ओलम्पिक खेल्ने उनी दोस्रा नेपाली हुन्। एसियाली छनोटमा 'बेस्ट फाइटर' हुदै उनले बेइजिङ ओलम्पिक-२००८ मा नेपालको प्रतिनिधित्व गरेका थिए।

सागमा लगातार चार स्वर्ण जित्ने उनी पहिलो र अहिलेसम्मकै एकमात्र नेपाली खेलाडी हुन्। दीपकले काठमाडौं (१९९७), इस्लामावाद (२००४), कोलम्बो (२००६) र ढाका (२०१०) मा स्वर्णपदक चुमेका थिए। यो उपलब्धिले उनलाई नेपाली खेलकुद इतिहासकै सर्वाधिक सफल खेलाडीका रूपमा उभ्याएको छ।

सन् १९९७ मा हङकङमा सम्पन्न वर्ल्ड तेक्वान्दो च्याम्पियनसिपबाट अन्तर्राष्ट्रिय खेलकुदमा डेब्यू गरेयता उनले २६ वटा प्रतियोगिता खेलेका छन्। दीपकलाई हराउने सबै विदेशी खेलाडीले फाइनल खेलेका छन्। धनगढी तेक्वान्दो डोजाङबाट वि.सं.२०५२ मा तेक्वान्दो यात्रा प्रारम्भ गरेका दीपक आफू सहभागी भएका ६ वटै राष्ट्रिय प्रतियोगितामा अपराजित छन्।

# गुमेको राम्रो अवसर



मध्यएसियाली यू-१८ बास्केटबल छनोट खेल्न भारतको बैंगलोर जानुअघि प्रशिक्षक विपेन्द्र महर्जनले भनेका थिए, 'हाम्रो उद्देश्य नेपाली बास्केटबल कहाँ छ भनेर जाँच्ने हो। त्यसका लागि हामीले कडा मेहनत गर्नुपर्नेछ।' यू-१८ उमेर समूहमा नेपाल पहिलोपल्ट खेलिरहेको थियो, नेपालका लागि चुनौती र उत्साह दुवै थियो।

पछिल्लो समय नेपाली खेलकुदमा बास्केटल सर्वाधिक सक्रिय खेल हो। बास्केटबल एकपछि अर्को प्रतियोगिता भैरहेका छन्, त्यस अर्थमा प्रतियोगिता कम्तीमा दक्षिण एसियामा नेपाली बास्केटबलको स्तर जाँच्ने अवसर थियो र त्यसमा नेपाली खेलाडी चुके। पहिलो अनुभव गुमेको राम्रो अवसरका रूपमा रह्यो।

नेपाल जितको नजिक पुगेर पनि त्यसलाई आत्मसात् गर्न असफल रह्यो। भारत दक्षिण एसियाली बास्केटबलमा राम्रो मानिन्छ, कम्तीमा नेपालले श्रीलंका र बंगलादेशविरुद्ध जित निकाल्न सक्नु पर्ने थियो। 'श्रीलंकाविरुद्ध हामी जितकै सँघारमा थियौं', सहायक प्रशिक्षक विकास राईले भने, 'हामीले कम्तीमा त्यो खेल जित्नैपर्ने थियो।'

नेपालको भारतविरुद्धको हार स्वाभाविक थियो भने बंगलादेशविरुद्धको पराजय सर्वाधिक बिर्सनलायक। 'खेलाडीबीच टिम समन्वयको ठूलो अभाव देखियो र त्यसको चर्को मूल्य पनि बेहोर्नुपर्‍यो। हाम्रा खेलाडीहरू पहिलोपल्ट यस प्रकारको छनौटमा सहभागी भैरहेका थिए, त्यसैले अनुभवको पनि कमी देखियो।'

नेपालले पहिलो खेलमा भारतको सामान गरेको थियो र त्यसलाई ८०-५० ले गुमायो। त्यो हार धेरै अर्थमा उत्साहजनक थियो, किनभने शक्तिशाली भारतीय खेलाडीलाई नेपालले कुनै पनि अवसरमा सहज रूपमा खेल्ने अवसर दिएन्। पहिलो क्वाटर भारतले २२-१७ ले मात्र जित्न सक्यो, दोस्रो र तेस्रो भारतको पक्षमा क्रमश: १७-९ र २६-११ रह्यो।

चौथो क्वाटरमा नेपालले फेरि राम्रो खेल्यो र त्यसलाई १५-१३ ले मात्र गुमायो। श्रीलंकाविरुद्ध नेपाल तीन क्वाटरसम्म अगाडि रहेर पनि अन्तत: खेल गुमाउन बाध्य भयो। त्यो खेल श्रीलंकाको पक्षमा ६७-५४ रह्यो। सुरुवाती तीन क्वाटरमा नेपालले १३-१४, १९-१६ र १७-१४ को प्रदर्शन गरेको थियो।

त्यो स्थितिमा नेपाल ४९-४४ ले अगाडि थियो, तर अन्तिम क्वाटर अविश्वसनीय रूपमा २३-५ मा टुङ्गियो। उक्त क्वाटरमा अम्पायरको निर्णयप्रति नेपालको गुनासो पनि रह्यो। 'अम्पायरले एकपक्षीय निर्णय गरे', प्रशिक्षक विपेन्द्रले दावी गरे, 'सही निर्णय भएनन, त्यसैले हाम्रा खेलाडी मानसिक दबाबमा परे।'

पहिलो खेल गुमाएर छनोटको सम्भावना कमजोर भएको नेपालले दोस्रो खेलमा पनि हार बेहोरेपछि त्यसको सम्भावना समाप्त भएको थियो। नेपालको अन्तिम खेल वास्तवमै बिर्सनलायक रह्यो। बंगलादेशले पनि यसअघिका दुई खेल गुमाएको अर्थमा त्यो प्रतिष्ठाको लडाइँ थियो।

बंगलादेशविरुद्ध नेपाल ६२-३३ ले पछाडि रह्यो। पहिलो क्वाटरमा १९-९ को फराकिलो अग्रता लिएपछि बंगलादेशले कहिल्यै पछाडि फर्कनुपरेन। कम स्कोर भएको दोस्रो क्वाटरमा पनि नेपाल ६-११ ले पछि पर्‍यो। तेस्रोमा नेपालले फेरि ६ स्कोर मात्र जोड्न सक्यो भने बंगलादेशले १८ स्कोर गर्‍यो। अन्तिम दस मिनेटको खेल भने संघर्षपूर्ण रह्यो। त्यसमा बंगलादेश १४-१२ ले अगाडि रह्यो।

# बार्सिलोना र इन्टरनाजिओनल सर्वोत्कृष्ट



स्पेनको बार्सिलोना र इटालीको इन्टरनाजिओनल क्लबले यो वर्षको सर्वोत्कृष्ट क्लबको स्थान हात पारेका छन्। फिफाले मान्यता दिएको इन्टरनेसनल फेडेरेसन अफ फुटबल हिस्ट्री एन्ड स्ट्याटिस्टिक्स (इफ्स) ले जारी गरेको तथ्यांकअनुसार बार्सिलोना र इन्टरनाजिओनलले समान २ सय ९७ अंक ल्याएर शीर्ष स्थान हात पारेका हुन्।

इफ्सले गत वर्षको अगस्ट १ तारिख देखि यो वर्षको जुलाई ३० तारिखसम्म विभिन्न क्लबले गरेको प्रतिस्पर्धाको विश्लेषण गरेर शीर्ष वरियता निकालेको हो। वरियताक्रमअनुसार जर्मनीको ब्रायन म्युनिख २ सय ५७ अंक ल्याएर तेस्रो र जर्मनीकै वेडर ब्रेमेनले चौथो स्थान हात पारेका छन्। वेडरको जत्तिकै समान २ सय ३६ अंक ल्याएर इटालीको रोमा र इंग्ल्यान्डको चेल्सी क्लबले पनि चौथो स्थान ओगट्न सफल भएका छन्।

यो वरियताक्रममा स्पेनको एट्लेटिको मेड्रिडले २ सय ३१ अंक ल्याएर सातौं, फ्रान्सको लियोन क्लबले २ सय ३० अंक ल्याएर आठौं, इंग्ल्यान्डको फुलह्यामले २ सय २४ अंक ल्याएर नवौं तथा म्यानचेस्टर युनाईटेडले २ सय १७ अंक ल्याएर दसौं स्थान हात पारेका छन्।

वरियता क्रममा महादेशको हिसाबले हेर्दा शीर्ष १० स्थानमा युरोपको वर्चस्व रहे पनि दक्षिण अमेरिकी महादेशका तर्फबाट अर्जेन्टिनाको इस्टुडियान्टिसले २ सय १५ अंक ल्याएर १२ औं स्थान हासिल गरेको छ भने ब्राजिलको क्रुजेरो क्लब २८ औं स्थानमा छ। दक्षिण कोरियाको फोहाङ स्टिलर क्लबले एसियाका तर्फबाट शीर्ष स्थान हात पार्दै विश्वको शीर्ष वरियताक्रममा ७७ औं स्थानमा छ। अफ्रिकाका तर्फबाट कंगोको माजेम्बी लुबुमबासी क्लबले शीर्ष स्थान हात पारे पनि विश्वको शिर्ष वरियताक्रममा ८१ औं स्थानमा छ।

क्लबहरूको वरियताक्रम सन् १९९१ देखि इफ्सले प्रकाशित गर्दै आए पनि यसलाई वैज्ञानिकीकरण भने सन् २००७ देखि गर्न थालिएको हो। सन् १९९१ मा पहिलो पटक प्रकाशित गर्दा इटालीको रोमा क्लबले शीर्ष स्थान हात पारे पनि इटालीको जुभेन्ट्स, मिलान, इंग्ल्यान्डको लिभरपुल, म्यानचेस्टर युनाइटेड, स्पेनको सेभिला र बार्सिलोना क्लबले मात्र दुई पटक शीर्ष क्लबको उपाधि हात पारेका छन्।

इफ्ले निकालेको वैज्ञानिकीकरण अनुसार युरोपमा आयोजना हुने च्याम्पियन्स लिगमा खेल्ने क्लबले जितेमा १४, बराबरमा रहेमा ७ अंक हात पार्छन् भने युरोपा लिगमा भने जितमा १२ र बराबरीमा ६ अंक हासिल गर्छन्। यसैगरी दक्षिण अमेरिकामा आयोजना हुने कोपा लिबरटाडोरमा जिते १४ र बराबरी गरे ७ अंक र सोही महादेशमा आयोजना हुने कोपा सुडाअमेरिकानामा जितेमा १२ र बराबरी गरेमा ६ अंक हात पार्छन्। अफ्रिकामा आयोजना हुने च्याम्पियन्स लिगमा जिते ९ र बराबरी गरे ४ दशमलव ५ अंक र सोही महादेशमा आयोजना हुने कन्फडेरेसन कपमा जिते ७ र बराबरीमा समाप्त गरे ३ दशमलव ५ अंक हात पार्छन्। एसियाली महादेशमा आयोजना हुने च्याम्पियन्स लिगमा जिते ९, बराबरी भएका ४ दशमलव ५ अंक र एफसी कपमा जितेमा ७ र बराबरीमा समाप्त गरेमा ३ दशमलव ५ अंक हासिल गर्ने नियम छ। फिफा क्लब वर्ल्ड कपमा जिते १४ र बराबरी गरे ७ अंक हात पार्छन्। यही अंकलाई आधार बनाएर क्लबहरूले पाएको सफलता अनुसार वरियताक्रम निर्धारण हुन्छ।







# बालबालिकाको क्याटवाक

**साप्ताहिक समाचार**

त्यसो त मोडलहरूको क्याटवाक नयाँ-नयाँ फैसन शैलीलाई आकर्षक ढंगबाट बजारीकरण गर्नका लागि नै हुन्छ, तथापि कतिपय गतिविधिले सामाजिक क्रियाकलापमा पनि योगदान दिने गरेको छ। यसै क्रममा गत शुक्रबार कालिकास्थानस्थित अमृत भोगमा सामाजिक कामका लागि रकम संकलन गर्ने उद्देश्यले एउटा ऱ्याम्प शो सम्पन्न भयो। विगत आठ वर्षदेखि गौशालामा सञ्चालन हुँदै आएको निःशुल्क होमियो क्लिनिकका लागि रकम संकलन गर्ने उद्देश्यले जैन महिला मण्डलले उक्त ऱ्याम्प शोको आयोजना गरेको थियो। उक्त शोमा ५ देखि १६ वर्ष उमेर समूहका फुच्चाफुच्चीदेखि टिनएजरहरूले क्याटवाक गरेका थिए।

विभिन्न ६ राउन्डमा सञ्चालन गरिएको उक्त फेसन प्रदर्शनीमा मनसुन मौसमका लागि उपयुक्त पहिरनको बाहुल्यता थियो। फेसन शोमा क्याटवाक गर्नेहरूबीचको उक्त प्रतिस्पर्धामा ५ देखि १० वर्ष उमेर समूहबाट डेजी धारेवा विजेता छनोट भए भने फस्ट रनर्सअपमा आदित्य मालु र खुसी गोयलबीच टाई भएको थियो। उक्त उमेर समूहमा डुति दुगड सेकेन्ड रनर्सअप भइन्। यसैगरी १० देखि १६ वर्ष उमेर समूहका सहभागिमा भने सृष्टि जैन र राहुल कोठारीवीच टाइ भएपछि दुवै विजेता छनोट भए। उक्त उमेर समूहमा विनय जैन फस्ट रनर्सअप तथा निखिल पारेख सेकेन्ड रनर अप छानिए। ४८ जना सहभागीले क्याटवाक गरेको उक्त ऱ्याम्प शोका सहभागीहरूको मूल्यांकन पूर्व मिस टिन खुश्बु ओली तथा वर्तमान मिस टिन श्रेया पौडेलले गरेका थिए।

# सोमबार मिस युनिभर्स









**साप्ताहिक समाचार**

यतिखेर विश्वका ८३ जना सुन्दरी अमेरिकाको नेभाडा राज्यस्थित लास भेगास सहरको मन्डला बे रिसोर्ट एन्ड क्यासिनोमा जम्मा भएका छन्। सुन्दरीहरूको यो जमघटले लास भेगासको वातावरण उल्लासमय बनेको छ। आउादो सोमबार २३ अगस्टमा मन्डला बे इभेन्ट्स सेन्टरमा सञ्चालन हुने ब्रह्माण्ड सुन्दरी अर्थात् मिस युनिभर्सको ५९औं संस्करण सम्पन्न हुँदैछ। ब्रेट माइकल्स तथा नटाली मोरल्सले संयुक्त रूपमा सञ्चालन गर्ने उक्त प्रतियोगितालाई टेलिभिजनमार्फत प्रत्यक्ष प्रसारण गर्ने अधिकार एनबीसी एवं टेलिमुन्डे नामक टेलिभिजन संस्थाहरूले पाएका छन्। यस पटकको संस्करणमा भारतका तर्फबाट उशोसी सेनगुप्ताको सहभागिता छ। गत वर्षकी विजेता भनेजुएलाकी स्टेफनिया फर्नेन्डेजले ५९ औं मिस युनिभर्सकी विजेतालाई ताज पहिऱ्याउनेछिन्।


Language & Computer
Software, Hardware and Networking
Language: Special & package Programs
English, Japanese, French, German, Korean, Hibrew, Chinese, Spanish, Italian.
TOEFL / IELTS / VISA/JOB INTERVIEW PRE. CLASSES
Computer Curses: Basic, Office, Web, Graphics, Programming Accounting Package
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

कक्षा ११ मा भर्ना खुल्यो
संचालित कार्यक्रमहरू
+२ : व्यवस्थापन, मानविकी, शिक्षा
स्नातक : वि.बि.एस., वि.ए., वि.एड.
मास्टर लेभल : एम.एड
(अंग्रेजी र ई.पि.एम.) केहि सिटमा
भर्ना खुला गरिएको छ।
सत्र : बिहानी र बेलुकी
विषयहरू :
Mass Comm., Comp. Science, Travel & Tourism, Hotel Management, Sociology, Math, English.
रेन्बो इन्टरनेशनल कलेज
डल्लु, छाउनी, काठमाडौ, फोन : ४२७८१६९, ४२८०८४२

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
ल्यापटप, रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर Guarantee
एसी/फ्रिज, प्लम्बर लोडसेडिङ नो प्रोब्लम
हाउसवायरिङ
मोटरवाईण्डिङ
१४ वर्ष पुरानो
Job को लागि सहयोग
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

फोटोग्राफी भिडियोग्राफी
फोटो/भिडियो एडिटिङ
फोटो/भिडियो प्रत्रकारिता
फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साफा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, 4216291

Job oriented
COMPUTER
Basic Course
Graphic Designing
Web Designing
Diploma Courses
Free Web Site With Gauranted Online Job Guidance
ENGLISH Language
Focused on Spoken
Small Size class
Free Books,CDs & VCDs
Regular materials
Getway
Educational Consultancy P. Ltd
Ph: 4239719, 4241870

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १४ बर्षदेखि देशभर १३ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
* * * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन्।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५७२१४४, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८, बागलुङ्ग ०६८-५२२७१०



Worldwide Valid Certificate
होटल तालिम
१००% रोजगार ग्यारेन्टीका साथ
छैठौं वर्ष पुगेको अवसरमा विशेष छुट।
कुक १ १/२ महिना रू. ३०००/-
कुक ३ महिना रू. ४०००/-
वेटर र बारमेन रू. १३००/-
१. थप तालिमको लागि 5 Star होटलमा पठाइने।
२. 5 Star होटलका सेफद्वारा तालिम दिइने।
३. तालिम पछि दुबई, बहराईन पठाउन परामर्श दिने।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
बसुन्धरा चौकी अगाडि रिङ्गरोड संगै
Ph:016212336

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाईनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर, वारमेन, क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि।
*5 Star होटलका प्रशिक्षक बाट तालिम।
*बिदेश जानेहरुको लागि स्पेशल कोर्ष।
*Ex-practical को लागि होटलहरुमा पठाईने।
सक्षम नभएमा पुन: कक्षा गराएर सक्षम बनाईने।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) सँगै
फोन: 01-4384548

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/ Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
☎ 4621098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै

होटल तथा पर्यटन तालिम



* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
✆4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।